नेपालमा स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?

विज्ञहरुबीचको अन्तर्क्रियाको रिपोर्ट


# मूल्याङ्कन


रु १५।-
रतमा भा रु १२।-)

विचार अन्तर्क्रियामुखी मासिक


पूर्णांक ४१,
असोज २०५३


- ✡ नेहरुले कार्लमार्क्सको मूल्यांकन कस्तो गरेका छन ?
- ✡ के मार्क्सवादीहरूले सुधारका काममा हात हाल्नु मिल्छ ?
- ✡ गायक नारायण गोपाल: गोविन्द भट्ट र खगेन्द्र संग्रौलाका आँखामा
- ✡ मंगल ग्रहमा जीव भएको ताजा आशंका
- ✡ क. निर्मल लामा अचेल के सोचिरहनुभएको छ ?
- ✡ किन ह्रास आइरहेछ हाम्रो अध्ययनशीलतामा ?
- ✡ पेरू, मेक्सिको र भारतका कम्युनिष्ट गतिविधिहरू
- ✡ यस वर्षका गाईजात्रे कार्यक्रमहरू कस्ता थिए ?
- ✱ साथमा, अन्य प्रेरक, रोचक र सामयिक प्रसंगहरू सहित ।





## महाकाली-सन्धि:

## एमालेको अग्नि-परीक्षा !



# के भारतले मेची पनि निल्न खोजेको हो ?



# सचेत निर्माताहरु
## हिमाल टोरस्टीलमा नै विश्वास गर्दछन्


नेपालका महत्वपूर्ण निर्माणहरू जस्तै **विशाल बजार भवन, एभरेष्ट होटेल, संचयकोष भवन, कर्णालि पूल, कुलेखानि बाँध, नयाँ बागमति पूल** आदिमा **हिमाल टोरस्टील** नै प्रयोग गरिएको छ ।

### किनकी:

√ **हिमाल टोरस्टील** अन्तर्राष्ट्रिय प्रविधि एवं कडा गुणात्मक नियन्त्रणमा नेपालमा उत्पादित पहिलो छड हो ।

√ कंक्रीट संग अत्यधिक मेल खाने गरि बनाइएका **हिमाल टोरस्टील**का रिब्स (धर्का) हरूले निर्माणको मजवुतीको ग्यारेन्टी प्रदान गर्दछन् ।

√ **हिमाल टोरस्टील** निश्चित तौल र मोटाइमा उपलब्ध भएकोले लगानिको पूर्ण सदुपयोग हुन जान्छ ।



**हिमाल टोरस्टील**


*हिमालले सुरक्षित घर बनाउँछ।*

**हिमाल आयरन एण्ड स्टील (प्रा.) लि.**
ज्योति भवन, कान्तिपथ, काठमाडौं
फोन नं.: २२६५३०, २२५४९०

ADCORES/RS 248700



# Kathmandu Maida Mills Pvt. Ltd.
## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ४१
२०५३, असोज



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९, ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## यसभित्र

स्थलगत अध्ययनपछि लेखिएको मेची सीमा विवाद सम्बन्धी विस्तृत रिपोर्ट

# के भारतले मेची पनि निल्न खोजेको हो ?

नेकपा (मसाल), नेकपा एकता केन्द्र, नेपाल कम्युनिष्ट लिग, नेकपा संयुक्तको प्रतिक्रिया

⇨ सरकारले गल्ती सच्याएन भने झापामा बिस्फोटक स्थिति हुन सक्छ !

*झापाका नेकपा एमाले सांसद क. पुष्प पोखरेलसंग अन्तर्वार्ता*

# महाकाली सन्धि: एमालेको अग्निपरीक्षा !

*के के दोषहरू छन्, यो सन्धिमा ?*
*यो सन्धि किन पास गरिनु हुन्न ?*

❑ जलस्रोतविद् दीपक ज्ञवालीको लेख र नेकपा एमालेका नेता सी.पी. मैनालीसंगको अन्तर्वार्ता

# नेपालको स्वास्थ्य सेवा क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेको छ ?

स्वास्थ्य क्षेत्रका विषयविज्ञहरू डा. शरद वन्त, डा. सरोज धिताल र डा. केदार बरालबीच भएको प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट


**घटना र प्रवृत्ति**
मेची सीमा अतिक्रमण र महाकाली सन्धिको विरोधमा संघर्ष ४०
बेलायती जनता राजतन्त्र निर्मूल गर्ने पक्षमा ४०
मेक्सिकोमा नयाँ वामपन्थी छापामार समूहको उदय ४०
भारतमा आम नरसंहार ४०
पैतृक सम्पत्तिको समान हक ४१
महाकाली सन्धि किन पास गरिनु हुन्न ? ४
-सी.पी. मैनालीको प्रतिक्रिया ५

**आवरण कथा**
के भारतले मेची पनि निल्न खोजेको हो ? ६

**अन्तर्क्रिया**
नेपालको स्वास्थ्य सेवा क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेको छ ? २०

**नीति / संस्कृति**
हाम्रो अध्ययनशीलतामा किन ह्रास आइरहेछ ? *-मोदनाथ प्रश्रित, निनु चापागाईं र पाण्डवराज कार्कीका अनुभवहरू सहित* -चन्द्रदेव नेपाली ३२

**विश्व कम्युनिष्ट आन्दोलन**
पेरूमा साइनिङ्ग पाथले फेरि आक्रमण गर्‍यो ? ११
आपसी संघर्ष गरिरहेका भारतीय वामपन्थीहरूबीच युद्ध विराम -राजेन्द्र महर्जन १३

**विज्ञान / प्रविधि**
मंगल ग्रहमा जीवनको संकेत ! *-तुल्सीदास महर्जन* ३४

**पर्दा / रंगमंच**
यस वर्षका गाइजात्रे हास्यव्यंग्य कार्यक्रमहरू कस्ता थिए ? -हरिगोविन्द लुईंटेल ३७

**दर्शन / दिग्दर्श**
के मार्क्सवादीहरूले सुधारका कामहरू गर्नु हुन्छ ? -प्रज्ञानरत्न २६

**साहित्य**
कवि अनिल पौडेलका दुई कविताहरू ३६
भारतीय प्रगतिशील साहित्यकार अमृत रायको मृत्यु ३६

**पाठकको कुरो** ४२

**हाम्रो मूल्याङ्कन** ४

**नयाँ स्तम्भहरु**

**संघर्षका गाथा**
नेहरूको आँखामा कार्लमार्क्स (मार्क्सको जीवनको मूल्यांकन) १४

**अचेल**
क. निर्मल लामा के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ ? १८

**सौन्दर्य**
गायक नारायण गोपाललाई कस्तो कलाकार मान्नु हुन्छ ? -गोविन्द भट्ट र खगेन्द्र संग्रौलाका विचारहरू २८

**प्रेरक प्रसंग**
अमेरिकाको नागरिक अधिकार आन्दोलनकी आमाको कथा १७

*साथमा, रोचक प्रसंग, के तपाईलाई थाहा छ ? आदि*



आवरण चित्र: महाकाली सन्धि प्रतिरोध आन्दोलन २०२५ को पुस्तिका "महाकाली सन्धि:राष्ट्रघाती सन्धि" बाट साभार, फोटोमा: सजमोका नेता अमिक सेरचन र नेकपा (मसाल)का प्रवक्ता दिनानाथ शर्मा मसाल जुलुसको नेतृत्व गर्दै/ फोटो: उषा तिवारी,/आवरण कला: आइडियल डिजाइनर्स, बागबजार, भित्री पृष्ठका चित्रहरु: लक्ष्मण भूजेल, जि.डि. सारु, यति आर्ट, पुतलीसडक/ कम्प्युटर सेटिङ्ग: सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर, पुतलीसडक/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार

हाम्रो मूल्यांकन

# महाकाली सन्धिः अझै एमालेको अग्नि परीक्षाकै रुपमा छ !

ढिलै भए पनि एमालेले एकीकृत महाकाली विकास सन्धि संबन्धमा भारत र नेपाल सरकारसित पाँच वटा मुख्य सवालमा सुधारका निम्ति लिखित बचन प्राप्त गरेर मात्र सन्धि अनुमोदन गर्ने निर्णय गरेको छ । महाकाली लगायत अन्य क्षेत्रका सीमा समस्याको वैज्ञानिक समाधान हुनु पर्ने, दार्चुलाको नेपाली भूभागबाट भारतीय सैनिक चौकी हट्नु पर्ने, तराई क्षेत्रको सिंचाइ समस्या समाधान गर्नेतर्फ नेपालले चाल्ने कदमप्रति भारतीय सहयोग प्राप्त हुनु पर्ने, महाकालीको सीमा नदीको हैसियत किटान हुनु पर्ने र विद्युत खरीद तथा पानीमाथिको अधिकार जस्ता विभिन्न महत्वपूर्ण विषयहरुमा श्री ५ को सरकार र भारत सरकारको तर्फबाट लिखित बचनवद्धता प्राप्त हुनु पर्ने । यिनै पाँच वटा मुख्य विषय हुन्, जसमा सुधार गर्ने लिखित ग्यारेण्टी एमालेले खोजेको छ ।

हाम्रो ठम्याइमा यी पाँच वटै विषयमा सन्धिमा सुधार हुनु पहिलेको तुलनामा राम्रो कुरा हो । अझ त्यसमा सुधार हुने ग्यारेण्टी लिखित रुपमा माग गर्नु झन् राम्रो कुरा हो । तर यी अडानहरु एमाले कार्यदलले दिएकै सुझाव अनुसार पनि अझै पर्याप्त र स्पष्ट छैनन् ।

सरकारले संसदमा छिट्टै यस सन्धिबारे अन्तिम निर्णय गरिसक्ने कार्यक्रम राखेको छ । र, व्यक्तिगत रुपमा अध्यक्ष मनमोहन अधिकारीले यो कार्यक्रमलाई पछि सार्न आग्रह गरे पनि एमालेले आधिकारिक रुपमा भने त्यस्तो आग्रह गरेको देखिएको छैन ।

यसले आम जनसमुदायमा व्यापक शंका पैदा गरेको छ । कतै लटरपटर तालको लिखित आश्वासनकै भरमा केही दिनभित्रैमा नै सन्धि अनुमोदन भइहाल्ने त होइन ? नत्र भने दुई चार दिनको अवधिमा सुधारका सारा लिखित ग्यारेन्टीहरु प्राप्त भइसक्नु बिलकुलै संभव देखिन्न । एमालेको सुधारको माग र सरकारको संसदमा हतार हतार तुरुन्तै सन्धि पास गर्ने कार्यक्रमका बीचमा निकै ठूलो विरोधाभाष देखिन्छ । एमालेले साँच्चै नै सन्धिमा रहेका आधारभूत गल्तीहरु सच्याउन चाहेको हो भने- किन उसले सरकारलाई प्रष्टसंग भन्न सक्दैन कि- सरकारले यही अधिवेशनबाट सन्धि अनुमोदन गर्ने कार्यक्रम रद्द गर्नुपर्छ भनेर ? किन ऊ भन्न सक्तैन कि गंभीर राष्ट्रिय गृहकार्य र बहस पछि सन्धिमा निकै ठूलो परिमार्जन नगरीकन यसलाई संसदमा छलफलको निमित पेश गर्नुको कुनै उपादेयता छैन भनेर ? किन ऊ आफै पनि सन्धि चाँडै पास गर्न सरकार जत्तिकै हतारिरहेछ ?

एउटा गंभीर महाभूल त उसले गत वर्ष गंभीर गृहकार्य नगरिकनै हतार हतार राष्ट्रिय सहमति कायम गर्नमै गरिसकेको छ । न परियोजना कस्तो हो थाहा छ, न त्यसका राष्ट्रिय दायित्व र जोखिमहरु नै । न यसमा लाग्ने खर्च र त्यो खर्च व्यहोर्ने स्रोत थाहा छ, न खर्च व्यहोरेवापत् त्यसबाट राष्ट्रलाई हुने फाइदा नै । न निक्लिने विजुली कुन मोलमा निक्लन्छ भन्ने थाहा छ, न त्यो कुन मोलमा भारतले किन्नेछ भन्ने नै । यीमध्ये कुनै एउटा सवालबारे पनि नेपालसंग भरपर्दो, बस्तुगत र प्रारंभिक सूचना नै नभइकन "राष्ट्रिय सहमति"मा हतार हतार ल्याप्चे ठोक्नु हुन्नथ्यो । अहिले जे जसरी राष्ट्रिय सहमतिमा सही गर्ने विभिन्न पार्टीका नेताहरु असहमतिका वक्तव्य दिंदैछन्, जसरी अध्ययन कार्यदल गठन भयो, त्यसले प्रतिवेदन पेश गऱ्यो र सन्धिमा सुधार नगरी यो पास गर्नु नहुने टुंगो लाग्यो, यसले छर्लंगै देखाएको छ- हचुवामै गरिएको त्यतिखेरको त्यो "राष्ट्रिय सहमति" कति अपरिपक्व, नक्कली र तथाकथित थियो ।

त्यही समस्या अहिले पनि यथावत छ । महाकाली परियोजनाका बारेमा हामीसित अहिले पनि विस्तृत परियोजना प्रतिवेदन (DPR) छैन । त्यो नभई तुलनात्मक राष्ट्रिय फाइदाको लागि सन्धिमा के के शर्त हुनु पर्ने हो, के के नहुनु पर्नु पर्ने हो भन्ने कुरा नै थाहा हुँदैन । तर एमाले भने DPR बिना नै सन्धि अनुमोदन गर्न बेहद् हतारिरहेछ । आखिर यस्तो हतारो किन भइरहेछ ?

हामीलाई लागेको छ- सत्तालिप्सा र सत्तामा टिक्नका लागि विदेशी शक्तिलाई मुख्य आधार मन्ने चिन्तन नै यो हतारोको मुख्य कारण हो । नत्र भने, बरु देश र जनता भड्खालोमा गए जाओस्, तर विदेशीहरुलाई हामीले हतारोमा र हचुवामा दिएको वचन चाहिं खेर नजाओस् भन्ने धारणा हामीमा कसरी आउँछ ?

पोहोर "राष्ट्रिय सहमति"ताका भएका महाभूलहरु अप्रत्यक्ष रुपमा सच्याउने प्रयत्न अहिले शुरु हुँदैछ, त्यो राम्रो कुरा हो । तर त्यतिखेरका भूललाई सार्वजनिक रुपमा स्वीकार्ने कार्य चाहिं अहिले पनि भएको देखिन्न । अहिले पनि "हाम्रो पार्टी दिइसकेको बचनबाट पटक्कै नडग्ने" खालका भनाइहरु बारम्बार शीर्षस्थ नेताहरुबाटै व्यक्त हुँदैछन् । देश र जनताप्रति पार्टीले दिएका बचनहरु खेर गए पनि हुने, तर केही पार्टी-नेताले यथार्थको गहिराइमा नै नपुगी होचपोचमै विदेशी नेताहरुलाई दिएका वचन चाहिं खेर जान नै नहुने, यो कस्तो प्रतिवद्धता हो ?

हामीले प्रष्ट हुनु पर्ने आधारभूत सवाल के हो भने- हामीले सत्तामा जाने र टिक्ने कुरामा कसलाई मुख्य आधार बनाउने- यो देशका जनतालाई कि विदेशीहरुलाई ? कुन विश्वसनीयता हाम्रो लागि ठूलो हो- देश र जनताप्रतिको कि, स्वार्थको च्याँखे थापेर बसेका विदेशी "मित्रहरु"को ? पूरै देश र जनताले हामीलाई जब अविश्वास गर्छन र राष्ट्रघाती ठान्छन्, के स्वार्थका सम्बन्ध भएका कुनै विदेशी मित्रले त्यतिखेर हामीलाई सत्तामा राख्न र टिकाउन सक्छन् ? के हामी त्यतिखेर वल्लो घाट न पल्लो तिरको हुनेछैनौं ?

सन्धि पास गर्न हतारिएका नेताहरुले के कुरामा प्रष्ट हुनु जरुरी छ भने, उनीहरुलाई जुन कुराले सरकारसम्म पुऱ्यायो र नेपालको सबैभन्दा ठूलो पार्टी बनायो- त्यो जनमुखी र देशभक्तिमुखी राजनीतिले हो । उनीहरुलाई फेरि पनि त्यसैले मात्र सत्तामा पुऱ्याउन र टिकाउनु संभव छ ।

अहिले अमेरिका र बेलायतसमेत महाकालीलाई अदुमोदन गराउन खुलेआम रुपमा लागिपरिरहेछन् । ऋणमार्फत् आफ्ना शर्तहरु थोपर्ने साम्राज्यवादी स्वार्थले गर्दा नै उनीहरु सबै अहिले महाकाली सन्धि अनुमोदन गराउन एक भएका छन् ।

तर नेपालको लागि महाकाली संझौता न त हाम्रो अहिलेको राष्ट्रिय प्राथमिकता हो, न भारतको प्राथमिकतालाई पूरा गर्न हामीले अहिले नै लोभिनु पर्ने बस्तुगत आधार नै भारतीय शासक वर्गले हामी समक्ष प्रस्तुत गरेको छ । हो, हाम्रा प्राथमिकताहरुमा भारत संवेदनशील भएर देखा पर्छ भने हामीले पनि उसको प्राथमिकतामा सद्भाव देखाउन सक्छौं । के अहिले त्यस्तो संवेदनशीलता र सद्भाव भारतले देखाएको छ र ? भारतले त अहिले महाकालीमा 'औंलो दिंदा डुँडुल्लो निल्ने' प्रवृत्ति पो देखाइरहेको देखिन्छ । अनि हामी मात्रै एकतर्फी सद्भाव देखाउन किन यति धेरै हतारिएका छौं ?

त्यसैले अहिले र यिनै शर्तमा कुनै पनि हालतमा महाकाली संझौता संसदबाट अनुमोदन गरिनु हुन्न । यसबारे अहिले हामीले गर्नु पर्ने काम भनेको यसबारे गंभीर र भरपर्दो गृहकार्य पूरा गर्नु हो । त्यति गरेपछि भारतले आफ्नो राष्ट्रिय प्राथमिकताको निम्ति यो थालनी गर्न प्रस्ताव गर्छ भने हामीले पनि आफ्नो राष्ट्रिय प्राथमिकता पूरा गर्न भारतलाई प्रस्ताव गर्न सक्नु पर्छ ।

यति गर्न हाम्रा देशका पार्टीहरु सक्छन् कि सक्दैनन् ? यो ठूलो चुनौतीको विषय हो । एमालेको लागि त यो अझ अग्निपरीक्षाको विषय हो- किनकि यो सन्धि पास गर्नु नगर्नु अहिले एमालेकै हातमा छ । ❑

# के के छन् दोषहरु महाकाली सन्धिमा ?

-दीपक ज्ञवाली

जल विद्युत इंजिनियर तथा स्रोत अर्थशास्त्री

पहिलो कुरो, त एकीकृत महाकाली विकास सन्धि भनेर यो सन्धिको नाम नै गलत दिइएको छ । यसमा संपूर्ण महाकाली क्षेत्र (Mahakali river basin) लाई ओगट्ने गरी क्षेत्रगत दृष्टिकोण (basin approach) अप्नाएको भान पार्न खोजिएको छ । क्षेत्रगत दृष्टिकोण (basin approach) आफैंमा त एकदमै सही र वैज्ञानिक दृष्टिकोण हो । तर त्यो अनुरूप महाकाली नदीमा चाहिं कामै भएको छैन । महाकाली क्षेत्रमा पंचेश्वर योजनाले परिकल्पना गरेको मूल हाँगाबाहेक थुप्रै ठूला साना हाँगाबिँगाहरू छन् । त्यसमा सिंचाई र विजुलीका के कस्ता संभावनारू छन् ? शायद पंचेश्वरभन्दा तिनीहरू सस्ता र राम्रा आयोजना हुन् कि ? शायद तिनीहरूबाट नेपाल र भारत दुवैलाई बेसी फाइदा हुने हो कि ? यी प्रश्नहरूबारे गहिरिएर र वैज्ञानिक तवरले खोजबिन नै गरिएको छैन अहिलेसम्म । कुनै गंभीर गृहकार्य नै भएको छैन यी सवालमा । उत्तिकै हचुवामां 'एकीकृत महाकाली विकास सन्धि' गर्न पुगिएको छ । त्यसैले सन्धिको शीर्षक र एकीकृत महाकाली विकास सन्धि गर्न अप्नाइएको तरीका वैज्ञानिक तवरले हेर्दा दोषपूर्ण छ । यो वास्तवमा पंचेश्वर परियोजना मात्र हो ।

दोस्रो ठूलो गडबडी, यो सन्धि गर्नको लागि तयार गरिएको भनिएको "राष्ट्रिय सहमति" मा देखिएको छ ।

यो "राष्ट्रिय सहमति" वास्तवमा तथाकथित राष्ट्रिय सहमति मात्र रहेछ भनेर अहिले छर्लङ्ग हुन आएको छ । खालि ६ जना मानिसहरूले प्रणव मुखर्जी 'हेडसर' आउने हुनु भो भनेर हतार-हतार तयार गरेको यो "राष्ट्रिय सहिमति" मा अरू थुप्रै पार्टीहरूको सहमति रहेनछ भन्ने कुरा त देखिएको छ, सही गर्ने नेताका पार्टीभित्रै पनि सहमति बनिसकेको रहेनछ भन्ने कुरा अहिले कांग्रेस, एमाले, राप्रपा भित्रका नेताहरूका वक्तव्य हेर्दा

**किन यो सन्धि संसदबाट पारित गरिनु हुन्न ?**


छर्लङ्ग भएको छ। एकीकृत महाकाली सन्धि व्यापक, दीर्घकालीन र गंभीर प्रकारको राष्ट्रिय मुद्दा हो। यस्तो मुद्दामा हाटहुटे र नक्कली प्रकारको राष्ट्रिय सहमतिले काम चल्दैन। यसमा वास्तविक अर्थमै राष्ट्रिय सहमति कायम गर्नुपर्छ।

राष्ट्रिय सहमति तीन पार्टीका ६ नेताबीच मात्र भएर पुग्दैन, देशमा विद्यमान र क्रियाशील अन्य साना-ठूला पार्टीलाई पनि सहमतिको घेराभित्र ल्याउन सक्नु पर्छ। यो सन्धिमा यही कुरो हुन सकेको छैन, जुन यसको ठूलो दोष हो।

यो सन्धिको मुख्य दोष के हो भने, यो कस्तो परियोजना हो? यसको आकार प्रकार कस्तो हुन्छ? यसबाट देशलाई के फाइदा?- त्यो नै स्पष्ट छैन, तर हामी सन्धि अनुमोदन गर्न हतारिइसक्यौं। अर्थात्, तपाई त्यस्तो अभियान थाल्दै हुनुहुन्छ, जसको न सिङ थाहा छ, न पुच्छर थाहा छ। भारत यसैलाई दुई हजार मेगावाटको प्रोजेक्ट भन्छ, हामी ६४८० मेगावाटको भन्दैछौं। ऊ यसमा २७० मिटरको ड्याम बन्छ भन्दैछ, हामी ३१५ मिटरको विश्वको दोस्रो ठूलो ड्याम बन्ने कुरा गर्दैछौं। हामी 'यो पीक समयमा सबैभन्दा महँगोमा विजुली बेच्न सकिने परियोजना हो' भन्दैछौं, भारत 'सबैभन्दा सस्तोखाले चौबीसै घण्टा बेस लोडमा चल्ने दुई हजार मेगावाट विजुली आउने परियोजना' भन्दैछ। भारत भन्दैछ- 'यसबाट भारतलाई सिंचाईमा कुनै फाइदा छैन, किनकि भारतले सिंचाइमा गर्नुपर्ने जति विकास गरिसक्यो।' मन्त्री पशुपति शमशेर "काठमाडौं पोष्ट"मा लेख्दै भन्नुहुन्छ- 'यसबाट भारतलाई सिंचाईमा काफी फाइदा छ र लाभको अनुपातमा खर्च पनि भारतले दुई तिहाई व्यहोर्दैछ' भनेर। वास्तवमा हो के? अखबारमा हैन, सन्धिका धारणाहरूमा यी सवालहरूको प्रष्ट जवाफ हुनु पर्‍यो। वैज्ञानिक तवरले यी कुराहरूको टुंगो हुनु पर्‍यो। यो सन्धिमा यही टुंगो भइसकेको छैन। त्यसैले यो सन्धिमा गंभीर वैज्ञानिक समस्याहरू छन्। मेरो प्रश्न के हो भने, परियोजना नै कस्तो हो?, हाम्रो अभिभारा र जोखिम कस्ता छन् भन्ने थाहा नपाई हामी किन सन्धि स्वीकृत गर्न हाम्फालिरहेछौं?

परियोजना कस्तो हो भन्ने थाहा पाउनलाई पहिलो कुरा त हामीसंग DPR हुनुपर्‍यो (DPR अर्थात्

(बाँकी ३९ पेजमा)




नेपालको पश्चिमी सीमा क्षेत्र, जहाँ टिंकर भन्ने स्थानमा भारतले आफ्नो सैनिक ब्यारेक स्थापना गरेको छ।



# यत्तिकै अनुमोदन गर्‍यौं भने जनताले यसलाई राष्ट्रघात सम्झने छन्!

क सी पी मैनाली

अहिले एकीकृत महाकाली विकास सन्धि सम्बन्धमा कुरा गर्ने हो भने, नदीको सीमाना र सिरान नै विवादास्पद छ। यसमा स्पष्टता छैन। हाम्रो जमीनको क्षेत्र भारतीय पक्षले उपभोग गरिरहेको छ। यो समस्यालाई नै पहिला समाधान नगरी यो एकीकृत परियोजनामा सही गर्नु भारतीय पक्षले गरेको जमीनको उपभोगलाई स्वीकार्नु हुन्छ। यो गर्नु कदापि हुँदैन।

यो समस्या पहिलेदेखि नै रहेको रहेछ। तर सन्धिमा हस्ताक्षर गर्नुभन्दा पहिले यो कुरा गम्भीरताका साथ उठेको थिएन। र, यसरी समस्या उजागर पनि भएको थिएन। अहिले यो कुरा गम्भीर रुपमा उठेको छ। यो महाकाली सन्धिलाई अनुमोदन गर्ने कि नगर्ने भनेर छलफल गर्नको लागि पूर्वाधार हो।

दोस्रो कुरा, महाकाली एकीकृत विकास सन्धिको अध्ययन गर्दा यस सन्धिमा नै पनि कैयौं समस्या देखापर्‍यो। पहिलो कुरा त, प्याकेज समाधानको स्प्रीट अनुसार यो सन्धि देखिन्न। प्याकेज समाधानको स्प्रिट के थियो भने, टनकपुर परियोजनाबाट नेपालले थोरै पानी लिए तापनि समग्रतामा महाकाली नदीको पानी भारतको र नेपालको भागमा आधा आधा हुनपर्छ। तर अहिलेको सन्धिले दुई भाग पानी भारतको र एक भाग नेपालको हुने र उपभोगको हिसाबले जाने हो भने कमसेकमम ७५/८० प्रतिशत भारतको र २०/२५ प्रतिशत नेपालको हुने पारेको छ।

दोस्रो कुरा, पचास पचास प्रतिशत गरेर भागबण्डा गर्दा पञ्चेश्वरबाट आउने २८ हजार क्युसेक पानी हुन्छ। भनाईको तात्पर्य, नेपालको लागि १४ हजार क्युसेक र भारतको लागि १४ हजार क्युसेक पानी हुन्छ। यसैभित्र अहिले भारतले प्रयोग गरिरहेको शारदा ब्यारेजको ९ हजार क्युसेक पानी पनि पर्नुपर्छ, जुन उसको अग्राधिकार भनेर भनिरहेको छ। अर्को कुरा, हामीले १४ हजार क्युसेक सबै पानी उपभोग गर्न सक्दैनौं। ५ हजार क्युसेक पानी मात्र हामीले उपभोग गर्न सक्छौं। यो बढी भएको पानीका बारेमा यो सन्धिले यो बढी भएको पानीको उत्पादनमा लगानी भारतले गर्ने र उसले सित्तैमा खाने भन्ने कुरा छ। यो बडो हानिकारक कुरा हो। यस्तो हुनुहुन्न। यस्तै भएकोले नै हामी कोशी गण्डकीमा ठगियौं भन्ने कुरा उठेको हो। ठीक छ, हाम्रो बढी भएको पानीमा भारतले लगानी गर्छ भने गरोस्, केही छैन, तर त्यो लगानी फिर्ता भइसकेपछि त्यसको रोयल्टी हामीले पाउनु पर्छ। यो सन्धिमा यो सिद्धान्तको कुरा छैन। यसमा त नेपाललाई बढी भएको पानी सित्तैमा भारतले खाए खाओस् भन्ने सिद्धान्त स्थापित भएको छ। यो निकै खतरनाक कुरा भयो। सन्धिमा यो सच्याइनु जरुरी छ।

तेस्रो कुरा, यो सन्धिमा नेपालले भारतलाई बिजुली बेच्ने कुरा उल्लेख छ। तर भारले बिजुली किन्ने र नेपालबाट कतिमा बिजुली किन्ने भन्ने कुरा उल्लेख छैन। बिजुली बेच्नु र बजार खोज्नु हाम्रो बाध्यता हो। पछि एकमात्र ग्राहक भारतले हाम्रो बिजुली यो मोलमा किन्दै किन्दैनौं भनेर भन्यो भने हामीले कसलाई बिजुली बेच्ने? त्यो स्थितिमा पनि नेपालको लगानी सुरक्षाको ग्यारेन्टी त चाहियो नि! सन्धिमा यो कुरा छैन र यो कुरा पर्नै पर्छ।

अर्को कुरा, आन्तरिक खपतकै हिसाबले पनि यो महाकाली योजना हाम्रो प्राथमिकताभित्र पर्दैन। पानीकै हिसाबले हेर्ने हो भने २८ हजार क्युसेक पानी निक्लने योजनाबाट ५ हजार क्युसेक पानीमात्र प्रयोग गर्न सक्ने नेपाललाई किन यति ठूलो महंगो योजनाको आवश्यकता पर्‍यो? त्यस्तै, बिजुलीको कुरा गर्दा पनि हामी अहिले साँढे दुई सय मेघावाटले काम चलाउँदैछौं, यद्यपि यो कम भएको छ। १५ वर्षपछि हाम्रो माग बढीमा डेढ हजार मेघावाट होला। यस योजनाबाट साँढे तीनहजार मेघावाट हाम्रो भागमा पर्ला। त्यतिबेला हामीसंग साँढे दुई हजार मेघावाट बढी हुन्छ। यो बिजुलीको खपत कहाँ गर्ने? व्यापार नै गर्ने हो भने पनि यसको मूल्य तय हुने र भारतले किन्ने ग्यारेन्टी हुने कुरा लेखिन बाँकी नै छ।

हाम्रो प्राथमिकतामा नपरेको परियोजनामा हामीले सन्धि गर्नु भनेको भारतप्रति हामीले सद्भाव देखाएर सन्धि गर्नु हो। तर सद्भाव त दोहोरो हुनुपर्‍यो। हामी भारतीय प्राथमिकतामा सद्भाव देखाउँछौं भने भारतले पनि हाम्रो प्राथमिकतामा सद्भाव देखाउनु पर्‍यो।

यी सबै समस्याहरु समाधान नगरिकन हामीले महाकाली सन्धिलाई अनुमोदन गर्‍यौं भने जनताले यसलाई राष्ट्रघात सम्झने छन्, देशको स्वार्थ विक्रीबट्टा भएको देख्नेछन्। ❑

२०५२

# के भारतले मेची पनि निल्न खोजेको हो ?

**स्थलगत भ्रमणपछि गिरीराजमणि पोखरेल**

चैत्रमा झापाका प्र.जि.अ. वीरेन्द्रकुमार सिंहको नेतृत्वमा एउटा टोली सीमावर्ती किसनगंजमा गई नयाँ सीमाङ्कन गर्ने कागजमा हस्ताक्षर गरी फर्कियो । त्यही सम्झौतापछि २०५३ वैशाख र जेठ महीनाभरी झापाको बाहुनडाँगीदेखि पाठामारीसम्म नयाँ सीमा स्तम्भहरू गाडिए । झण्डै २ महीनासम्म सीमाङ्कनको प्रक्रिया चले पनि, भद्रपुरको पद्मोदय माध्यमिक विद्यालय अगाडि अर्थात् मेचीवारि १०१/३ नं. को सीमा स्तम्भमाथि झापाली जनताको ध्यान असारको पहिलो हप्तामा पऱ्यो । भयो के भने, जंगे स्तम्भको नामले प्रचलित पहिलेको सीमा स्तम्भ (BP1) देखि करीब ३ हजार फीट पश्चिमतिर नयाँ स्तम्भ गाडियो । मेचीपारि १२० नं. को सीमा स्तम्भदेखि वारि गाडिएको १०१/३ नं. को स्तम्भसम्म आइपुग्दा मेची नदी भारततिर पारिएको घटनाले स्थानीय जनतालाई निकै आक्रोशित पाऱ्यो । जनता स्वस्फूर्त रूपमा नयाँ सीमाङ्कनको विरोधमा उत्रिए । पत्रपत्रिकाले विरोधलाई साथ दिए । भद्रपुर नगरपालिकाले "जंगे स्तम्भ कायम होस्" भन्ने माग गर्दै एक मतले सरकारी निर्णयको विरोध गऱ्यो ।

जनताको विरोधबाट त्रस्त प्र.जि.अ.ले नयाँ सीमा स्तम्भलाई संकेत स्तम्भ (Reference Pillar) भनेर झूठ बोले । जनताले पत्याएनन् । विरोध जारी रह्यो । अन्ततः सीमा अतिक्रमणका विरूद्ध साउनको पहिलो हप्तामा संसदमा कुरा उठेपछि मात्र मेची सीमा-विवाद राष्ट्रिय महत्वको विषय बन्न पुग्यो ।

## पहिले भारतले मुख फोऱ्यो

जनस्तरबाट सीमा अतिक्रमण भयो भनेर धेरै कुरा उठिसक्दा पनि देउवा सरकारले प्रारम्भमा बिषयवस्तु स्पष्ट पार्ने काम गरेन । सांसदहरूले र निजी क्षेत्रका अखबारले पेश गरेका तथ्यहरूलाई "गलत" र "कुमनसाययुक्त" भनी सर्वप्रथम भारतीय राजदूतावासले साउन १० गते विरोध वक्तव्य दियो ।

दूतावासको वक्तव्यमा "भद्रपुर क्षेत्रका सीमा रेखालाई युक्तिसंगतीकरण (Rationalisation) गरेपछि यो क्षेत्रको सीमा भारततिर सरेको छ, यसको परिणामस्वरूप भारतले नै केही भूभाग गुमाएको छ" भनिएको छ । नेपालको भूमि अतिक्रमण भएको तथ्यलाई छोपछाप गर्न भारतले नै केही भूभाग गुमाएको हो भन्ने दूतावासको यस वक्तव्यले देशभक्त नेपालीहरूलाई अझ आक्रोशित पाऱ्यो । अझ सीमालाई "युक्तिसंगतीकरण" गर्ने भन्ने कुराले त ठूलो आशंका पैदा गऱ्यो । सीमाको रेखाङ्कन हुन्छ, सीमाङ्कन हुन्छ, तर यसको "युक्तिसंगतीकरण" कसरी हुन्छ ? सीमालाई "युक्तिसंगतीकरण" गर्ने नाममा नेपाली भूमिमा अतिक्रमण गर्ने भारतीय शासक वर्गको मनसायविरूद्ध संसद भित्र र बाहिर चर्कोसंग आवाज उठ्यो । भद्रपुर नगरपालिकाले साउन ११ गते श्वेतपत्र जारी गऱ्यो । राष्ट्रिय जनतान्त्रिक मोर्चाले भाद्र २८ गते नेपाल बन्द गर्ने कार्यक्रमको घोषणा गऱ्यो । अखिल पाँचौंले सरकार र भारतीय राजदूतलाई विरोध पत्र दियो ।



महेशपुर गाविस वार्ड नं. ४ स्थित भैसावारी र पाठामारीको सीमाना मेचीपारी अवस्थित नं. ४ पिलर, जुन पृथ्वीनगर चौकीले हेर्ने गरेको छ ।



नं. १ पिलर


> जनताको विरोधबाट त्रस्त प्र.जि.अ.ले नयाँ सीमा स्तम्भलाई संकेत स्तम्भ भनेर झूठ बोले

दिनहुँ सीमा अतिक्रमणको विरोध हुन थालेपछि परराष्ट्रमन्त्री प्रकाशचन्द्र लोहनीले साउन २० गते पहिलो चोटि संसदमा श्वेतपत्र जारी गरी सरकारी धारणा बाहिर ल्याए । यो वक्तव्यले लोहनी र भारतीय राजदूतलाई व्यक्ति अलग अलग भए पनि बोलीमा भने एकै ठाउँमा उभ्यायो ।

## सरकार र दूतावासको एउटै बोली

लोहनीले जारी गरेको श्वेत पत्रमा मुख्य रूपले दुई वटा कुरा छन् । पहिलो, मेची नदीले धार परिवर्तन गरिरहने हुनाले सीमा स्थिर गर्न सन् १९८८ अर्थात् २०४५ सालमा नेपाल र भारत सरकारबीच नदी क्षेत्रमा सीमाङ्कन गर्ने समझदारी भयो । त्यही समझदारी अनुसार १८७४ मा बृटिश इण्डियाले तयार पारेको मेची नदीको नक्शालाई आधार मानी अहिलेको सीमा स्तम्भ बनाउने निर्णय गरिएको हो । दोस्रो, मेची नदी नेपालको सीमा भएपछि बृटिश-इण्डिया सरकारले मेची पारी आफ्नो सीमावर्ती स्थितिलाई इंगित गर्न संकेत स्तम्भ (Reference Pillar) बनायो । तर नेपालपट्टि भने बनेको थिएन । लोहनीले यो क्रममा १८७४ र १९९२ को नदीको धार फरक भए पनि नेपालको भूभागमा फरक आउने छैन भनेका छन् । लोहनीको श्वेतपत्रले पहिलेको सरकारले गरेका कतिपय निर्णयको पोल खोले पनि भारतीय दूतावासको बोलीमा लोली मिलाउँदा नेपालको इतिहासलाई भने नराम्ररी तोडमरोड गरेका छन् ।

परराष्ट्रमन्त्री लोहनी र भारतीय दूतावास दुवैले मेचीको सीमाङ्कन गर्ने





फोटो: जन एकता

**महेशपुर गाविस- ३, ग्वाला बस्तीको मेची खोला पारी भारतको खटखटिया छेउमा अवस्थित नं. ३ पिलर**

क्रममा स्थिर सीमाको सिद्धान्त (fixed boundary principle) अप्नाएको दावी गरेका छन्।

सीमा स्थिरताका खास खास ऐतिहासिक अवस्था हुन्छन्। दुई देशबीचको युद्ध, अथवा गृहयुद्धपछिको भूमि विभाजनको अवस्थामा सीमा स्थिर गर्नु पर्ने हुन आउँछ। नेपाल भारत दुवै अहिले त्यस्तो अवस्थाबाट गुज्रिरहेका छैनन्। सुगौली सन्धि सन् १८१६ मा सम्पन्न भएपछि र नयाँ मुलुक सन्धि सन् १८६० मा सम्पन्न भएपछि नेपालको पूर्व-पश्चिम र दक्षिणको सीमा स्थिर भइसकेको छ। त्यसमा परिवर्तन गर्नु पर्ने कुनै आवश्यकता देखिँदैन। खोलाले धार परिवर्तन गरेको अथवा दशगजा क्षेत्र विचलित भएको ठाउँमा सीमालाई अध्यावधिक (update) र व्यवस्थित गर्नु आवश्यक छ। तर स्थिर भइसकेको सीमालाई फेरि स्थिर गर्नु कुनै आवश्यक छैन। तर मेचीमा भने सीमालाई स्थिर गर्ने नाउँमा पहिले स्थिर भएको सीमालाई मिच्ने काम भएको छ। जनआक्रोश उर्लनुको मुख्य कारणै यही हो।

सीमालाई अध्यावधिक र व्यवस्थित पार्ने हो भने, त्यस्तो गर्ने आधार तिनै पुराना सन्धि हुन्। तर अहिले झापामा सीमा अध्यावधिक होइन, नयाँ प्रकारले सीमा स्थिर गर्ने काम भइरहेछ। यो स्थिरताको नाममा धमाधम नेपाली भूभाग भारततिर पारिएको छ। सम्भवत: भारतले यसैलाई सीमाको "युक्तिसंगतीकरण" भनेको हुन पर्छ। यो "युक्तिसंगतीकरण" भित्र भारतको सुनियोजित षड्यन्त्र भएको देखिन्छ। उसले नै बाँडेका नक्शालाई आधार मानी झापामा सीमाङ्कन भइरहेछ। यसबाट कति भूमि भारततिर पर्ने हो, अहिले प्रष्ट भएको छैन। परराष्ट्रमन्त्रीको बयानलाई विश्वास गर्ने हो भने नदीलाई सीमा मानेको सबै ठाउँमा स्थिर सीमाको सिद्धान्त लागू हुन्छ। यसो गर्दा, मेचीको घटनाले थुप्रै ठाउँमा नेपालको भूमि भारतीयकरण हुने पूर्वसंकेत मिलेको छ।

सरकारले आफूले गरेको सीमाङ्कन १९८८ मा मरिचमानको पालामा गरिएको सम्झौतामा आधारित बताएको छ। त्यतिखेर नेपालमा पंचायतको अन्तिम सरकार थियो। कतै पंचायतलाई टिकाउने नाममा उसले दिल्लीसंग त्यतिखेर कुनै राष्ट्रघाती सम्झौता त गरेन? अहिले शंका पैदा भएको छ। त्यो सम्झौता के थियो? सरकारले अहिलेसम्म सार्वजनिक गरेको छैन। त्यसलाई तुरून्तै सार्वजनिक गर्नु जरूरी छ। त्यो सम्झौतालाई सरकारले लुकाउनुले अहिलेको सीमाङ्कन निकै शंकास्पद हुन पुगेको छ।



**संजमोका नेता क. अमिक शेरचन र नेकपा मसालका प्रवक्ता क. दीनानाथ शर्मा मेची सीमा अतिक्रमण र महाकाली सन्धिको विरोधमा आयोजित मसाल जुलुसको नेतृत्व गर्नुहुँदै**

## सरकारी दावी खण्डित हुने प्रमाणहरू

सरकारले भनेको छ- "मेची नदी नेपालको सीमाना भएपछि बृटिस-इण्डियां सरकारले मेची पारी आफ्नो सीमापट्टि सीमाको स्थिति इंगित गर्न संकेत स्तम्भ (Reference pillar) हरू १८१८ मा बनाएको हो। नेपाली सीमापट्टि भने यस्ता संकेत स्तम्भहरू बनाएको छैन।"

जंगे स्तम्भलाई संकेत स्तम्भ ठहऱ्याउने कुनै प्रमाण पनि अहिलेसम्म सरकारले पेश गर्न सकेको छैन, स्थलगत भ्रमणबाट पनि त्यस्तो प्रमाण कहीं कतै भेटिएको छैन। तर जंगे स्तम्भलाई सीमा स्तम्भ प्रमाणित गर्ने प्रमाणहरू भने थुप्रै भेटिएका छन्।

१२२ वर्षदेखि सीमा स्तम्भ मानिँदै आएको जंगे स्तम्भलाई संकेत स्तम्भ भन्ने सरकारको दावी त्यतिखेर असत्य सावित भयो, जब जंगे स्तम्भभन्दा पूर्वतिर वास्तविक संकेत स्तम्भ भेटियो। झापाको बुद्धिजीवी परिषद्, साप्ताहिक जनएकताको टोली र स्थानीय पत्रकारहरूको जनस्तरीय तथ्य संकलनको क्रममा महेशपुर गाविसको वडा नं. २ को पारीपट्टि निमुगढी नजिक छापा मियाँको घरदेखि करीब ४०० मिटर दक्षिण-पश्चिमपट्टि २ नं. जंगे स्तम्भको संकेत स्तम्भ भेटिएको छ। त्यो स्तम्भमा बकाइदा RP लेखिएको छ। यो स्तम्भको १५० मिटर पश्चिमपट्टि एउटा RP-2 लेखेको स्तम्भ अहिले पनि यथावत रूपमा छ। त्यसको करीब १५० मिटर पश्चिमपट्टि उत्तर-दक्षिण फर्किएको अर्को संकेत स्तम्भ भेटिएको छ। त्यसले दक्षिण-पश्चिमपट्टि सीमा स्तम्भ (Boarder Pillar) भएको स्पष्ट गर्दछ।

राष्ट्रिय जनतान्त्रिक मोर्चाको एक टोलीले सीमा अतिक्रमण भएको क्षेत्र अध्ययन गर्दा गलगलीया भन्ने ठाउँमा रहेको जंगे स्तम्भ नं. १ देखि पश्चिमपट्टि भादगाउँ टोलको काली मन्दिर नजिकै एउटा क्षतविक्षत भएको अर्को संकेत स्तम्भ फेला पारेको छ। नेकपा मसाल समर्थित सांसद नवराज सुवेदीले यो कुराको सूचना संसदमा पनि दिइसक्नु भएको छ।

इतिहास खोतल्दै लाँदा मेची नदीलाई सीमा नदी भन्ने सरकारी तर्क पनि कतै पनि प्रमाणित भएको देखिएन, यद्यपि यसलाई व्यवहारमा सीमा नदी मानिएको छ। पहिलो कुरा त, सुगौली सन्धि (१८१६) र टिटौलीया सन्धि (१८१७) ले मेचीलाई सीमा नदी मानेको छैन। बरू, ती सन्धिले टिष्टादेखि मेचीपारिका

## मेची सीमा अतिक्रमणबारे

*-क. शम्भुराम श्रेष्ठ*
*महासचिव, नेपाली कम्युनिष्ट लीग*

**यसमा हाम्रो धारणाभन्दा पनि सुगौली सन्धिकै कुरा हुन्छ। सुगौली सन्धि अनुसार टिष्टा र मेची नदी बीचको भूभाग नेपालले छोड्नु पर्ने भनिएको छ। त्यसअनुसार मेची नदी सिंगै नेपालमा पर्छ। त्यसैअनुसार सीमा निर्धारणको लागि पिलर गाडिएको थियो, जसलाई अहिले जंगे - पिलर भनिन्छ। जंगे-पिलरको अर्थ जंगबहादुरको पालामा गाडिएको भन्ने होइन। त्यो पिलर मेचीको पूर्वी किनारमा पर्दछ। त्यही पिलरले नेपाल र भारतको बीचमा प्रादेशिक विभाजन गरेको छ। अहिले बीचमा आएर त्यो पिलरलाई नेपालको भूभागतिर सार्नु भनेको त नेपालको प्राकृतिक स्रोत र भू-अखण्डतामाथि हस्तक्षेप गर्नु हो।**

**मूलभूत रुपमा भन्ने हो भने, यो सीमा निर्धारण नेपाल सरकारले नेपालप्रति गरेको सरासर बेइमानी हो र उनीहरुको भारतप्रतिको भक्तिभाव हो। यो उनीहरुको देशद्रोही विचार हो। त्यसको हामीहरुले विरोध गर्नुपर्छ।**

## मेची सीमा विवादबारे

*क. दीनानाथ शर्मा*
*प्रवक्ता- नेकपा (मसाल)*

*दुई देशबीच परम्परागत रूपमा रहेका सीमा स्तम्भहरू भत्किन, टुट्न वा बाढी पहिरोमा परी गायब हुनसक्छन् र तिनलाई पुन: यथास्थानमा साँध सीमा अध्यावधि गर्नुपर्छ। पूर्वनिश्चित सन्धि-सम्झौता नाप-नक्सा भिडाई उच्च प्राविधिक सर्भेका आधारमा दुवै देशका उच्चस्तरीय प्रतिनिधिहरू बसेर सीमा स्तम्भ खडा गरिनु पर्ने अन्तर्राष्ट्रिय परम्परा रहेको प्रष्टै छ।*

*अहिले मेचीमा सीमा स्तम्भहरू हचुवा र मनोमानी किसिमले सारिएको छ।*

*दुई देशबीचको सीमा जस्तो संवेदनशील विषय, जसमा राष्ट्रिय अखण्डता र सार्वभौमिकताको प्रश्न जोडिएको छ, लाई अत्यन्त हलुका र उपरी प्रकारले रातारात सारिनुले मेचीमा हाम्रो सीमा अतिक्रमण भएको छ। भारतीय शासकद्वारा बलमिचाई भएको छ। नेपाली अस्मिता लुटिएको छ। नेपाली शासक निरिह र मूक दर्शक बनेको छ। सुस्ता र महेशपुरमा झैं हाम्रो राष्ट्रिय सार्वभौमिकतामाथि विस्तारवादी हस्तक्षेपको पुनरावृत्ति भएको छ। नेपाली शासकको भारतपरस्त दास - मनोदशा र आत्मसमर्पणवादी चरित्रको नाङ्गो रूप प्रकट भएको छ।*

# अतिक्रमित भूमि फिर्ता गर्न संघर्ष गरौं

-दीपक शर्मा
सचिव, नेकपा (एकता केन्द्र)

मेची सीमाको सम्बन्धमा स्थायी सीमाको आधारमा जुन सीमाङ्कन गर्ने भनिएको छ, र जुन नयाँ सीमा स्तम्भहरु राख्ने काम भएको छ, यसबाट नेपालको भूमिमाथि भारतीय विस्तारवादको प्रत्यक्ष अतिक्रमण भएको छ । यसबाट नेपालका शासकहरुले भारतीय विस्तारवादको सेवा गरेर नेपालको भूमि भारतलाई सुम्पने काम गरिरहेका छन् भन्ने कुरा पनि प्रष्ट भएको छ ।

स्थीर सीमा राख्नुमा हाम्रो विरोध होइन । हामी त के पनि भन्छौं भने, नेपाल र भारतको खुला सीमाको बदला सीमालाई नियमित र नियन्त्रित गर्दै क्रमिक रुपमा सीमालाई पूरा सील नै गर्नुपर्छ । तर अहिले त स्थीर सीमा राख्ने नाममा सीमा नै सार्ने काम भएको छ । पहिले नै सीमा-स्तम्भ गाडी स्थीर सीमा निश्चित गरिएका ठाउँका सीमा-स्तम्भ सार्ने कामलाई 'स्थीर सीमा राख्ने कार्य'का रुपमा प्रस्तुत गर्नु भारतीय विस्तारवादद्वारा नेपाली भूमिमा भएको अतिक्रमणलाई ढाकछोप गर्ने र नेपाली जनतालाई बेबकूफ बनाउने चाल मात्र हो ।

गत कालहरुमा पनि भारतीय विस्तारवादले असमान सन्धि लाद्ने र नेपालको भूभाग मिच्ने काम गर्दै आएको छ । यो पनि त्यसैको निरन्तरता हो भन्ने हामी ठान्दछौं । यो सीमाङ्कन गरेको ठीक छ भन्ने देखाउन अहिले सरकारले १८७४ मा भएको सीमा निर्धारण नक्साको आधारमा यो सीमा स्तम्भ राख्ने काम गरेको हो भनेर भनेको छ । त्यतिबेला नै गरिएको जंगे-स्तम्भलाई अहिले सरकारले संकेत-स्तम्भ (Reference Piller) भन्न थालेको छ । तर अहिले विभिन्न प्रमाणबाट जंगे-स्तम्भ संकेत-स्तम्भ होइन भन्ने कुरा पुष्टि भएको छ । किनभने, पहिलो कुरा त त्यस स्तम्भमा संकेत-स्तम्भ भनेर लेखिएको नै छैन । दोस्रो कुरा, त्यसको पूर्वपट्टि भारतको भूमिमा लेखिएका संकेत स्तम्भहरु फेला पारिसकिएको छ । यसबाट के प्रष्ट भएको छ भने, जंगे स्तम्भ नै सीमा-स्तम्भ हो, संकेत - स्तम्भ होइन ।

१८७४ को सीमा नक्साकै कुरा गर्ने हो भने पनि, र १८७४ कै नक्सा अनुसार अहिले सीमा स्तम्भ गाड्ने काम भएको हो भन्नेहरुलाई प्रश्न छ- यो बीचमा जंगे-स्तम्भलाई नै सीमा-स्तम्भ मानेर कसरी व्यवहार चलाइयो ? यदि यो बाहेक अर्को कुनै सीमा-स्तम्भ त्यहाँ थियो भने जंगे-स्तम्भलाई सीमा-स्तम्भ मान्ने सवालै उठ्दैनथ्यो । १२२ वर्षदेखि जसलाई सीमा-स्तम्भ मानेर नेपाली जनताहरुले जग्गा जमीनको भोग चलन गर्दै आएका छन्, त्यसमाथि अहिले आएर अतिक्रमण गर्ने प्रश्न नै उठ्दैन ।

अहिले सरकारले सन् १८७४ को नक्सा भनेर जुन नक्सा पेश गरेको छ, त्यो नक्साको विश्वसनीयतामाथि नै शंका पैदा हुन्छ । अहिलेको नक्सा उर्दूमा लेखिएको छ । त्यतिबेला यो नक्सा तयार भएको भए उर्दूमा लेख्ने कुरै आउँदैनथ्यो । यो अंग्रेजीमै लेखिनुपर्दथ्यो । यसरी पनि, जंगे-स्तम्भ नै सीमा- स्तम्भ हो भन्ने कुरा पुष्टि भएको छ । सरकारले पेश गरेको नक्सामा बर्तमान सीमाङ्कन कार्यबाट जति भूमि नेपालको भारतमा पर्छ, त्योभन्दा बढी भूमि भारतको नेपालमा पर्ने देखाएर भ्रम दिन खोजिएको छ । व्यवहारमा भारतको कुनै पनि भाग नेपालमा आउँदैन । भारतको जुन भाग नेपालमा पर्ने भनेर देखाइएको छ, त्यो त पहिलेदेखि नै नेपालको थियो, जसको निम्ति स्थानीय नेपाली जनताहरुले पहिले नै ठूलो संघर्ष गरिसकेका छन् ।

यस सन्दर्भमा हामी नेपालको सरकारलाई देशको भूमि भारतलाई नसुम्पनको निम्ति र दलाली नगर्नको लागि चेतावनी दिन्छौं र सम्पूर्ण देशभक्त शक्तिहरुलाई एकजूट भएर आफ्नो अतिक्रमित भूमि फिर्ता गराउन र भारतीय विस्तारवादको नेपालको भूमि अतिक्रमण गरेर आफ्नो पार्ने यस षड्यन्त्रविरुद्ध एकजूट भएर संघर्ष गर्न आह्वान गर्दछौं । ❑




भूभागमाथि नेपालले आफ्नो स्वामित्व छाड्नेछ भनेर मेची नदीलाई नेपालको एकलौटी नदी बनाएको देखिन्छ । दोस्रो, १२२ वर्षअघि गाडिएका पूर्वी नेपालका सबै सीमा स्तम्भहरू मेची पारी नै गाडिएको पाइएको छ । सुगौली सन्धिको आधारमा सन् १८१८ मा भीमसेन थापाको पालामा नेपाल र भारतबीच मेचीपारि सीमा स्तम्भहरू गाडिएका छन् । ती स्तम्भहरू अंग्रेजसंगको ठूलो संघर्षमा नेपालले बचाएको भूमिका प्रतीक थिए । ती सीमा स्तम्भलाई १८७४ को नक्शाको आधारमा विशेष प्रकारले अध्यावधिक गर्ने कार्य जंगबहादुरले गरेको देखिन्छ । यही कारणले बोलीचालीमा तिनको नाम जंगे-स्तम्भ रहेको देखिन्छ । १२२ वर्षदेखि यिनै जंगे स्तम्भहरूलाई त्यहाँको जनताले सीमा स्तम्भको रूपमा मान्दै आएका छन् । यी सीमा स्तम्भहरू भद्रपुरपारि गलगलियादेखि दक्षिण-पश्चिम हुँदै मोरङ्ग सुनसरीतर्फ आएको देखिन्छ । झापा जिल्लामा अझै पनि चार वटा जंगे स्तम्भहरू यथावत छन् । त्यो बेलाको हुलाकी बाटोको आधारमा यी जंगे स्तम्भहरू गाडिएका पाइन्छन् । गलगलीया, कुर्मीटोल, भैसालोटीमा रहेका तीन वटा जंगे स्तम्भको फोटो मूल्याङ्कनको यसै अंकमा प्रकाशित छन् ।

जंगे स्तम्भलाई सीमा स्तम्भ प्रमाणित गर्ने सरकारी प्रमाणहरू पनि भेटिएका छन् । २०४२ सालमा तात्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले शिलान्यास गरेको पुलको संरचना बनाउँदा अहिलेको नापी महानिर्देशक पुण्यप्रसाद ओली त्यतिखेर निर्देशक थिए । उनले त्यतिखेर आफैंले बनाएको र सही गरेको नक्शामा जंगे स्तम्भलाई सीमा स्तम्भ भनिएको छ । त्यसको एक वर्षपछि झापाको नापी शाखाले जारी गरेको नक्शाले पनि जंगे स्तम्भलाई सीमा स्तम्भ मानेको छ ।

यसरी जनस्तरको खोजीबाट जंगे स्तम्भलाई सीमा स्तम्भ ठह्र्याउने प्रशस्त सबुतहरू भेटिएका छन् । तर तिनलाई संकेत स्तम्भ ठह्र्याउने एउटै पनि प्रमाण फेला परेको छैन । यो कुरा संसदमा उठिसकेको छ । तर सरकारले अहिलेसम्म यसका बारेमा कुनै स्पष्टीकरण पेश गर्न सकेको छैन । यसबाट सरकारी नियतमाथि झन् ठूलो शंका पैदा भएको छ ।

अहिले सरकारले जुन नक्शालाई आधार मानेर पूर्वमा सीमाङ्कन थालेको छ, त्यो नक्शालाई १८७४ को बृटिस-इण्डिया सरकारले सम्पन्न गरेको नापीका आधारमा तयार भएको नक्शा भनिएको छ । यो नक्शाको सन्दर्भमा विज्ञ इतिहासकारहरूले उठाएका प्रश्नहरूको पनि सरकारले कुनै जवाफ दिन सकेको छैन । प्रश्न के भने, १८७४ को नक्शा यदि बृटिस-इण्डिया सरकारले बनाएको नक्शा हो भने त्यो नक्शा उर्दू भाषामा किन भयो ? त्यो अंग्रेजी भाषामा किन भएन ? अर्को प्रश्न, त्यतिखेरको त्यो नक्शा खालि भारतीय पक्षले मात्र तयार गरेको नक्शा थियो कि त्यसमा नेपालको पनि

मेची पारी गलगलियाको छेउमा दाहिनेतिर जंगे पिलर छ (पिलर इन्सेटमा देखिन्छ)



फोटो: उषा

## मेची सीमा विवादबारे नेकपा (संयुक्त) को दृष्टिकोण

-विष्णुबहादुर मानन्धर
महासचिव, नेकपा (संयुक्त)

मेची सीमा विवाद जस्तो संवेदनशील विषयबारे श्री ५ को सरकारले सार्वजनिक रुपबाट प्रदान गरेको जानकारी स्पष्ट र पर्याप्त नभएको हामी ठान्दछौं । परराष्ट्र मन्त्रीको नेतृत्वमा विभिन्न दलहरुका प्रतिनिधिहरुको टोलीले विवादास्पद ठाउँमा पुगी स्थलगत निरीक्षण र अध्ययन गरेको निचोडबारे पनि कुनै आधिकारिक जानकारी सार्वजनिक रुपबाट गराइएको छैन । अत: हामी माँग गर्दछौं कि- मेची सीमासम्बन्धी सबै तथ्यहरुको जानकारी विस्तारपूर्वक सार्वजनिक रुपले गराइयोस् । सीमा विवाद जस्तो जटील र संवेदनशील विषयको टुङ्गो ऐतिहासिक सन्धिहरु तथा अन्य आधिकारिक दस्तावेजहरुको आधारमा हुनु पर्ने कुराप्रति पनि हामी सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छौं । ❑

सहभागिता वा सहमति थियो ?

केही इतिहासकारहरूले के प्रसंग उल्लेख गरेका छन् भने, त्यतिखेरको नक्शा नेपालको समेत सहमति र सहभागितामा बनाइएको थियो । र, त्यसमा नेपालको तर्फबाट केशव गुरूङ्गले हस्ताक्षर गरेका थिए । स्मरणीय छ, केशव गुरूङ्गलाई नेपालको पहिलो सर्भेयर भनिन्छ । तर अहिले बाँडिएको नक्शामा केशव गुरूङ्गको कुनै हस्ताक्षर देखिँदैन । यो के हो ? यसको जवाफ सरकारले दिनु पर्छ । र, यो दिन नसकुञ्जेल सरकारले अहिले बाँडिरहेको नक्शाको आधिकारिकतामाथि आम जनमानसमा आशंका बनी नै रहनेछ ।

## कति जमीन अतिक्रमण भएको छ ?

हाम्रो स्थलगत भ्रमणमा हामीले के पायौं भने, २०४२ सालमा भद्रपुरको पारीपट्टि पुल बनाउने भनी जुन शिलान्यास भएको थियो, त्यहाँ जंगे स्तम्भलाई सीमा स्तम्भ नं. १ मानेर नै पुल बनाउने योजना बनेको थियो । त्यहाँ अहिले मेची नदी पूरै भारततिर पारिएको छ । नयाँ गाडिएको सीमा स्तम्भ १०१/१-१०१/७ बीचको पूरै भूभाग भारतको भएको छ । भद्रपुर नगरपालिकाको वडा नं. १, २, ३ को जम्मा ७० बिघा जमीन भारतमा परेको छ । भद्रपुरमा मेची नदीको फैलावट पहिले ५०० फीट थियो भने अहिले १००० फीट छ । नदीको फैलावट बढेको सत्य हो । तर नदीको दुवैतिर नेपालकै भाग काटिएको छ । यहाँको बगरको बालुवा र ढुङ्गामाथि शुल्क लाग्ने गरेको थियो र बगरमा तरबुजा खेती लगाएर स्थानीय जनताले जीवन गुजारा गर्ने गरेका थिए । यी सबैमा नयाँ सीमाङ्कनबाट प्रतिकूल असर परेको छ ।

महेशपुर गाविसको वार्ड नं. ३ को झण्डै ३५ बिघा जमीन भारततिर परेको छ । आफ्नो नम्बरी जमीन भारततिर परेको बताउँदै प्रेमप्रसाद अधिकारीले आफ्नो १ बिघा ५ कट्ठा, गोपाल मारवाडीको २० बिघा र अरूणकुमार श्रेष्ठको १.५ बिघा जमीन नयाँ सीमाङ्कनबाट भारततिर परेको जानकारी दिएका छन् ।

महेशपुर गाविस वार्ड नं. २ मेचीपारि परे पनि नेपालको नै बताइएको छ । त्यसको सिरानमा एउटा स्तम्भ गाडिएको छ । र, त्यो भन्दा दक्षिणतिर त्यसलाई पुष्टि गर्ने कुनै स्तम्भ गाडिएको छैन । त्यहाँ करीब १५०० बिघा जमीनको भविष्य अन्यौलपूर्ण रहेको छ । यसबाट ४०० परिवार प्रभावित भएका छन् । यो वार्डमा एउटा प्रा.वि. र एउटा प्रहरी चौकी निर्माणाधीन रहेकोमा सीमा विवाद भएपछि चौकीको भवन बनाउने कार्य स्थगित भएको छ । र, दरबन्दीमा परेका प्रहरीहरू कोही पनि त्यहाँ छैनन् । स्कूल चाहिं अब भारतले चलाउने भयो भन्ने हल्ला छ । यो अन्यौलले त्यहाँको जग्गाको भाऊ भसक्कै घटेको छ ।

महेशपुरमा अन्यौल र अनिश्चितता कायम हुनुमा २८ वर्ष अगाडि घटेको महेशपुर काण्डले काम गरेको देखिन्छ । मेचीले २०२५ सालमा धार परिवर्तन गरी साविक ठाउँबाट ७०० मिटर पश्चिम नेपालभित्र पसेपछि महेशपुरको वार्ड नं. २ पूरै र ३ नं. को केही भाग मेचीपारि पर्‍यो । यही मौका छोपेर पहिलेको खोलाको बगर र त्यस ठाउँदेखि १५० मिटर पश्चिमसम्म भारतीयहरूले अतिक्रमण गरे । आफ्नो जमीन अतिक्रमण भएपछि २०२६ सालमा



रेफरेन्स पिलर नं. २

झापामा ठूलो संघर्ष भयो । स्थानीय आदिवासी राजवंशीहरूलाई भारतीय शासकहरूले किसानगंज जेलमा थुने । देशभित्र राष्ट्रवादी तथा कम्युनिष्ट क्रान्तिकारीहरूको संघर्षको कारणले सरकारले परराष्ट्रमन्त्री स्तरमा भारतसित कुरा गरेपछि बल्ल त्यो भाग फिर्ता भएको थियो । र, थुनिएका राजवंशीहरूलाई छोडिएको थियो । त्यही ठाउँमा अहिले पनि करीब ६० बिघा जमीन भारतीयहरूले कब्जा गरेका छन्, यद्यपि त्यहाँका जनताहरू आफ्नो भूभाग रक्षा गर्न प्रयत्नशील छन् ।

हामीले बुझ्दा, ८० वर्षिय उद्योगपति सुन्दरलाल राजवंशी त मिया वस्ती र नेमुगढीसम्म नेपालको सीमा थियो भन्नुहुन्छ । पंकेरू राजवंशी पुरानो ठाउँबाट अहिले ७०० मिटर पश्चिम ल्याएर सीमा गाडेको बताउनु हुन्छ ।

पाठामारी गाविसको कति भूमि भारततिर पर्ने हो, अहिले टुंगो लागेको



सरकारले वितरण गरिरहेको उर्दू र अंग्रेजीमा लेखिएको विवादास्पद नक्सा

छैन । संयुक्त सीमा टोली सीमाङ्कन गर्न जाँदा त्यहाँ स्थानीय जनताहरूले विवाद उठाएपछि सीमा स्तम्भ गाडिएन । गाड्न खोजेको ठाउँ, पाठामारी-७ बाट पुरानो जंगे स्तम्भ करीब एक किलोमिटर पूर्व भैसालोटीमा पर्छ । त्यहाँ आफूले भोगचलन गर्दै आएको सैयौं बिघा जमीन भारततिर पर्ने भएपछि नयाँ सीमाङ्कनको स्थानीय जनताले विरोध गरेका हुन् । संयुक्त टोलीका नेपाली अमिनहरूले पनि सीमाङ्कन गर्न खोजेको बिन्दुमा आपत्ति जनाएको बुझिएको छ । झापाको नापी गोश्वाराले ती क्षेत्रमा नाप-नक्शा गर्ने कार्य स्थगित गरेको छ । उनीहरूको रवैया हेर्दा त्यो भूभाग अब भारतमा परेको अनुभूति हुन्छ । त्यही बिन्दुमा सीमा गाडिएमा पाठामारीको करीब ५०० बिघा जमीन सिधै भारततिर पर्न जान्छ ।

सरकारले अहिले नयाँ सीमाङ्कनबाट थुप्रै भारतीय जमीन नेपालतिर पर्न आउने र नेपालबाट चाहिं थोरै जमीन मात्र भारततिर पर्न जाने कुरा प्रचारमा ल्याएको छ । यही कुरा देखाउने नक्शा सरकारले व्यापक रूपमा बाँडेको छ । झापामा त त्यो नक्शा हामीले मान्छेको हात-हातमा देख्यौं । हामीले व्यापक रूपमा खोजीहेर्दा भारतको १ इन्च पनि जमीन नयाँ सीमाङ्कनबाट नेपालतिर परेको देखिएन । तर नेपालको भने ५०० बिघा जमीन भारततिर परिसकेको छ । महेशपुर २ र ३ को १५०० बिघा जमीन र पाठामारीको करीब ५०० बिघा जमीन कता पर्ने हो ?- त्यसको भविष्यको कुनै टुंगो छैन । भद्रपुर नजिकको प्रस्तावित पुल बनाउने ठाउँमा मेचीलाई पूरै भारततिर पारिसकिएको छ । यी तथ्यहरूले नेपालको सरकारको दावीलाई बिलकुलै झूठा साबित गरेको छ । भारतीय शासक वर्गले नेपालको जमीन त अतिक्रमण गरेको सरासर देखिएको छ । तर यसमा दोषी ऊ मात्र देखिँदैन, यसमा नेपाल सरकार र प्रशासकहरूको सहमति र मिलेमतो भएको देखिन्छ ।

## सीमा क्षेत्रका जनता के गर्दैछन् ?


अहिले झापामा जनताको आक्रोशको तारो सरकार त भएको छ छ, त्यहाँको प्र.जि.अ.प्रति पनि जनताको आक्रोश निकै देखिन्छ । गएको वैशाखमा प्र.जि.अ.ले सीमाङ्कन सम्बन्धी सहमतिमा हस्ताक्षर गर्न जाँदा त्यसमा जिल्ला विकास समितिको प्रतिनिधिलाई उनले लगेनन् । हस्ताक्षर गर्नुअघि प्र.जि.अ.ले १ घण्टा अघिसम्म भारतीय प्रतिनिधिहरूसंग गोप्य वार्ता गरेको भन्ने आरोप पनि प्र.जि.अ.माथि लागेको छ । नयाँ सीमाङ्कनपछि जनताले प्रश्न गर्दा सीमा स्तम्भलाई संकेत स्तम्भ भनी झूठ बोल्ने काम पनि उनले गरे । नयाँ सीमाङ्कनको विरोध गर्नेहरूलाई दुर्व्यवहार गर्ने काम पनि उनले गरे । फलस्वरूप, प्र.जि.अ.प्रति जनताको आक्रोश बिष्फोट हुन पुग्यो ।

प्र.जि.अ.ले हस्ताक्षर गर्नुअघि पनि पत्रपत्रिकाहरूले यस सम्बन्धी समाचार प्रकाशित गरिसकेका थिए । भद्रपुर नगरपालिकाले फागुनदेखि नै सीमा व्यवस्थित गर्नु पर्ने बारेमा आवाज उठाउँदै आएको थियो । र, सीमाङ्कन भएपछि जनआक्रोशलाई संगठित रूप दिने काम पनि भद्रपुर नगरपालिकाले गरिआएको छ । नेपाली कांग्रेस, राप्रपा, एमाले तथा सद्भावनाका प्रतिनिधिहरू सम्मिलित रहेको नगरपालिका बोर्डले असार २४ गते नयाँ

बाँकी ४१ पेजमा

मेची सीमा विवाद सम्बन्धमा झापाका एमाले सांसद क. पुष्प पोखरेलसंग अन्तर्वार्ता

# सरकारले गल्ती सच्याएन भने झापामा विस्फोटक स्थिति हुन सक्छ



**❑ अहिले मेचीमा नेपालले भारत सरकारसंग मिलेर फेरि सिमाङ्कन गर्दै छ । त्यसमा वास्तवमा के भइराखेको छ ?**

- मेचीमा भीमसेन थापाको पालामा नै सीमा स्तम्भहरू गाडिएका थिए । अहिले 'जंगे पिलर ' भनेर जुन पिलरलाई भनिन्छ, त्यही पिलर नै स्थायी स्तम्भ हो भन्ने कुरा नेपाली र भारतीय जनताहरूले मान्दैआएका छन् र त्यसैको आधारमा जमीनको भोगचलन पनि गर्दै आएका छन् । यसको अर्को आधार भनेको, नेपाल र भारत सरकारले समेत त्यही पिलर नै सीमा स्तम्भ मान्नु हो ।

तर अहिले नयाँ सीमाङ्कनबाट ७००-८०० विघासम्म नेपालको भूभाग भारतमा परेको छ । जुन जग्गामा १२२ वर्षदेखि नेपालीहरूले खेतीपाती गर्दै आएका र मालपोत तिर्दै आएका छन्, अब भारतीयहरूले यो जग्गा हाम्रो भयो, यसमा तिमीहरूको अधिकार छैन भनेर भन्न थालेका छन् । यसपालिदेखि उनीहरूले नेपालीहरूलाई खेतीपाती गर्न दिइरहेका छैनन् । यसमा सरकार स्पष्ट तवरले आउनु पर्ने हो , तर मौन बसिरहेको छ ।

यति मात्र नभएर झापाको चन्द्रगढीमा रहेको वीरेन्द्र माध्यमिक विद्यालयको ३५ विघा जमीन पनि यो नयाँ सीमाङ्कनले गर्दा भारतमा परेको छ । अहिले त्यो जग्गाको कूत स्कूलले पाउन सकेको छैन । यस्तै किसिमले , चन्द्रगढी गा. वि.स.को कालिका टि.-स्टेटको १० विघा जमीन पनि भारतमा परेको छ । अहिले त्यहाँ चिया बगानै छैन । भद्रपुर नगरपालिकाको पूर्व सीमाको रूपमा रहेको मेची अहिले भारतमा बगेको छ । त्यहाँ बालुवा थुपारेर जि.वि.स.ले बेच्ने गरेको थियो , त्यो अहिले बेच्न पाइराखेको छैन । त्यहाँ तरबुजाको खेती गर्ने र नाउको ठेक्का दिने काम हुन्थ्यो । त्यो पनि अहिले भारतले कब्जा गरेको छ ।

१८७४ देखि नै गाडेको जंगे पिलर ,जसलाई नेपाल भारत दुवै थरिले सीमा-स्तम्भ भनेर मान्दै आएका छन् , यदि त्यो सीमा-स्तम्भ नभई संकेत-स्तम्भ हो भने सरकारले विगत १२२ वर्षसम्म त्यो संकेत-स्तम्भ हो भनेर किन भनेन त ?, किन अहिले आएर एक्कासी भन्यो ? त्यो संकेत-स्तम्भ हो र यो सीमा स्तम्भ हो भनेर सीमा स्तम्भ किन गाडिएन त ?

अर्को कुरा, भर्खरै मात्र जंगे पिलरदेखि केही पर भारतको गलगलीयाको केरावारीमा बृटिसको पालामा गाडिएको R.P. लेखिएको फलामको स्तम्भ भेटिएको छ । अर्को, महेशपुरको २ नं. को जंगे पिलरदेखि उता भारतमा एक जना मियाँको घरमा त्यस्तै R.P. लेखिएको पिलर सुरक्षित रहेको छ । यी दुवै स्तम्भहरू संकेत-स्तम्भहरू हुन् र यी स्तम्भले जंगे स्तम्भ स्थायी स्तम्भ हो भनेर पुष्टि गरेका छन् । तर त्यसलाई सुरक्षित गर्न सरकार लागिरहेको छैन । यदि हामी अहिले सचेत भएनौं भने भारतले त्यसलाई उखेलेर फालिदिन सक्छ । त्यसपछि हामीसंग केही प्रमाण हुँदैन ।

**❑ जंगे पिलर नै सीमा स्तम्भ हो भनेर तपाईले जुन कुरा भन्नु भयो, के त्यसको नाप नक्साका प्रमाणहरु पनि भेटिएका छन् ?**

- २०४२ सालमा मेची पुल बनाउने र मेची पारी पनि नेपालकै भूभाग पर्ने भनेर निश्चित गरिएको थियो । त्यतिखेर पुलको नक्सामा नापी विभागका तात्कालीन निर्देशक र वर्तमान महानिर्देशक पुण्यप्रसाद ओलीले सही गरेका छन्, त्यसमा जंगे पिलर सीमा-स्तम्भ हो भनेर देखाइएको छ । यस आधारमा पनि जंगे पिलर सीमा-स्तम्भ नै हो भनेर भन्न सकिन्छ । अन्य नाप नक्सा चाहिं भेटिएका छैनन् । सरकारले सुगौली सन्धिदेखि अहिलेसम्मका सारा नक्सा, नापी, सनद, चिठी पत्र प्रकाशित गर्नु पर्छ । त्यसो भएमा मात्र त्यसमा के छ थाहा पाउन सकिन्छ ।

**❑ झापा नापी शाखाले एउटा नक्सा निकालेको छ रे । त्यसमा के देखाइएको छ ?**

- त्यो नक्सामा पनि स्पष्ट छैन । तर झापाको नक्सा र यहाँ मन्त्री प्रकाशचन्द्र लोहनीले वितरण गरेको नक्सा मिल्दैन । यहाँबाट सर्वदलीय टोली झापामा गएको बेला नापीका विशेषज्ञहरूसंग सोद्धा यो सीमा सम्बन्धी नक्सा हो भनेर टाल्ने मेलो मात्र गरे ।

**❑ यो १८७४ को नक्सा भनेर जुन वितरण गरिएको छ, त्यसको वास्तविकताबारे तपाईले अध्ययन गर्नु भएको छ ?**

- मेरो आफ्नो विचारमा अहिले ७४ को नक्सा भनेर वितरण गरिएको नक्सा सक्कली नक्सा होइन । किनभने ७४ को नक्सा बृटिसको पालामा बनेको थियो । त्यसैले त्यो अंग्रेजी भाषामा हुनु पर्ने, नभए हिन्दी भाषामा हुनु पर्ने । अथवा नेपालको सम्बन्धमा भएको भएर नेपाली भाषासम्ममा त हुनु पर्ने, तर त्यो उर्दूमा छ । त्यो उर्दूमा कसरी भयो ? किन त्यो अंग्रेजीमा भएन ?

अर्को कुरा, भित्री तहबाट बुझ्दा के थाहा पाइयो भने, सिंहदरवार आगलागी हुँदा नेपालमा रहेको सक्कली नक्सा नष्ट भएको थियो । यो कुरा 'र' मार्फत् भारतीयहरूले थाहा पाए र पछि नेपालले नक्सा माग्दा यो नै सक्कली नक्सा हो भनेर उर्दू भाषामा नक्कली नक्सा दिए । हाम्रो सरकारले त्यसैलाई सक्कली नक्सा हो भनेर ढिपी गरिरहेको छ । बृटिसको लाइब्रेरीमा त्यतिखेरको सक्कली नक्सा हुन सक्छ । सरकारले त्यो नक्सा माग्छु भनेको छ, तर त्यो मागेका छैन । त्यहाँबाट त्यो सक्कली नक्सा निकालेपछि मात्र यथार्थ कुरा थाहा हुन्छ । तर भारतले हामीलाई सक्कली नक्सा नदिने संभावना व्यापक छ ।

**❑ सरकारले फिक्स बाउण्डरी सिस्टम अन्तरगत नै अहिले सीमालाई व्यवस्थित गर्न सीमा स्तम्भ गाडेको हो भनेर भनको छ ? के यो ठीक भनाई जस्तो तपाईलाई लाग्छ ?**

- नदीको धार कहिले यता कहिले उता बग्ने भएकोले स्थायी सीमा बनाउनु राम्रो कुरा हो । तर मेचीकै सवालमा भने, स्थायी सीमा-स्तम्भ भनेर जुन स्तम्भ गाडियो, जहाँ जहाँ हाम्रो जमीन भारतमा गएको छ, त्यहाँ त्यहाँ मात्र स्तम्भहरू गाडिएको छ । भारतको गाउँ र जमीन हामीतिर कहाँ आयो, त्यस ठाउँहरूमा भने स्तम्भहरू गाडिएको छैन । हाम्रा नापी विशेषज्ञहरू नयाँ सीमांकनबाट भारतका जग्गाहरू पनि हामीतर आउँछ भनेर भन्छन् । तर कहाँ र कति सय विघा जग्गा हामीतिर आएको छ त ? त्यो कहीं पनि देखिएको छैन । त्यसकारणले स्थायी स्तम्भ गाड्ने नाममा भारतले नेपालको जमीनमाथि अतिक्रमण गरेको छ । यसका विरूद्धमा हामी सबै एक भएर उठेनौं भने भारतले यो हस्तक्षेप महाकालीसम्म गर्नेछ ।

**❑ मेचीका जनता अहिले के गर्दछन् ? नयाँ सीमा स्तम्भबारे उनीहरुको भावना के छ ?**

- त्यहाँ अहिले कांग्रेस, राप्रपा, सदभावना लगायत सबै पार्टीका मानिसहरू संगठित भएर आवाज उठाइरहेका छन् । त्यहाँको नगरपालिकाले सर्वसम्मतिले भारतले गरेको अतिक्रमणको विरोधमा श्वेतपत्र जारी गरेको छ । त्यस्तै नगरपालिकाका वोर्ड लगायत सल्लाहकार सभाका सदस्यहरूले कालो पट्टी बाँधेर भारतले अतिक्रमण गऱ्यो भनेर विरोध प्रदर्शन गर्ने गरिरहेका छन् । त्यहाँ गएर हेर्ने जुनसुकै नेपालीहरू पनि आक्रोशित भएर फर्कन्छन् । त्यहाँ राप्रपाकै मान्छेहरू परराष्ट्रमन्त्री प्रकाशचन्द्रको राजिनामा माग्दैछन् । सरकारले गल्ती सच्याएन भने झापाको स्थिति विष्फोटक हुनसक्छ ।

**❑ अहिले यो समस्या समाधान गर्ने वैज्ञानिक र जनमुखी उपाय के होला ?**

- सबैभन्दा पहिलो, सरकारले सीमा सम्बन्धी पहिलाका सम्पूर्ण दस्तावेजहरू, सक्कली नक्साहरू प्रकाशमा ल्याउनु पर्छ । त्यसको आधारमा भारतका र नेपालका विशेषज्ञहरू बाहेक विदेशका विशेषज्ञहरू समेत राखेर नेपाल र भारत सरकारको बीचमा कुराकानी भएर सीमाको छिनोफानो हुनु पर्दछ । भारतले यस्तै पेलाहा नीति अप्नाएर अगाडि बढ्यो भने यो छिनोफानो हुन सक्दैन । तर दुःखको कुरा, नेपालको सरकार यस कुराप्रति सम्वेदनशील भइरहेको छैन ।

**❑ महाकाली सन्धिका बारेमा चाहिं तपाईको धारणा के छ ?**

- पहिले जुन अन्यायपूर्ण सन्धिको विरूद्धमा त्यति ठूलो विरोध प्रदर्शन गरियो, कैयौं मान्छेहरू घाइते भए, कैयौंको ज्यान गयो, त्यही सन्धि अहिले आएर जस्ताकातस्तै यसै अनुमोदन गर्नु पर्छ, भारतलाई खुशी पारेर हामी बस्नु पर्छ भन्ने हाम्रो धारणा छैन । महाकाली सन्धिमा नेपाल ठगिएको छ । त्यसैले एमालेले यो सन्धिको अनुमोदन गर्नु हुँदैन भन्ने पक्षमा म छु ।

**❑ यदि गऱ्यो भने ?**

-गऱ्यो भने म मात्र हैन्, म बाहेक केही सांसदहरू पनि हुनुहुन्छ, उहाँहरू विरोधमा उत्रनु हुन्छ । पार्टीका धेरै शुभचिन्तक कार्यकर्ताहरू पनि महाकाली सन्धि पास गर्नु भनेको भारतलाई झिलीमिली पार्नु हो र नेपाललाई टाट पल्टाउनु हो भन्ने पक्षमा छन् । यस्तो संवेदनशील राष्ट्रिय मामलामा पार्टीले अनुमोदन गर्नु हुँदैन भन्ने मेरो धारणा छ र पार्टीलाई अनुरोध पनि छ । ❑

**पेरुः साइनिङ्ग पाथद्वारा आक्रमण गरिएका क्षेत्र**




# 'साइनिङ्ग पाथ'ले फेरि डरलाग्दो ढंगले आक्रमण गर्न थाल्यो

ल्याटिन अमेरिकी देश- पेरूमा जनवादी क्रान्ति सम्पन्न गर्न सशस्त्र संघर्ष गरिरहेको **पेरु कम्युनिष्ट पार्टी 'साइनिङ्ग पाथ'**का छापामारहरूले फेरि श्रृंखलाबद्ध ढंगले देशभरि डरलाग्दो आक्रमण गर्न थालेका छन् । **साइनिङ्ग** पाथका छापामारहरूले माथिल्लो हुआलागा उपत्यकाको एउटा शहरमाथि कब्जा जमाउनुका साथै एक जना सैनिक जनरलको घरमा बम बिस्फोट गरेका छन् । यो श्रृखलाबद्ध आक्रमणले प्रतिक्रियावादी फुजिमोरी सरकार र सैनिकहरूबीच भय र आतंकको स्थिति खडा गरेको समाचार छ ।

**अल्बर्टो फुजिमोरी**को प्रतिक्रियावादी सरकारले साइनिङ्ग पाथका अध्यक्ष **क. गोञ्जालो** लगायत केही मुख्य मुख्य नेताहरूको गिरफ्तारी पछि 'साइनिङ्ग पाथको जनयुद्धमाथि १९९५ सम्ममा विजय हासिल गर्ने' दावी गरेको थियो ।

पेरू कम्युनिष्ट पार्टी साइनिङ्ग पाथका संस्थापक तथा त्यस पार्टीको जनयुद्धका नेतृत्वकर्ता क. गोञ्जालो अर्थात् डा. **अबिमायल गुजमान**लाई १२ सेप्टेम्बर, १९९२ मा गिरफ्तार गरिएको थियो ।

क. गोञ्जालोको नेतृत्वमा १९८० देखि अगाडि बढिरहेको पेकपा साइनिङ्गपाथको जनयुद्ध क. गोजालोको गिरफ्तारीपछि केही शिथिल भएको पनि देखिएको थियो । उहाँको गिरफ्तारीभन्दा अगाडिसम्म साइनिङ्ग पाथको १२ वर्ष लामो जनयुद्धले 'रणनैतिक समानताको स्तर'मा अर्थात् सरकारी सेनासंग बराबरीको स्तरमा पुगेको दावी गर्दै पार्टीले अब वार कि पारको रणनैतिक आक्रमण चलाउने निर्णय गरेको थियो ।

त्यही निर्णय अनुरूप पार्टीले सरकारी सेनालाई पूर्णतः परास्त गर्ने उद्देश्य लिएर 'विशाल मात्रामा उच्च प्रशिक्षित छापामार दस्ताहरू निर्माण थर्न थाल्यो । यी दस्ताहरूले अत्यन्त व्यवस्थित र संयोजित ढंगले ठूलो पैमानाका आक्रमणहरू' थाल्दै चलायमान युद्धशैली अप्नाउन पनि थालिसकेको थियो । त्यस्तै, जनयुद्ध गाउँबाट शहरतिर पनि विस्तार गर्ने योजनाअनुरूप पार्टीले शहरिया मजदूर, किसान, विद्यार्थी र बौद्धिकहरूलाई जनयुद्धमा सामेल गराउने, शहरका झुपडपट्टीहरूमा 'जन कमिटीहरू'को शासनलाई अगाडि बढाउने क्रम शुरू गऱ्यो । कतिसम्म भने, पार्टीले राजधानी लिमास्थित राष्ट्रपतिको प्रासादभन्दा ५ कि.मि. मात्रै टाढा रहेको राइकाना झुपडपट्टीमा समेत जनकमिटी स्थापना गर्न सफलता हासिल गरिसकेको थियो ।

साइनिङ्ग पाथको बढ्दो शक्ति र तीव्र आक्रमणबाट भयभीत भएको फुजिमोरी सरकारको गुरू अमेरिकी साम्राज्यवादले १९९० को शुरू महिनातिर अमेरिकी कांग्रेसमा, पेरूमा अमेरिकाले सैनिक हस्तक्षेप गर्ने कि ?- भनेर समेत खुला छलफल गरेको थियो । तर अमेरिकी संसदले फुजिमोरी सरकारलाई नै सम्पूर्ण ढंगले सर-सहयोग र नीति निर्देशन दिने विचार अघि साऱ्यो ।

त्यसकै नीति- निर्देशन अनुरूप राष्ट्रपति फुजिमोरीले आफ्नै देशको संसद र न्यायपालिका विरूद्ध सैनिक विद्रोह गर्ने, विपक्षीहरूमाथि हिटलरी शैलीको दमन गर्ने, जेलमा रहेका साइनिङ्ग पाथ समर्थक बन्दीहरूलाई मार्ने र क. गोञ्जालोलाई गिरफ्तार गर्ने कार्यमा सफलता हासिल गरे । यही सफलताबाट मात्तिएर फुजिमोरीले १९९५ सम्म साइनिङ्ग पाथको जनयुद्धलाई बढार्दै फ्याक्ने घोषणासहित सैनिक अभियान संचालन गरेका थिए ।

फुजिमोरी सरकारका सैनिकहरूले १९९४ देखि जनयुद्धग्रस्त पेरूको मध्य क्षेत्रलाई हुआमाँगा फ्रन्ट, हुआलागा फ्रन्ट र जुनिन फ्रन्टको नाममा तीन भागमा विभाजित गरी आक्रमण अभियान चलाए । यो अभियानको क्रममा आयोकुचो, अपुरिमाक, पास्को, जुनिन, हुआनुको र सान मार्टिन क्षेत्रलाई मुख्य तारो बनाइएको थियो । यसै क्रममा फुजिमोरी सरकारले सेनाका हजारौं हजार जवानहरूलाई लडाकू हेलिकोप्टरहरू सहित परिचालन गऱ्यो ।

यो क्रममा सरकारी सैनिकहरू र छापामारहरूको युद्धभूमिको रूपमा प्रख्यात 'आयाकुचो क्षेत्र'को आयोकुचो शहरमा भीषण आक्रमण- प्रत्याक्रमण भएको थियो । यो शहर कहिले सैनिकहरूको हातमा त, कहिले छापामारहरूको हातमा जाने क्रम जारीरह्यो । मार्च, १९९४ देखि जनरल निकोलस डी बारीको प्रत्यक्ष नेतृत्वमा सरकारी सेनाले इने उपत्यका र हुआन्ता क्षेत्रका गाउँ वस्ती र छापामार क्षेत्रहरूमाथि 'अन्तिम आक्रमण' गऱ्यो । तर अगस्ट महिना पुग्दा नपुग्दै जनरल बारी र अन्य सैनिक उच्च अधिकारहरू बोकेर आक्रमण गरिरहेका दुई वटा हेलिकोप्टरहरू र सैनिकहरूमाथि छापामारहरूको प्रत्याक्रमण हुन थालेपछि अन्ततः युद्धको मैदानबाट उनीहरू भाग्नु पऱ्यो । त्यसपछिका असंख्य सफल प्रत्याक्रमणहरूको, ढुकेर अचानक गरिएका आक्रमणहरूको क्रममा एक जना सैनिक कर्णेलको समेत मृत्यु भयो । साथै, सयौं सैनिकहरूले त्यहाँ ज्यान गुमाउन पऱ्यो ।

हुआलागा क्षेत्रका गाउँ वस्ती र शहरहरू सरकारी सैनिकहरूको राक्षसी आक्रमणबाट नराम्ररी प्रभावित भइरहेको क्षेत्र हो । त्यहाँ १९९४ देखि शुरू भएको सैनिक आक्रमणको क्रममा हजारौं हजार सैनिकहरूले जनताका घरहरू जलाउने, लुट्ने, बलात्कार गर्ने र हत्या गर्ने



खोरमा क. गोञ्जालोः गिरफ्तारीको लगत्तैपछि

## दोस्रो गोञ्जालोको रुपमा क. फेलिसियानोको उदय

–राजेन्द्र महर्जन

अभियान नै चलाए । यसको विरूद्ध छापामारहरूले प्रत्याक्रमण गर्ने क्रममा सैनिकहरूविरूद्ध ढुकेर पछाडिबाट आक्रमण गर्ने, हेलिकोप्टरहरूमाथि अचानक आक्रमण गर्ने काम गर्न थालेपछि सैनिकहरू पछि हट्न बाध्य भए । १९९४ कै अन्ततिर फेरि अर्को प्रमुख आक्रमण चलाएर सरकारी सैनिकहरूले तिंगो मारियादेखि पुल्कालापासम्मको राजमार्गको पुनर्निर्माण गर्न खोजे । सरकारी सेनाको रक्त नलीको रूपमा रहेको यो राजमार्गलाई छापामारहरूले पटक-पटक क्षतिग्रस्त पारेर सैनिकहरूलाई रणनैतिक हिसाबले र सरसामानको आपूर्तिको हिसाबले अलगथलग पारे ।

१९९५ को मार्चदेखि छापामारहरूले सैनिकहरूका युनिटहरूमाथि श्रृंखलाबद्ध आक्रमण चलाए । यो आक्रमण विशेषत: हुआनुको क्षेत्रमा केन्द्रित थियो । १९९५ को मई महिनाको मध्यबाट फेरि एक पटक फुजिमोरी सरकार र अमेरिकी साम्राज्यवादलाई नै थर्काउने गरी छापामारहरूले आयाकुचो शहर नजिकै सरकारी सैनिकहरूको अड्डा नै ध्वस्त पारिदिए । यो अड्डा पेरूको सान्ता लुसियास्थित अमेरिकी सैनिक अखडाबाट त्यति धेरै टाढा छैन ।

स्मरणीय छ, १९९४ को अप्रिलमा आयोकुचो शहरको सान जुआन डे लुकानासमाथि छापामारहरूले कब्जा जमाएका थिए ।

क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ्ग पाथका छापामारहरूले गरेको अत्यन्त महत्वपूर्ण आक्रमणहरूलाई पनि स्मरण गर्नु जरूरी देखिन्छ । १९९३ मा राष्ट्रपति फुजिमोरीले क. गोञ्जालोले 'शान्ति वार्ताको लागि आह्वान गरेको' हल्ला फैलाउन खोज्दा छापामारहरूले पेरूका विभिन्न ठूल-ठूला होटलहरू, एयरपोर्ट र सैनिक अखडाहरूमाथि आक्रमण गरेका थिए । उनीहरूले क. माओको शतवार्षिकी मनाउने क्रममा डिसेम्बर १९९३ मा पेरूको गुप्तचर संस्था DINCOTE को हेडक्वार्टरमै बम बिस्फोट गरे । १९९४ को मई महिनामा विभिन्न शहरका झुपडपट्टी निवासीहरूको संघर्षमा ऐक्यबद्धता जनाउँदै छापामार अभियान चलाए र पेकपा साइनिङ्ग पाथको जन्मोत्सव मनाउने क्रममा राजधानी लिमा र अन्य थुप्रै शहरहरूमा 'ब्ल्याक आउट' गर्ने जस्ता कार्यहरू पनि गरे । पेरूको गाउँ गाउँमा चलिरहेको जनयुद्धलाई शहरबाट पनि सहयोग पुऱ्याउन १९९५ को मार्च र मई महिनातिर पटक पटक बम बिस्फोट गरेर राजधानी लिमालाई हल्लाउने काम पनि उनीहरूले जारी राखेका छन् ।

यसैबीच, फुजिमोरीले आफ्नो राजनैतिक सत्ता स्वार्थ पूरा गर्न इक्वेडरसंग सीमा विवाद चर्काए । साइनिङ्ग पाथले इक्वेडर र पेरूको सीमा-युद्धको विरोध गर्दै दुवै देशका जनतालाई दुवै प्रतिक्रियावादी सरकार र त्यसको पृष्ठभूमिमा रहेको अमेरिकी साम्राज्यवादको विरोधमा संघर्ष गर्न अपिल गरे ।

त्यस्तै, २८ जुलाई, १९९५ मा फुजिमोरीले राष्ट्रपति पदको चुनावमा एकल-दौड गरी आफूलाई विजयी घोषणा गरे । चुनावको अघिपछि, चुनाव बहिष्कार गर्ने 'साइनिङ्ग पाथको जनयुद्धलाई पूर्णत: निमिट्यान्न पार्ने' घोषणालाई उनले पटक पटक दोहोऱ्याए । तर दोस्रो पदावधिको लागि उनी कुर्सीमा बस्नुभन्दा एक हप्ता अगाडि मात्रै साइनिङ्ग पाथका छापामारहरूले देशभरि नै रमनको क्रममा घुमीरहने सरकारी सेनाका जवानहरू, चौकी र ब्यारेकहरूदेखि लिएर सेनासंग सम्बन्धित अन्य ठाउँहरूमाथि आक्रमण गरे । राजधानी लिमा लगायत ला लिबरटाड, उकायाली, सान माटिन, हुआनुको, आयाकुचो र हुआंकाभेलीका क्षेत्रका ती निशानाहरूमाथि सफलतापूर्व आक्रमण गरेर फुजिमोरीको धक्कूलाई हावामा उडाइदिए । अझ, माथिल्लो हुआलागा उपत्यकाको एउटा शहर नुइभो प्रोग्रेसोमाथि कब्जा जमाएर आफ्नो बढ्दो शक्ति समेत प्रदर्शन गर्न उनीहरू सफल भए ।

जनयुद्धको यो दन्कँदो स्वरूप देखेर पूँजीवादी र साम्राज्यवादीहरू आश्चर्य चकित भए । तर यो स्वरूप अत्यन्त अप्रत्याशित र अपत्यारिलो ढंगले विकसित भएको चाहिं पक्कै थिएन । किनकि, क. गोञ्जालो र पार्टीका केही केन्द्रीय नेताहरूको गिरफ्तारीपछि पनि पार्टी, पार्टीका जनवर्गीय संगठनहरू, जनमुक्ति सेना यथावत ढंगले चलिरहेकै थियो । ती सबैमा विचार, संगठन, संघर्षका क्रियाकलापहरू यथावत रूपले जारी रहेको दृश्य त स्पष्ट रूपले देखिन्थ्यो । भनौं- पेरूको जनवादी क्रान्ति जारी नै थियो ।

क. गोञ्जालो र पार्टीका केही केन्द्रीय नेताहरूको गिरफ्तारीपछि साइनिङ्ग पाथको नयाँ नेतृत्व **क. फेलिसियानो**ले सम्हाल्नु भएको विश्वास गरिएको छ । क. गोञ्जालोद्वारा निर्मित पेकपा, साइनिङ्ग पाथको स्थायी कमिटीका सबै सदस्यहरूमध्ये गिरफ्तारी र हत्याबाट बच्न उनी सफल हुँदै आएका छन् । क. फेलिसियानाको मूल नाम **ओस्कार रामिरेज ड्युराण्ड** हो ।

युवा नेता क. फेलिसियानोको नेतृत्वमा संचालित भनिएको साइनिङ्ग पाथले पार्टी, पार्टीको क्रान्तिकारी सेना र जनयुद्धको कार्यलाई जारी राखेको छ ।



साइनिङ्ग पाथका छापामारहरु

त्यसले आफ्नो क्रान्तिकारी आधार इलाकाहरू अर्थात् 'नयाँ जनसत्ता'लाई सुरक्षित राख्दै, सैनिक अखडाहरूमाथि आक्रमण गर्दै आफ्ना आधारहरूको विस्तारलाई जारी राख्दै आइरहेको छ ।

यसको अर्थ के होइन भने, साइनिङ्ग पाथ क. गोञ्जालोको गिरफ्तारीभन्दा अगाडिकै जस्तो सुदृढ, संगठित र सक्षम छ । क. गोञ्जालोको सक्षम नेतृत्वको अभाव पार्टीभित्र खट्केको देखिन्छ । पार्टीले सामूहिक नेतृत्व अभ्यास गरिरहेको दावी गरेता पनि क. गोञ्जालो जस्तो सक्षम नेतृत्वको भूमिकालाई न्यून मूल्यांकन गर्न सकिंदैन ।

अर्कोतिर, क. गोञ्जालोको अभावमा र जनयुद्धमा देखिएको केही शिथिलताकै परिणामस्वरूप पार्टीभित्र र वरिपरि 'दक्षिणपन्थी अवसरवादीहरू' प्रकट रूपमा देखा परेको बुझिएको छ । फुजिमोरी सरकारसंग 'शान्ति वार्ता गर्ने' विचार सार्वजनिक रूपमा राख्दै उनीहरू संगठित ढंगले छुट्टै पार्टी बनाई 'प्रजातान्त्रिक तरीका'ले राजनीति गर्ने तयारी गरिरहेका देखिन्छन् ।

क. गोञ्जालोको गिरफ्तारीपछि साइनिङ्ग पाथ र '**रिम**'ले पनि अब पेरूमा जनयुद्धहरूले रणनैतिक हाराहारीको स्थिति हासिल गरेको दावी गरिरहेका छैनन् । यसको अर्थ के हो भने, रणनैतिक दृष्टिले पनि साइनिङ्ग पाथको जनमुक्ति सेना केही हदसम्म पछि परेको छ । उनीहरू प्रतिरोधको स्थितिमा मात्र बढी सीमित हुनु परेको छ । समस्याहरू र अप्ठ्याराहरूको बीचबाट अगाडि बढिरहेको अहिलेको जनयुद्धलाई साइनिङ्ग पाथको नेतृत्वले १९२७ को चिनियाँ क्रान्तिले खाएको धक्कासंग तुलना गरेर हेरिरहेको छ ।

यसैबीच, साइनिङ्ग पाथका छापामारहरू पेरूमा हलचल गर्ने ढंगले आक्रमण गर्दै अगाडि बढ्न थालेका छन् । 'जनयुद्ध विकास गरेर प्रतिकूलतामाथि विजय प्राप्त गरौं !' भन्ने नारालाई बुलन्द पार्दै उनीहरूले विभिन्न गाउँ र शहरमाथि कब्जा जमाउन थालेका छन् । उनीहरूले एण्डिजका पहाडी भूभागमा रहेका सडकहरूमा दुई वटा कारबमहरू बिस्फोट गर्नुका साथै सैनिकहरूको यातायात सुविधालाई ध्यानमा राखेर सडक निर्माणमा कार्यरत तीन वटा कम्पनीहरूमाथि पनि आक्रमण गरेका छन् ।

यही साउन १८ गते मात्रै २०० भन्दा बढी हुआलागा नदीको छेउमै रहेको औकायाकु छापमारहरूले शहर आउने सबै सडक दिउँसै बन्द गरेर त्यस शहरमाथि आफ्नो कब्जा जमाए । त्यस शहरको रेडियो स्टेशनमाथि आक्रमण गरेर त्यसलाई आफ्नो हातमा पारे । त्यसपछि उनीहरूले शहरको मूल चोकमा भेला हुन शहरवासीहरूलाई आह्वान गरे । उनीहरूले रेडियो मार्फत आफ्ना क्रान्तिकारी गीत र विचारहरु प्रसारण गरे । साथै उनीहरूले मूल चोकमा भेला भएका शहरबासीहरूलाई जनयुद्धमा शामेल हुन आह्वान गरे ।

दुई जनाको मृत्यु भएको सो सफल आक्रमणमा त्यहाँको स्थानीय सरकार, प्रहरी र सैनिकहरू बिनाप्रतिरोधको स्थितिमा चुपचाप बस्नु पऱ्यो, थप सेना पनि आइपुगेन । यो आक्रमणको विषयलाई लिएर फुजिमोरी सरकारले 'आतंकवाद विरोधी प्रहरी' का जनरल इन्वार्जलाई आफ्नो पदबाट हटाएको पनि छ ।

त्यस्तै, त्यही जनयुद्धग्रस्त माथिल्लो हुआलागा उपत्यका सैनिक अभियान संचालन गर्दै रहेको पेरूका एक जना प्रमुख सैनिक अधिकारी जनरल स्यानुयल भारेला गाभारांको घरमा पनि बम बिस्फोट गरेर छापमारहरूले उनले गरेको नरसंहारको प्रतिशोध लिन खोजेका छन् । बम-बिस्फोटबाट बल्लतल्ल बच्न सफल जनरल गामारा माथिल्लो हुआलागा उपत्यकामा तारापोतो सैनिक अखडाबाट

भारत



# आपसमै जुधिरहेका दुई सशस्त्र कम्युनिष्ट समूहहरूबीच युद्ध विराम

शान्ति गर्नका लागि बन्दूक भिरेर हिंडेका क्रान्तिकारी नेता-कार्यकर्ताहरु जब 'क्रान्तिका ठेकेदारहरु' र 'सामन्तहरु'मा परिणत हुन्छन्, तब के हुन्छ ? यस कुराको डरलाग्दो दृष्टान्त हो- भारतका दुई वटा प्रमुख नक्सलबादी समूहहरुको आपसी संघर्ष, मारकाट, अपरहरण र हत्या ।

आपसी शत्रुतापूर्ण संघर्षमा समेत अल्झिएका ती दुई नक्सलवादी समूहहरुको नाम हो- माओवादी कम्युनिष्ट सेन्टर (MCC) र सीपीआई (एम.एल.) पार्टी यूनिटी ।

विहारको दक्षिणी र मध्य भूभागमा क्रियाशील यी दुबै नक्सलवादीहरुले धेरै मानिस, धेरै गाउँ र क्षेत्रलाई आफ्नो प्रभाव र प्रभुत्वभित्र पार्नका लगि भएका आपसी संघर्षहरुलाई घटाउन सन् १९८१-८२ तिरै सुलह- सम्झौता गरेका थिए । सम्झौतामा आ-आफ्ना प्रभाव, कार्य र संघर्षको क्षेत्र निर्धारण गरेर सीमा अतिक्रमण नगर्ने सहमति व्यक्त गरिएको थियो । तर, एम.सी.सी.को दावी अनुसार, पार्टी यूनिटीले सर्वप्रथम उक्त सम्झौतालाई एकपक्षीय ढंगले उल्लंघन गरेपछि एमसीसीले पनि १९८७-८९ बाट सम्झौताको उल्लंघन गर्न थाल्यो ।

दुबै समूहबाट सम्झौताको उल्लंघनले विहारमा डरलाग्दो परिणाम निकाल्न थाल्यो, सयौं वामपन्थी कार्यकर्ता, समर्थक, शुभेच्छुकदेखि लिएर क्रान्तिकारी किसान कमिटीका नेता सत्यनारायणसिंह जस्ता नेताहरुको समेत हत्या भयो, धेरै नै धनजन र क्रान्तिकारी संघर्षको क्षति भयो । विहार-मगध, हजारीबाग र पलामूमा यी दुई नक्सलवादी समूहहरुको सशस्त्र टकराव, संघर्ष र मारकाटले गर्दा जनतामा क्रान्तिकारी संघर्षप्रति नै निराशा छाउन थाल्यो ।

एमसीसी र पार्टी यूनिटीबीचका यी सबै शत्रुतापूर्ण संघर्षहरु आ-आफ्नो पार्टीको प्रभुत्व र प्रभाव विस्तारका लागि भएका हुन्, सामन्तहरुको राज्य विस्तारको संघर्ष भैं । यस्तै गरी एमसीसी, पार्टी यूनिटि लगायत क. विनोद मिश्रको नेतृत्वमा रहेको लिवरेशन समूहका साथै अन्य नक्सलवादी र वामपन्थी समूहबीच पनि पटक-पटक आपसी सशस्त्र टकराव चलिरहेकै छ ।

यसबाट जनताको हक, हित र अधिकारका बारेमा, जनसंघर्ष र क्रान्तिका पक्षमा राम्रो काम हुनुको साटो विहार र भारतको सरकार एवं त्यहाँका धनी वर्गको मात्रै हित भइरहेको छ ।

यही तथ्यलाई ध्यानमा राखेर दुई प्रतिबन्धित नक्सलवादी समूहहरु एमसीसी र पार्टी यूनीटीका केन्द्रीय नेताहरुले लामो वार्तापछि आपसी सशस्त्र झडपहरु तुरुन्त बन्द गर्ने निर्णय गर्दै युद्धविराम गर्ने घोषणा गरेका छन् ।

सशस्त्र क्रान्ति गर्न हिंडेका वामपन्थी पार्टीहरुका बीचको शत्रुतापूर्ण टकरावले क्रान्तिको लक्ष्य पूर्ति नहुने, जनतालाई सचेत, संगठित र संघर्षशील गर्न नसकिने, आफ्ना संगठनहरुको प्रभाव र प्रभुत्व पनि विस्तार नहुने ठहर गर्दै ती दुबै नक्सलवादी समूहका नेताहरुले अबदेखि मित्रवत् व्यवहार गर्ने, प्रभुत्व विस्तारको संघर्ष नगर्ने र आ आफ्नो प्रभाव क्षेत्र र कार्य क्षेत्रको सीमालाई विभाजित गरेर क्रान्तिकारी संघर्षमा अगाडि बढ्ने फैसला गरेका छन् ।

ती दुबै समूहका नेताहरुले विगतमा भएका आपसी सशस्त्र झडपहरु, हत्या र मारकाटलाई 'दुर्भाग्यपूर्ण' ठहर गर्दै त्यसले क्रान्तिकारी संघर्षलाई मात्रै क्षति पुऱ्याएको नभई, ती समूह र तिनका नेताहरुको क्रान्तिकारी छविलाई समेत धमिल्याई 'नयाँ डाँका' र 'नव सामन्त'हरुका रुपमा विकृत पारेको तथ्य स्वीकार्दै विगतमा आफ्ना समूहहरुले अत्यन्त डरलाग्दा गल्तीहरु गरेकोमा आत्मालोचना समेत गरेका छन् । आत्मालोचना गर्ने क्रममा एमसीसीले पार्टी यूनिटी र त्यसका नेताहरुप्रति विगतमा लगाएको आरोपलाई फिर्ता लिने निर्णय गरेको छ । उता पार्टी यूनिटीले पनि कार्यक्षेत्रको सीमा विभाजनको सम्झौतामा आफू प्रतिबद्ध नभएको स्वीकारोक्ति अगाडि सारेको छ । त्यसले सीमा विभाजनको सम्झौतामा प्रथम गल्ती आफूले गरेका तथ्य स्वीकार्दै आफ्नो पक्षबाट एमसीसीको नजिकका कमरेड सत्यनारायणसिंहको हत्या हुन गएकोमा दुःख प्रकट गरेको छ ।

> एकगठ भएर शत्रुहरूसंग जुध्नु पर्नेहरूले आपसमै जुद्दा कसलाई घाटा पुग्छ ?

विगतका यी गल्ती, कमी, कमजोरीहरुबाट पाठ सिकेर, शत्रुवत ढंगले होइन, मित्रवत ढंगले अगाडि जाने फैसला गर्दै ती दुबै पार्टीका नेताहरुले आफ्ना कार्यकर्ता र समर्थकहरुलाई आपसी झगडा र संघर्षलाई तुरुन्तातुरुन्तै रोक्दै संयुक्त रुपले शोषक र शासकहरु विरुद्ध संघर्ष गर्न अपील गरेका छन् ।

यी राम्रा आशयका घोषणा र अपीलहरुका बाबजूद पनि, सहमति र सम्झौताहरुका बाबजूद पनि, १९८१-८२ र १९९५ को जनवरीमा भएको सम्झौता असफल भएजस्तै यो नवीनतम् सम्झौता पनि नराम्ररी असफल हुन सक्ने कारणहरु भने अहिले पनि उनीहरुबीच यथावत रुपले विद्यामान नै छन् ।

ती कारणहरु हुन्- क्रान्तिको ठेक्का लिने मानसिकता अर्थात् क्रान्ति जनताको मानसिक र भौतिक सहभागितामा वर्ग-सचेत क्रान्तिकारी पार्टीले गर्ने होइन, दुई चार-जना क्रान्तिकारीहरुले दुई-चार नाल बन्दूकको भरमा गर्ने हो भन्ने मानसिकता ।

अर्को मानसकिता हो- जनतालाई आफ्ना नीति ,कार्यक्रमहरु बुझाएर नेता र कार्यकर्ताहरुले सिद्धान्त र व्यवहार बीचको तालमेल मिलाएर, प्रभावित पारेर, सचेत र संगठित गरेर ,आफ्नो पार्टीप्रति आकर्षित गर्नुको साटो बन्दूक र लठैतहरुको भरमा पार्टीमा आबद्ध गर्ने, अन्य पार्टीहरुसंग सशस्त्र संघर्ष गरेर वा सम्झौता गरेर गाउँ गाउँ आफ्नो प्रभाव र प्रभुत्वको क्षेत्रभित्र पार्ने मानसिकता ।

यी दुई वटा मानसिकताहरुबाट मुक्त हुन सके मात्र यी दुई नक्सलवादी संगठनहरुको यो सम्झौता दीगो हुनेछ । यसका अतिरिक्त , संसदीय चुनावमा सहभागी भइरहेको र विहारकै गया, छतरा, जहानावाद र औरंगावाद जस्ता माथि उल्लिखित नक्सलावादी समूहहरुको प्रभाव भएको क्षत्रमा पनि कार्यरत क. विनोद मिश्रको नेतृत्वमा सञ्चालित भाकपा माले-लिवरेशन समूहसंगको भीडन्तलाई कसरी अन्त गर्ने भन्ने विषयमा पनि यी दुबै समूहहरु र लिवरेशन समूहले सकारात्मक ढंगले सोच्नु जरुरी देखिन्छ ।

शत्रुहरुसंग एकगठ भएर जुध्नु पर्नेहरुले आपसमै जुधेर शक्ति नाश गर्नु हुन्न भनी एमसीसी र पार्टी यूनिटी संगठनहरुले हाल आएर जुन बाचा गरेका छन्, त्यो निश्चय नै सकारात्मक कुरा हो । सशस्त्र संघर्ष नगरी अन्य तरिकाले अघि बढिरहेका भारत, नेपाल र अन्य जतासुकैका पनि वामपन्थी पार्टीहरुले पनि आफूहरुबीच आपसी संकीर्ण होडबाजी र अनावश्यक तानातानी गर्नु हुन्न भनी यसबाट पाठ सिक्नु जरुरी छ । ❑

---

सैनिक अभियान संचालन गर्दै नरसंहार गर्न खप्पिस रक्त पिपाशु सैनिक अधिकारीको रूपमा कुख्यात व्यक्ति मानिन्छन् ।

यही साउन २३ गते मात्रै लिमाको उत्तरी बन्दरगाहमा १० हजार वटा डाइनामाइट भरिएका लठ्ठीहरू भेटिनु र शहरी विद्यार्थीहरू र बौद्धिकहरूलाई जनयुद्धमा व्यापक रूपमा शामेल गर्ने पार्टी-दस्तावेज फेला पर्नुले सरकारलाई निकै थर्कमान बनाएको छ ।

साइनिङ्ग पाथका छापामारहरू यी सफल आक्रमणहरू र थप क्रियाशीलताहरूलाई अमेरिकी अखबार 'न्यूयोर्क टाइम्स'ले साइनिङ्ग पाथको विद्रोहको भूकम्प पुनः फुटेको संज्ञा दिएको छ । पूँजीपतिहरूको प्रवक्ताको रूपमा प्रख्यात बेलायती पत्रिका 'दि इकोनोमिष्ट' ले 'चितुवाहरू अहिले पनि आ-आफ्ना जंगलहरूमा रहेको' विश्लेषण प्रस्तुत गरेको छ ।

साइनिङ्ग पाथले लिएको बाटो मार्क्सवादी दृष्टिकोणले आम रूपमा र जम्मामा कति सही र उचित छ, त्यो छुट्टै छलफलको विषय हो । तर दुई वटा कुरा भने निश्चित देखिएको छ: एउटा, साम्राज्यवादले चाहेको जस्तो साइनिङ्ग पाथ १९९५ भित्रै स्वाहा भएर गएको छैन, ऊ उल्टो फेरि जागरूक र आक्रामक भएर आएको छ । अर्को, साइनिङ्ग पाथले जुन बाटो अवलम्बन गरेको छ, त्यो साम्राज्याद र पूँजीवादको विरूद्ध छ । त्यसैले त उनीहरू साइनिङ्ग पाथलाई खत्तम पार्न मरिहत्ते गर्दैछन् ! ❑

## मार्क्सबारे नेहरूले लेखेको लेख

# कार्ल मार्क्स
# जवाहरलाल नेहरुको आँखामा

उन्नाइसौं शताब्दीको मध्यतिर युरोपको मजदूर जगत र समाजवादी संसारमा एक जना नयाँ र चित्ताकर्षक व्यक्तित्व भएका मानिस प्रकट भए । उनी कार्ल मार्क्स थिए । उनी जर्मन यहुदी थिए । उनको जन्म सन् १८१८ मा भएको थियो । उनले कानून, इतिहास र दर्शनशास्त्रको अध्ययन गरे । एउटा अखबार निकालेको कारणले कार्ल मार्क्सको जर्मनीका अधिकारीहरूसंग झगडा भयो । त्यसपछि उनी पेरिस गए, त्यहाँ उनी नयाँ-नयाँ मानिसहरूको सम्पर्कमा आए । उनले समाजवाद र अराजकतावाद सम्बन्धी नयाँ-नयाँ किताबहरू पढे र उनी समाजवादी विचारधाराका समर्थक बने ।


त्यहीं पेरिसमै फ्रेडरिक एंगेल्स नामक अर्का जर्मनसंग उनको भेटघाट भयो । एंगेल्स इंग्लैण्डबाट फर्केर त्यहाँ बसिरहेका थिए र त्यहाँ बढ्दै गइरहेको उद्योगमा एक जना धनी कारखाना मालिक भएर काम गरिरहेका थिए । एंगेल्स पनि विद्यमान सामाजिक स्थितिबाट दुःखित भएर असन्तुष्ट थिए । उनको मस्तिष्कले पनि चारैतिर देखिएको गरीबी र शोषणको औषधिको खोजी गरिरहेको थियो । रोबर्ट ओवेनका सुधार सम्बन्धी विचारहरू र प्रयासहरूले उनलाई निकै छोए, त्यसैले उनी रोबर्ट ओवेनका अनुयायी बनेका थिए । पेरिसको यात्राको क्रममा कार्ल मार्क्ससंग भेटघाट गरेपछि उनका विचारहरूमा परिवर्तन आयो ।

त्यस बेलादेखि मार्क्स र एंगेल्सबीच गहिरो मित्रता कायम भयो, उनीहरू सहयात्री बने । दुवैका विचारहरू एकै खालका थिए, दुवैले एउटै उद्देश्यका लागि मरिमेटेर काम गर्न थाले । उनीहरूको उमेर पनि करीब करीब बराबरै थियो । उनीहरूको सहयोग यति गहिरो थियो कि, जुन जुन पुस्तकहरू उनीहरूले प्रकाशित गरे, ती अधिकांश पुस्तकहरू उनीहरू दुवै मिलेरै सह-लेखन गरेका थिए ।

फ्रान्सको तात्कालीन सरकारले मार्क्सलाई पेरिसबाट निकालीदियो । यो लुई फिलिपको शासन कालको कुरो हो । मार्क्स लण्डन गए, अनि त्यहीं धेरै वर्षसम्म बसे । त्यहाँ उनी ब्रिटिश म्यूजियमका पुस्तकहरू पढ्नमा चुर्लुम्मै डुबे । उनले कठीन परिश्रम गरेर आफ्ना सिद्धान्तहरू विकसित गरे, त्यसपछि ती सिद्धान्तहरू लेख्न थाले ।

तर उनी कोरा अध्यापक वा दार्शनिक थिएनन्, उनी कोठाभित्र बसी-बसीकन सिद्धान्त निर्माण गर्ने र संसारबाट अलग्ग, सरोकारहीन भएर बस्ने व्यक्ति थिएनन् । उनले समाजवादी आन्दोलनका अस्पष्टताहरूलाई स्पष्ट पार्दै त्यसलाई विकसित गर्नका साथै समाजवादी आन्दोलनसमक्ष निश्चित र स्पष्ट विचार एवं लक्ष्य अगाडि सारे । यसका साथै उनी यूरोपमा मजदूरहरू र उनीहरूको आन्दोलनलाई संगठित गर्ने काममा क्रियाशील हुनुका साथै उनले त्यसको नेतृत्वकारी भूमिका खेले ।

यूरोपमा क्रान्तिहरूको वर्षको रूपमा मानिने १८४८ सालमा घटेका घटनाहरूले गर्दा मार्क्सको हृदय स्वाभाविक रूपले धेरै नै द्रवित भयो । त्यसै वर्ष उनले एंगेल्ससंग मिलेर एउटा संयुक्त घोषणा-पत्र प्रकाशित गरे, जुन निकै प्रसिद्ध भयो । यो 'कम्युनिष्ट घोषणा पत्र' हो । यसमा उनीहरूले ती विचारहरूको विवेचना गरेका थिए, जुन फ्रान्सको महान् राज्य क्रान्ति र त्यसपछि सन् १८३० र सन् १८४८ को विद्रोहको जगमा उभिएका थिए । उनीहरूले घोषणापत्रमा के पनि बताएका छन् भने, ती विचारहरू तत्कालीन वास्तविक परिस्थितिको लागि न त काफी थिए, न त मेल खाने खालकै थिए । उनीहरूले त्यस बेलाको प्रभुत्वशाली बनिरहेको स्वतन्त्रता, समानता र भ्रातृभावको प्रजातान्त्रिक पुकारहरूको आलोचना गर्दै देखाए- यसले जनताको लागि साह्रै थोरै मात्र अर्थ राख्छ, यसले केवल पूँजीवादी राज्यमाथि पवित्रताको झूठो टलक मात्रै लगाउने काम गरिरहेको छ । पछिल्तिर गएर उनीहरूले त्यसमा समाजवाद सम्बन्धी आफ्नो मतको प्रतिपादन गरेका थिए र घोषणापत्रको अन्त्यमा उनीहरूले सम्पूर्ण मजदूरहरूलाई अपील गरेका थिए- 'विश्वका मजदूरहरू, एक होऔं, तपाईहरूले गुमाउनु पर्ने केही पनि छैन, केवल आफ्ना दासताका सिक्रीहरू बाहेक र जित्नका लागि तपाईंको लागि यो सिंगै विश्व छ ।'



यो अपील काम कारवाहीलाई अगाडि बढाउनका लागि गरिएको आह्वान थियो । त्यसपछि मार्क्सले अखबारहरू र पर्चाहरूमार्फत् निरन्तर प्रचार अभियान शुरू गरे र मजदूर संगठनहरूलाई एक गठ गर्न दिनरात प्रयास गर्न थाले । उनले यूरोपमा ठूलै संकट काल आइपर्न लागेको महसुस गरे, त्यसैले उनी यस संकटबाट पूरापूर फाइदा लिनका लागि मजदूरहरूलाई तयार राख्न जुट्न थाले । उनको समाजवादी सिद्धान्त अनुसार पूँजीवादी व्यवस्थामा साँच्चै नै त्यस्तो संकटकाल अनिवार्य रूपमा आउँछ- आउँछ । सन् १८५४ मा न्यूयोर्कको एउटा अखबारमा मार्क्सले लेखेका थिए-

***"फेरि पनि हामीले के भुल्नु हुँदैन भने यूरोपमा छैठौं शक्ति पनि विद्यमान छ, जसले विशेष विशेष परिस्थितिमा पाच वटा तथाकथित महान् शक्तिहरुमाथि आफ्नो प्रभुत्व कायम गरिराखेको हुन्छ र ती सबैलाई थर्काइ दिन सक्छ । यो शक्ति क्रान्तिको शक्ति***

**मार्क्स र एंगेल्सबीच गहिरो मित्रता कायम भयो, उनीहरू सहयात्री बने**



*पेरिस कम्युनको स्थापनार्थ भएको विद्रोह*

***हो । धेरै दिनसम्म चुपचाप एकान्तवास बसिसकेपछि अब संकट र भोकले यसलाई फेरि युद्धको मैदानमा बोलाइरहेको छ । अब केवल एउटा इशाराको मात्रै जरुरत छ । त्यसपछि त यूरोपको छैठौं र सबैभन्दा महान् शक्ति चम्किलो कवच लगाएर एवं हातमा तलवार लिएर मिनर्भा (Minerva) झैं निक्लने छिन् । त्यो इशारा यूरोपको आउँदो युद्धले दिनेछ ।"***

यूरोपको आउँदो क्रान्तिको बारेमा मार्क्सको भविष्यवाणी सही सावित भएन । उनले यो विचार लेखेको ६० वर्षपछि मात्रै र एउटा विश्वव्यापी युद्ध पछि मात्रै यूरोपको एउटा कुनामा क्रान्ति भयो । पेरिस कम्यून स्थापना गर्न १८७१ मा भएको क्रान्तिको प्रयासलाई निर्दयताका साथ कुल्चिएको तथ्य त हामीले देखिसकेकै छौं ।

सन् १८६४ मा लण्डनमा एउटा खिचडीसभा बोलाउन मार्क्स सफल भए । त्यस सभामा आफूलाई मोटो रूपमा समाजवादी भन्ने विभिन्न दलका मानिसहरू सहभागी भए । त्यसमा एकातिर, यूरोपका कैयौं पराधीन देशहरूका प्रजातन्त्रवादी र देशभक्तहरू थिए, जो समाजवादलाई श्रद्धा त गर्दथे तर त्यसलाई निकै टाढाको वस्तु सम्झन्थे । उनीहरूको विशेष रूचि तुरून्ता तुरून्तै राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने विषयमा बढी थियो । अर्कोतिर, अराजकतावादीहरू थिए, जो तुरून्ता तुरून्तै संघर्ष छेड्न चाहन्थे ।

उक्त सभामा मार्क्सबाहेक अर्को प्रभावशाली व्यक्ति, अराजकतावादी नेता बाकुनिन थिए । उनी कैयौं वर्षसम्म साइबेरियामा कैदी जीवन बाँचेपछि ३ वर्ष भागेर आएका थिए । बाकुनिनका अनुयायीहरू खास गरी दक्षिणी यूरोपको इटाली र स्पेन आदि देशहरूबाट आएका थिए । जुन देशहरू उद्योगधन्दाहरूको विकासमा पछि परेका थिए, जुन देशहरू अविकसित थिए । उनीहरू बेरोजगार बुद्धिजीवीहरू र विभिन्न खाले क्रान्तिकारीहरू थिए, जसले तात्कालीन सामाजिक व्यवस्थामा कुनै स्थान पाउन सकेका थिएनन् ।

मार्क्सका अनुयायीहरू औद्योगिक देशहरूबाट, विशेष गरी जर्मनीबाट आएका थिए, जहाँ मजदूरहरूको हालत राम्रो थियो । यसरी मार्क्स संगठित र केही हदसम्म राम्री हालतमा बाँचिरहेको एवं झन् झन् बढ्दै गइरहेको मजदूर वर्गका प्रतिनिधि थिए । र, बाकुनिन गरीब र असंगठित मजदूहरू र बौद्धिक एवं असन्तुष्ट मानिसहरूका प्रतिनिधि थिए । मार्क्स धैर्यपूर्वक संगठन गर्ने पक्षमा थिए, र जबसम्म एक्शन गर्ने घडी आउँदैन तबसम्म मजदूहरूलाई आफ्नो समाजवादी शिक्षाबाट दीक्षित गर्ने पक्षमा थिए । बाकुनिन र उनका अनुयायीहरू तुरुन्तै एक्शन गर्ने पक्षमा थिए । यी सबै कुराहरू हुँदा हुँदै पनि विजय भने मार्क्सकै भयो । अन्तर्राष्ट्रिय मजदुर संघ स्थापित गरियो । यही संघ मजदूरहरूको प्रथम अन्तर्राष्ट्रिय (International) भनियो ।

३ वर्षपछि अर्थात् १८६७ मा मार्क्सको महान् ग्रन्थ **दास क्यापिटल** अर्थात् **क्यापिटल (पूजी)** जर्मन भाषामा प्रकाशित भयो । लण्डनमा उनले धेरै वर्षसम्म गरेको मेहेनतको परिणाम थियो- यो किताब । यसमा उनले प्रचलित आर्थिक सिद्धान्तहरूको विश्लेषण गरेर त्यसको आलोचना गर्दै आफ्नो समाजवादी सिद्धान्त विस्तारपूर्वक बुझाएका थिए । यो शुद्ध वैज्ञानिक ग्रन्थ थियो । उनले अनिश्चितता र आदर्शवादका कुराहरू जम्मै छोडेर, निष्पक्ष र वैज्ञानिक ढंगले इतिहास र अर्थशास्त्रको विकासका बारेमा चिन्तन गरेका थिए । उनले विशेष गरी ठूल-ठूला मेशिनहरू सहितको औद्योगिक सभ्यताको विकासको चर्चा गरेका थिए । क्रम-विकास (Evolution), इतिहास र मानव समाजमा वर्गहरूको संघर्षका बारेमा केही सुदूर भविष्यसम्म असर पार्ने नतिजाहरू निकालेका थिए ।

मार्क्सको यही नयाँ, पूर्ण, स्पष्ट र अकाट्य तर्कसम्मत समाजवादलाई वैज्ञानिक समाजवाद भनियो, किनकि यो वाद अस्पष्ट लोकोत्तर Utopian) र आदर्शवादी समाजवादभन्दा भिन्न थियो, जुन समाजवाद त्यसबेलासम्म चलिरहेको थियो ।

मार्क्सको पूँजी कुनै सरल पुस्तक पक्कै होइन, यो मनोरंजक पुस्तकहरूभन्दा कल्पनातीत फरक छ । फेरि पनि, यो छापिएका त्यस्ता केही सीमित पुसतकहरू मध्य एक हो, जसले धेरै मानिसहरूको विचार गर्ने ढंगलाई प्रभावित गरिरहेको छ, जसले उनीहरूको सम्पूर्ण विचारधारालाई नै फेरिरहेको छ । यसरी यो पुस्तकले मानव विकासमाथि प्रभाव पारिरहेको



मार्क्स, एंगेल्स, मार्क्सकी पत्नी र छोरीहरू

छ ।

सन् १८७१ मा पेरिस कम्यूनको दुःखद् घटना घट्यो । संभवतः यो चेतनशील ढंगले, नियोजित हिसाबले गरिएको पहिलो समाजवादी विद्रोह थियो । यो विद्रोह देखेर यूरोपका सरकारहरू भयभीत भए र मजदूर आन्दोलनप्रति उनीहरूको व्यवहार अरू बढी कडा भयो । अर्को वर्ष मार्क्सद्वारा स्थापित गरिएको अन्तर्राष्ट्रिय मजदुर संघको वैठक भयो र त्यसको प्रधान कार्यालय न्यूयोर्कमा लैजान मार्क्स सफल भए । थाहा भए अनुसार, मार्क्सले बाकुनिनका अराजकतावादी अनुयायीहरूबाट पिण्ड छुटाउने उद्देश्यले यस्तो काम गरेका थिए । र, अर्को संभावना के पनि हो भने, त्यसबेला पेरिस कम्युनको विद्रोहको कारणले रिसाइरहेका यूरोपका सरकारहरूबाट बचाएर न्यूयोर्क लाँदा यूरोपका अपेक्षा न्यूयोर्क बढी सुरक्षित आश्रय ठानिएको पनि हुन सक्छ । तर संघको लागि आफ्ना क्रियाशील केन्द्रहरू भन्दा यति टाढा रहेर बाँच्नु संभव थिएन । संघको सम्पूर्ण शक्ति यूरोपमै थियो । त्यस बेला यूरोपमा पनि मजदूर आन्दोलनको बेहाल भइरहेको थियो । त्यसैले प्रथम अन्तर्राष्ट्रि य संघको विस्तारै-विस्तारै प्राणान्त भयो ।

मार्क्सवाद वा मार्क्सको समाजवाद यूरोपका समाजवादीहरूमा, खास गरी जर्मनी र अष्ट्रियामा फैलियो । ती देशहरूमा साधारणतया सामाजिक जनवाद (सोशियल डेमोक्रेसी) को नामले यो सिद्धान्त प्रख्यात भयो । तर



कार्ल मार्क्सप्रति मानिहरूको श्रद्धाः समाधिस्थलको दृश्य

इंग्लैण्डले यसलाई रूचिपूर्वक स्वीकारेन । त्यसबेला इंग्लैण्ड यति समृद्ध थियो कि- त्यहाँ प्रगतिशील सामाजिक सिद्धान्तको लागि कुनै गुन्जायस नै थिएन । अंग्रेज शैलीको समाजवादको प्रतिनिधि फेबियन सोसाइटी (Fabian Sociaty) थियो, जसको सुदूर भविष्यमा परिवर्तन गर्ने अत्यन्त नरम कार्यक्रम थियो । फेबियनवादीहरूको मजदुरहरूसंग कुनै सरोकार थिएन । उनीहरू त उदार विचार भएका प्रगतिशील बौद्धिक व्यक्तिहरू मात्रै थिए ।

फ्रान्समा पेरिस कम्युनपछि समाजवाद फेरि विस्तारै विकसित र क्रियाशील शक्ति हुनका लागि १२ वर्ष लाग्यो, तर त्यहाँ त्यसको स्वरूपमा नयाँपन आयो । त्यो अराजकतावाद र समाजवाद दुवैको वर्णशंकर थियो । यसलाई संघवाद (Syndicalism) भनियो । फ्रान्सिसी भाषाको Syndicat बाट बनेको यो शब्दले मजदूरहरूको संगठन वा ट्रेड यूनियनको अर्थ जनाउँछ ।

समाजवादी सिद्धान्त अनुसार राज्य भनेको सम्पूर्ण समाजको प्रतिनिधि हो, त्यसैले उत्पादनका साधनहरूमाथि अर्थात् जमीन, कारखाना आदिमाथि पनि राज्यकै स्वामित्व र नियन्त्रण कायम हुनु पर्दछ । मतभेद केमा मात्र थियो भने, यो स्वामित्व र नियन्त्रण कति हदसम्म हुनु पर्दछ ? के कुरा चाहिं स्पष्ट हो भने, औजारहरू र घरेलू यन्त्रहरू जस्ता धेरैजसो निजी चीजहरूको समाजवादीकरण गर्नु हास्यास्पद कुरा हो । तर के कुरामा पनि समाजवादीहरूबीच एकमत थियो भने जुन चीजको उपभोग अरूको मेहेनतबाट निजी फाइदा उठाउने काममा हुने संभावना छ, ती सबैलाई सामाजिकीकरण गर्नु पर्दछ, अर्थात् त्यसलाई राष्ट्रको सम्पत्ति बनाइनु पर्दछ ।

अराजकतावादीहरू जस्तै संघवादीहरू पनि राज्यलाई राम्रो मान्दैनन् र राज्यका अधिकारहरू सीमित गर्ने कोशिस गर्दथे । उनीहरू चाहन्थे- हरेक उद्योगमाथि त्यस उद्योगका मजदूरहरूले आफ्नो संगठन र नियन्त्रण गरोस् । कल्पना के गरिएको थियो भने अलग अलग संगठनले आ-आफ्नो प्रतिनिधि छानेर साधारण सभा (परिषद्) मा पठाउनेछन् । यही साधारण सभाले देशका सम्पूर्ण मामिलालाई सम्हाल्नेछ र व्यापक कामकाजको लागि एक किसिमको संसद् हुनेछ । तर त्योसंग हुने कुनै उद्योगको आन्तरिक व्यवस्थामा हस्तक्षेप गर्ने अधिकार हुँदैन । यो स्थिति सिर्जना गर्नका लागि संघवादीहरू हडतालको प्रचार गर्दथे, अर्थात् उनीहरू देशको कारोवार ठप्प गरेर आफ्नो उद्देश्य पूरा गर्न चाहन्थे । मार्क्सका अनुयायीहरू संघवाददेखि बिल्कुल सहमत थिएनन् । तर अनौठो कुरो के हो भने, मार्क्सको मृत्युपछि संघवादीहरूले उनलाई पनि आफ्नो दलकै एक सदस्य मानेका थिए ।

कार्ल मार्क्स सन् १८८८ मा मरे । त्यसबेलासम्म इंग्लैण्ड, जर्मनी र अन्य औद्योगिक देशहरूमा शक्तिशाली मजदुर संघहरू बनिसकेका थिए । ब्रिटिश उद्योगहरूको राम्रो दिन गुज्रिसकेको थियो र जर्मनी एवं अमेरिकाका बढ्दो उद्योगहरूको प्रतियोगिताको मुकाबिलामा ती झन् झन् गिर्दै गइरहेका थिए । संयोगवश अमेरिकासंग ठूलो मात्रामा प्राकृतिक साधन थियो, जसबाट त्यहाँ तीव्र ढंगले औद्योगिक विकास हुनु सहयोग मिल्यो । जर्मनीमा राजनीतिक निरंकुशता र औद्योगिक प्रगतिको अनौठो मेल थियो । त्यो निरंकुशतामाथि कमजोर र अधिकारविहीन संसद्को जलप लगाइएको थियो । विस्मार्कको शासनकालमा र त्यसपछि पनि जर्मन सरकारले उद्योगधन्दाहरूलाई कैयौं तरिकाले मद्दत गऱ्यो र मजदूरहरूको स्थितिलाई राम्रो पार्न सामाजिक सुधारका कानूनहरू बनाएर मजदूर वर्गलाई खुशी पार्ने कोशिस गऱ्यो ।

यस्तै गरी अंग्रेजी उदार दलले पनि केही सामाजिक कानूनहरू पारित गरेर श्रमको अवधिलाई घटायो र मजदूरहरूको अत्यन्त नराम्रो हालतलाई केही राम्रो बनायो । जबसम्म राम्रो हालत कायम रहिरह्यो, तबसम्म यो उपाय काम लागिरह्यो र अंग्रेज मजदूरहरू नरम र शान्त भइरहे, उनीहरूले श्रद्धाका साथ उदार दललाई भोट दिइरहे । तर १८८० पछि अन्य देशसंगको प्रतियोगिताले लामो समयसम्म कायम रहेको सम्बृद्धिलाई अन्त्य गरिदियो र इंग्लैण्डमा व्यापारको मन्दी छाउन शुरू भयो । त्यसैले मजदुरहरूको मजदूरीको दर पनि घट्न थाल्यो । त्यसैले मजदूहरूमा फेरि जागृति आउन थाल्यो र वायुमण्डलमा क्रान्तिको भावना भरिनथाल्यो । इंग्लैण्डमा धेरै जसो मानिसहरूको नजर मार्क्सवादतिर जान थाल्यो ।

❑ **राजेन्द्र महर्जन**

**"कार्ल मार्क्स र मजदूर संगठनहरुको उदय"** लेख (ग्लिम्पसेस अफ वर्ल्ड हिस्ट्री र 'इतिहासका महापुरूष' बाट अनुदित)

'दास क्यापिटल'
यस्तो विशिष्ट पुस्तक हो,
जसले धेरै मानिसहरूको सम्पूर्ण
विचारधारा नै फेरिरहेको छ
\- नेहरू



## ● भिन्न मत राख्ने विश्वप्रसिद्ध विद्वान कार्ल मार्क्सका बारेमा नेहरूको मत कस्तो थियो ?

यसरी पनि बन्न सक्छ- इतिहास !

▼



कम्प्युटर फोटो फाइल

# अमेरिकी "नागरिक अधिकार आन्दोलनकी आमा"को जीवनकथा

१ डिसेम्बर, १९५५

यो दिन कालो र गोरो वर्णमा विभाजित अमेरिकी समाजमा एउटा अति सामान्य घटना भयो । अमेरिकाको मोन्टगोमेरी भन्ने ठाउँमा एउटी नीग्रो जातिकी काली महिला रोजा पार्क बसमा यात्रा गरिरहेकी थिइन् । एउटा ठाउँमा एक जना गोरो पुरुष त्यही बसमा चढ्यो । उसले आफ्नो सामुन्नेको सिटमा काली महिला बसिरहेकी देखेर आफ्नो अधिकारको दाबी गऱ्यो । उसले काली हब्सी महिला रोजा पार्कलाई आफ्नो लागि तुरुन्तै सिट छोड्न दवाब दियो । तर रोजा पार्कले आफ्नो सिट छोडिनन् ।

अमेरिकी कानून अनुसार काला हब्सीले गोराहरुलाई सिट छाड्नु पर्दथियो । संगसंगै बसेर यात्रा गर्नु त्यहाँ दण्डनीय थियो । कानून अनुसार काला र गोराहरुको अलग्ग अलग्ग बस हुन्थ्यो, फरक फरक स्कूल हुन्थ्यो, संगसंगै पढ्न पाईंदैनथ्यो । अमेरिकी प्रजातन्त्रमा यस्तै नियम कानूनहरु थिए । बसमा र स्कूलमा समेत कालो र गोरो वर्णका आधारमा भेद गर्ने नियम कानूनहरु धेरै थिए ।

अमेरिकी 'प्रजातान्त्रिक' कानूनलाई शिरोपर गर्ने हो भने उक्त हब्सी महिला रोजा पार्कले गोरो बस यात्रीलाई आफ्नो सिट छोड्नु पर्थ्यो । तर उनले सिट छाड्न अस्वीकार गरिन् । यसरी सिट छाड्न अस्वीकार गरेकीले रोजालाई अपराधी ठहऱ्याइयो । कालो र गोरो वर्ण भेद गर्ने कानून तोडेको आरोपमा उनलाई अमेरिकीको "स्वच्छ, स्वतन्त्र र निष्पक्ष अदालत"ले जेलको संजाया दियो ।

हुन त एउटी हब्सी महिलालाई अमेरिकाको 'प्रजातान्त्रिक' कानून अनुसार दोषी ठहऱ्याएर जेल सजायँ दिइनु भनेको असामान्य कुरो थिएन । त्यहाँ कानून अनुसार नै कैयौं हब्सीहरुले दिनका दिन जेलको मुत्युदण्डको र आजीवन कारावासको सजायँ पाइरहेका थिए । तर रोजा पार्कले त्यही अमेरिकी 'प्रजातान्त्रिक' कानून तोड्ने साहस गरिन् र त्यही सिलसिलामा जेल सजाय पाइन् । उनको जेल सजायँले अमेरिकाका काला हब्सीहरुलाई अत्यन्त आहत पारिदियो । उनीहरु रोजा पार्कको जेल सजायबाट आहत भई बिस्तारै ब्यूँझिन थाले ।

अमेरिकाका काला जनताले बसको बहिष्कार गर्न थाले । काला र गोराहरुका लागि अलग्ग अलग्गै बसको व्यवस्था गरिएकोमा विरोध गरेर उनीहरुले बस बहिष्कार आन्दोलन चलाए । बसमा समेत वर्णभेद गर्ने व्यवस्थाको विरोधमा मोन्टगोमेरीबाट शुरु भएको बस बहिष्कार आन्दोलन एटलान्टा शहर हुँदै पहिले दक्षिण अमेरिका र अन्ततः सिंगो अमेरिकासम्म जंगलको आगो झैं फैलियो ।

३८१ दिनसम्म लम्बिएको यो आन्दोलनकै क्रममा एटलान्टा शहरको बस-बहिष्कार आन्दोलनको नेतृत्व गर्ने डा. मार्टिन लुथर किंग जुनियर अमेरिकाका एक जना राष्ट्रिय स्तरका नेताका रुपमा विकसित भएका थिए । यही क्रममा अमेरिकी सरकार र नवनाजी गोराहरुबाट डा. मार्टिन लुथर किंगलाई गिरफ्तार गर्ने, जेलमा कोच्ने, उनको घरमा बम प्रहार गर्ने र उनको ज्यान मार्ने प्रयास पनि धेरै नै भयो । (हेर्नुस् नव युवा पूर्णाङ्क-६ ।)

यी सबै चुनौतिहरुलाई चिरेर ३८१ दिनसम्म चलेको बस-बहिष्कार आन्दोलनले अन्ततः सफलता प्राप्त गरिछोड्यो ।

१९५६ मा लामो जनआन्दोलनको चापमा परेर अमेरिकाको सर्वोच्च अदालतले सार्वजनिक बसहरूमा कालो र गोरो वर्णभेदलाई अन्त गर्ने फैसला सुनायो । यो सफलता अमेरिकामा विद्यमान वर्णभेदको विरोधमा अमेरिकीहरूले थालेको संघर्षको महत्वपूर्ण सफलता थियो । योभन्दा केही समय अगावै स्कूलमा चलिरहेको वर्ण भेदलाई पनि अमेरिकी सर्वोच्च अदालतले समाप्त पारिसकेको थियो । यी दुई वटा क्षेत्रहरूमा सफलता प्राप्त गरिसकेपछि काला अमेरिकीहरूले आफ्नो समानता, स्वतन्त्रता र सामाजिक न्यायको संघर्षलाई अरू तीव्र पारे । त्यसपछि त १९६० को एक दशकभरि नै काला अमेरिकीहरूको नागरिक अधिकारको आन्दोलन र सशस्त्र विद्रोह भइरह्यो । यिनै संघर्ष र विद्रोहका विभिन्न स्वरूपहरूको नेतृत्व गरेर डा. मार्टिन लुथर किंग, माल्कम एक्स र जेम्स वाल्डविन जस्ता नेताहरू विकसित भएका थिए ।

बाँकी ३६ पेजमा



# क. निर्मल लामा के गर्दै हुनुहुन्छ, के सोच्दै हुनुहुन्छ ?

यस अंकदेखि हामीले
यो नयाँ स्तम्भ शुरू गरेका छौं ।
यसमा हामी पाठकहरूलाई नेपाली समाजका
विशिष्ट व्यक्तित्वहरूका समसामयिक गतिविधि र
विचारहरू जान्न मद्दत गर्ने सामग्रीहरू प्रस्तुत गर्नेछौं ।

**☞ हाल तपाई के गर्दै हुनुहुन्छ ? दिनचर्या कसरी चल्दैछ ?**

➢ प्रतिनिधि सभामा ९ जना सांसदहरू पुऱ्याउन सफल भई राष्ट्रिय पार्टीमा गनिएको सं.ज.मो. संसदमा अब शून्यको स्थितिमा झऱ्यो । यसले गर्दा पार्टीमा निराशा र निश्क्रियता छायो । मध्यावधि निर्वाचनले नेपालको राजनीतिक जगत्मा ठूलो उथलपुथल ल्याएर नेपालमा पहिलो पटक "कम्युनिष्ट" नाम गरेको एमालेको अल्पमतको सरकार गठन भयो ।

नेपाली कांग्रेस र राप्रपा प्रतिपक्षमा उभिन पुगे । एमाले सरकारले पूँजीवादी सुधारको घोषणा गरी 'कम्युनिष्ट सरकार'को भ्रमको लहर खडा गऱ्यो । संजमोका विचार र सिद्धान्तमा कमजोर केही जिम्मेवार साथीहरू पनि एमालेको सुधारको बाढीमा बगेर गए ।

यस्तो राजनीतिक स्थितिमा हाम्रो पार्टीभित्र बैचारिक, सैद्धान्तिक, संगठनात्मक, व्यावहारिक सुद्धीकरण र सुदृढीकरणको आवश्यकता भयो । त्यसैले, हामी नेतृत्वका कामरेडहरू घरपरिवारका कार्यहरूबाट मुक्त भई जिल्ला जिल्ला र गाउँ गाउँ घुमेर प्रशिक्षण कार्य गर्नमा जुट्यौं । एमालेको शासनकालभरी र वर्तमान तीनखुट्टे सरकारको प्रारम्भिक चरणको कालसम्म अरू कामरेडहरू जस्तै मैले पहाडी दुर्गम क्षेत्र र तराईका गाउँहरूमा समय व्यतित गरें ।

अहिले देशमा महँगी, कमिशनतन्त्र, भ्रष्टाचार, नातावाद र कृपावादले जनजीवन अस्तव्यस्त तुल्याएको छ । राष्ट्रघाती महाकाली सन्धि संसदबाट पारित गराउन सत्तापक्ष दौडधूप गर्दैछ । मेचीमा जङ्गे सीमास्तम्भ 'हिंडेर नेपालभित्र पसेको' छ । यसले गर्दा, एकातिर ०४६/४७ को जन-आन्दोलनबाट प्राप्त सीमित जनवादी अधिकारमाथि खतरनाक प्रश्न चिन्ह उठेको छ भने अर्कोतिर, राष्ट्रिय सुरक्षामा गंभीर खतरा उत्पन्न भएको छ । आम जनता अहिले यस स्थितिका विरुद्ध उत्तेजित भएका छन् ।

तसर्थ, हामीले यस सम्बन्धमा समान विचार राख्ने वामपन्थी राजनैतिक शक्तिहरूसंग गंभीरतापूर्वक वार्ता चलाएर देशव्यापी संयुक्त संघर्ष गर्ने निर्णय गऱ्यौं ।

यसै अवसरमा राष्ट्रिय जनतान्त्रिक मोर्चाले दुई चरणका संघर्षका कार्यक्रमहरू सम्पन्न गरिसकेको छ । त्यसको तेस्रो चरणको संघर्षका कार्यक्रमहरूको क्रममा नै भाद्र २८ गतेको नेपाल बन्दको कार्यक्रम घोषणा गरिएको हो ।

संघर्षको यो कार्यक्रमलाई उचित र सामयिक ठानी हाम्रो पार्टीले यसलाई सक्रिय समर्थन गर्ने निर्णय गरेपछि सिङ्गो पार्टीका कामरेडहरूसंगै संघर्षलाई सफल पार्ने कार्य नै हाल मेरो मुख्य दिनचर्या भएको छ ।

**☞ पहिलेको र अहिलेको आफ्नो जीवनमा के कति फरक पाउनु भएको छ ?**

➢ यो पहिलेको र अहिलेको जीवन भनेर मैले घर परिवार छोडेर नेपाली राजनीतिलाई जीवन बनाएर हिंडेपछि पंचायतकालको जीवनलाई पहिलेको र बिहे गरेपछि, खास गरी, बहुदल आएपछि आजसम्मको जीवनलाई अहिलेको जीवन मान्नु पर्ला ।

घरपरिवार छोडेर झण्डै १८-१९ वर्षको उमेरमा नेपालको राजनीतिमा हामफालेपछि झण्डै मेरो जीवन एक्लो बस्ने वा अरू कुनै परिवारसंग मिसिएर बस्ने जीवन थियो ।

सात सालको क्रान्तिमा राणाशाही ढलेपछि मैले सम्पन्न कांग्रेसी जीवन त्यागेर कम्युनिष्ट जीवन अप्नाएपछि मेरो जीवन सधैं घुमन्ते, बिनायोजनाको, बिनास्पष्टताको र स्वस्फूर्तताको जीवन रह्यो । पंचायती व्यवस्था आएपछि त मेरो जीवनको धेरै समय कारागारमा र भूमिगत रह्यो । कम मात्र बाहिर रह्यो ।

नेपालको राजनीतिमा लागेपछि कांग्रेसी २/३ वर्षको जीवन बाहेक मेरो जीवन सधैं आर्थिक संकटमा नै बित्यो ।

बिहे गरेपछि पनि धेरैजसो मेरो जीवन कारागार, भारत र नेपालमा भूमिगत नै रहयो । यसरी पारिवारिक जीवनको माया, ममता र स्नेहबाट म सधैं वंचित रहें ।

अहिले म परिवारसंग छु । श्रीमतीको कमाईले मेरो गुजारा चलिरहेकोले अहिले प्रायः पार्टीको निम्ति बोझ बन्नु परेको छैन । हिजोको र आजको जीवन मेरो उही नै छ, फरक यति छ कि- आज म परिवारसंग छु ।

**☞ हालको देशको स्थिति र नेपाली वाम-आन्दोलनलाई कसरी लिइरहनु भएको छ ?**

➢ आजको हाम्रो देशको स्थिति साँच्चै कहालीलाग्दो छ । कुनै पनि वर्गले सन्तोष गर्ने वा आशा गर्ने ठाउँ पाइरहेका छैनन् । अरू त अरू, सत्तासीन वर्ग समेत सन्तुष्ट छैन ।

सत्तामा पुगेकाहरू सत्ताको दुरूपयोग गरी कमिकमाउको प्रतिस्पर्धा गर्दैछन् । माथिल्लो तहका कर्मचारीहरू खुट्टा तानातानको खेल खेलिरहेछन् ।

तर, सर्वसाधारणको जीवन भने झन् झन् जटील बन्दै गइरहेको छ । शहरका मध्यम वर्ग र मजदूर वर्ग महँगी, बेकारी र प्रदूषणको शिकार भएका छन् । विद्यार्थी, युवक, महिला, बुद्धिजीवी, जनजाति आदि समाजका कुनै वर्गले पनि सन्तुष्ट हुने र आशा गर्ने ठाउँ नै छैन ।

जम्मामा भन्दा, नेपालीको सार्वभौमसत्ता र राष्ट्रियता ठाडै मिचिएको छ । जनतन्त्र खतरामा छ । जनजीविकाको स्तर दिनदिनै तल तल खसिरहेको छ ।

यसरी के कुरा स्पष्ट हुँदैछ भने, गरी खाने वर्गलाई शोषण गर्ने होडमा बसी खाने वर्गका बीच एक आपसमा लडाई चल्नु आजको हाम्रो समाजको आर्थिक र राजनीतिक विकासको

**आज पनि मार्क्सवादको सारतत्व राम्ररी बुझेको छु भन्ने मेरो दावी छैन !**

बिन्दुको अनिवार्य परिणाम हो ।

त्यस्तै, शोषक वर्गको शोषणविरूद्ध लड्न गरीखाने वर्गले बाँच्न र संगठित हुनैपर्छ । यो पनि आजको राजनीतिक स्थितिको अनिवार्य परिणाम हो । यी दुवै स्थितिलाई कुनै पनि शक्तिले रोक्न सक्ने छैन ।

आजको यस्तो बस्तुगत राजनैतिक स्थिति र त्यसको अनिवार्य परिणामको उपेक्षा गर्दै एकातिर जनताको बहुदलीय जनवादको नारा उठाएर पूँजीवादी जनवादी सुधारको धापमा नेपाली वामपन्थी आन्दोलन फँसिरहेको छ । अर्कोतिर, नेपाली सन्दर्भभन्दा अलग सफल कम्युनिष्ट क्रान्तिहरूको नक्कल गरेर पनि नेपाली वामपन्थी आन्दोलन दुस्साहसवादको पनि शिकार हुँदैछ ।

**☞ अहिलेको वाम–आन्दोलनबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? त्रुटी के के देख्नु भएको छ ?**

➢ दाहिने र देब्रे धारबाट शिकार भएको नेपाली वाम–आन्दोलनबाट कुनै पनि सही वामपन्थी सन्तुष्ट हुने कुरै भएन ।

मेरो दृष्टिमा यो आन्दोलनको ठूलो त्रुटी नै के रहयो भने, वैचारिक सैद्धान्तिक, राजनैतिक र व्यवहारिक रूपमा योजनाबद्ध भएर दाहिने र देब्रे भड्काववको विरूद्ध नेपाली सन्दर्भमा प्रामाणिक रूपमा प्रभावकारी संघर्ष अहिलेसम्म हुन सकेन ।

> नेपाली वाम आन्दोलन अहिलेसम्म दाहिने र देब्रे भड्कावको शिकार बन्दै आएको छ

**☞ वाम–आन्दोलनका एक वरिष्ठ नेताको हैसियतले तपाई आफ्ना सबल र दुर्बल पक्षहरुलाई कसरी मूल्यांकन गरिरहनु भएको छ ?**

➢ मेरो दुर्वल पक्ष के हो भने, म कम्युनिष्ट भएको र वर्षौं काम गरेको अवधिभरी मैले मार्क्सवादको गहिरो अध्ययन गर्न सकिनँ र मार्क्सवाद–लेनिनवाद र माओ विचारधाराको सारतत्वलाई प्रभावकारी ढंगले पक्रन सकिनँ ।

२०१७ सालको काण्डपछि जेल जीवनमा जेलमै केही अध्ययन गर्ने अवसर पाएँ । आज पनि मार्क्सवादको सारतत्व राम्ररी बुझेको छु भन्ने मेरो दावी छैन तर पनि हिजोको तुलनामा मार्क्सवादलाई नेपाली सन्दर्भमा बुझ्ने मेरो प्रयत्नले विकास गरेको अनुभव भने गर्छु ।

**☞ अबको नेपाली वाम आन्दोलनले कुन दिशा लिनु पर्छ भन्ने लाग्दछ र त्यसप्रति तपाई कत्तिको आशावादी हुनुहुन्छ ? त्यसमा तपाईको भूमिका कस्तो हुनेछ ?**

➢ नेपाली वाम–आन्दोलनको दिशा नेपाली समाजको आर्थिक, राजनैतिक र सांस्कृतिक विकासको आजको अवस्थाले निर्धारण गर्ने वस्तु भएकोले यसलाई नेपाली विशिष्टतामा बुझ्नु पर्छ । यसका निम्ति नेपाली भूगोल, इतिहास, संस्कृति, आर्थिक प्रणाली, राजनैतिक आन्दोलन र समाजको चेतनालाई यसको विशिष्ट नेपाली गतिमा बस्तुवादी अध्ययन गरी ठोस निष्कर्ष निकाल्न आवश्यक छ ।

नेपाली वाम आन्दोलन अहिलेसम्म दाहिने र देब्रे भड्कावको शिकार बन्दै आएको छ । यसको उद्गम थलो पूँजीवादी र निम्न पूँजीवादी वर्गीय विचार हो भन्ने विषयलाई गहिरोसंग बुझ्नु पर्दछ । नेपाली समाज आज निम्न पूँजीपति वर्गले भरिएको र सर्वहारा वर्ग शिशु अवस्थामा रहेको तथ्यबाट पनि आँखा चिम्लनु हुन्न ।

यसरी ठोस स्थितिको ठोस विश्लेषण गरेर नेपाली वामपन्थी कार्य–दिशा निर्धारण गर्दा पार्टी निर्माण कार्य र जनतालाई सजग बनाउने कार्य विभिन्न संघर्षबिना संभव हुँदैन । तसर्थ, आजको संकटमय नेपाली परिवेशमा संघर्षको प्राथमिक स्वरूप र त्यसका रणनैतिक लक्ष्यले पनि प्राथमिक कर्तव्य सरह महत्व राख्दछ ।

आज गाउँ, शहर सबै ठाउँमा जन संघर्षका संकेतहरू देखा परेका छन् । यही संकेतहरूलाई समातेर र उपयोग गरेर सदन, सडक र गाउँका संघर्षहरूको विकास गरेर नयाँ जनवादी क्रान्तिको ठोस विकास गर्नु नै आजको वामपन्थी आन्दोलनको सही कार्यदिशा हुन्छ भन्ने विषयमा म विश्वस्त छु ।

यस्तो निष्कर्ष हाम्रो बस्तुवादी विश्लेषण र समाजको विकासको नियममा आधारित भएको हुनाले यसको सफलतामा पूर्ण रूपले आशावादी हुनु अस्वाभाविक होइन । ❑

---

रोचक प्रसंग

## यस्तो थियो उपचार प्रणाली जंगबहादुरको पालामा



श्री ३ जंगबहादुरको यूरोप भ्रमणको बेलाको हो । उनी बेलायतको भ्रमणपछि फ्रान्सको भ्रमणमा गएका थिए । एक दिन उनी आफ्ना भाइहरुका साथ फ्रान्सको डिजर्डिनमा शूटिङ्ग ग्यालरीमा तारो हान्न गएका थिए ।

जब उनी तारो हानिरहेका थिए, एक जना राम्री फ्रेन्च केटीले आएर उनलाई "म पनि तारो हान्न सक्छु ?" भनी सोधिन् ।

जंगबहादुरले पनि तुरुन्तै आफूसंग भएको पिस्तोल उनलाई दिएर तारो हान्न लगाए । तर केटी हड्बडाइन् । यसले गर्दा तारो हान्नु अगावै पिस्तोलको गोली छुटेर अलिपर उभिएको धीर शमशेरको तिघ्रामा लाग्न गयो ।

गोली लागेर रगतका फोहोरा छुटेपछि त्यहाँ भएका सबै मानिसहरु झुम्मिए र धीर शमशेरलाई हस्पिटल लान खोजे । तर जंगबहादुरले उनलाई हस्पिटल लान दिएनन् ।

"यति सानो घाउलाई हामी केही मान्दैनौं, यो घाउ आफैं ठीक हुन्छ" भन्दै सिद्धिमानको पटुका च्यातेर घाउमा बाँधिदिएर भाइलाई भने– "सान्नानी नखोच्याई हिंडेस् !" धीर शमशरले पनि त्यसै गरे ।

यो क्रियाकलाप देखेर त्यहाँ भएका सबै फ्रेन्चहरु अचम्भित भए । त्यसपछि उनी तुरुन्तै आफू बसेको होटेलमा फर्के । होटलमा पुग्ने बित्तिकै उनले धीर शमशेरको तिघ्रामा रहेको गोलीलाई सनासोले झिकेर त्यस घाउमा महा नारायणी तेल लगाइदिए ।


त्यो घाउ यत्तिकै निको भयो ।

❑

साभार: पुष्कर शमशेरद्वारा लिखित श्री ३ महाराजहरूको तथ्य वृत्तान्त

---


महावली हनुमानको वरदान !
सुन्दर र सुरक्षित छानाको पहिचान !!



हनुमान छाप कर्कट (जस्ता) पाता
टिकाउपनाको अर्को नाम
सुन्दर स्टील्स प्रा. लि.

बिरगञ्ज फोन : ०५१-२१८२४ (अफिस), ०५१-२३१०२ (फ्याक्ट्री),
काठमाडौं फोन : २७०७३०, २७०४५६,
फ्याक्स : ९७७-१२७०९७३



# स्वास्थ्य सेवाको क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ ?

## अन्तर्क्रियाः डा. शरद वन्त, डा. सरोज धिताल र डा. केदार बरालका बीच भएको प्रत्यक्ष विचार-अन्तर्क्रियाको रिपोर्ट

❑ *अहिले नेपालमा साम्राज्यवाद विभिन्न क्षेत्रमा क्रियाशील छ, त्यसमध्ये एउटा स्वास्थ्य क्षेत्र भइरहेको छ । तपाईंहरूको निरीक्षणमा उसले कसरी हाम्रो स्वास्थ्य क्षेत्रमा प्रभाव पारिरहेको छ ?*

**डा. शरद वन्त-** अरू क्षेत्रहरूमा जसरी साम्राज्यवादले प्रभाव पारिरहेको छ, त्यस्तै किसिमले स्वास्थ्य क्षेत्रमा पनि पारिरहेको छ। स्वास्थ्य क्षेत्र तिनीहरूको कुल आक्रमणको एउटा अभिव्यक्ति हो भन्ने मलाई लाग्छ ।

यो प्रश्नलाई उल्ट्याएर हेर्नुपर्ने हुन्छ होला । अथवा, समुच्चमा साम्राज्यवादको जुन प्रभाव देशमा पर्छ, स्वास्थ्य क्षेत्रमा देखापर्ने प्रभाव त्यसको एउटा अभिव्यक्ति मात्र हो ।


सोझै हिसाबले हेर्ने हो भने, अहिले संरचनागत समायोजन कार्यक्रम (Structural adjustment program) अन्तर्गत स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रलाई अन्धाधुन्ध निम्त्याउने जुन काम सरकारले गरेको छ, त्यो पनि यही प्रभावकै कारण हो कि भन्ने मलाई लाग्छ । त्यसैले निजीकरण अन्तर्राष्ट्रिय दवाबबाट भएको हो भन्ने प्रष्ट नै छ । अर्को कुरो, ओखती र प्रविधिको क्षेत्रमा पनि उनीहरूको घुसपैठ भइरहेको छ । बहुराष्ट्रिय कम्पनीका औषधिहरू र प्रविधिहरू नेपालको आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पर्ने गरी भित्रिरहेका छन् । यी औषधि र प्रविधिहरू पटक्कै चाहिँदै नचाहिने भन्ने कुरा त होइन । तर हाम्रो देशको सन्दर्भमा तिनीहरूको कत्तिको उपादेयता छ ? यस कुराको लेखाजोखा नै नभइकन नेपालमा जसरी औषधिहरू र प्रविधिहरू अहिले आयात भइरहेछन्, यसलाई एउटा आर्थिक शोषणकै दर्जामा राख्न सकिन्छ ।

तेस्रो कुरा, यहाँ दाता राष्ट्रहरूका ऋण सहयोगहरू संगसंगै उनीहरूका महँगा सल्लाहकार र विशेषज्ञहरू पनि भित्रिने गरेका छन् । नेपालको आफ्नै वास्तविकताको परिप्रेक्ष्यमा उनीहरू साँच्चै नै उपयुक्त सल्लाह दिनसक्ने हुन् कि होइनन् ? उनीहरू साँच्चै नै हाम्रा समस्याका विशेषज्ञ हुन् कि हैनन् ? यसमा शंका छ। तर तिनै विशेषज्ञ र सल्लाहकारमार्फत् नेपालमा साम्राज्यवादीहरूको स्वार्थ भने राम्ररी घुसिरहेको छ। तिनै सल्लाहकार र विशेषज्ञको सल्लाह मुताविक हाम्रो देशको नीति निर्णय हुने गरिरहेछ ।

दाता राष्ट्रको कन्सल्टैण्ट भनेको त्यो हो- जसले दाताहरूको स्वार्थलाई हाम्रो देशमा कार्यान्वयन गर्ने काम गर्छ । उनीहरू यसैका निम्ति भाडामा आएका हुन्छन् । उनीहरूलाई हाम्रो देशको स्वार्थ सम्बन्धमा के नै मतलब हुन्छ र ? उनीहरू दाता राष्ट्रको स्वार्थलाई हाम्रो देशको नीति र कार्यक्रममा अनुवाद गर्न आएका हुन्छन् । मलाई लाग्छ अघोषित रूपमा तिनीहरूले नै हाम्रो देश चलाइरहेका छन् । हाम्रो देशको स्वास्थ्य नीति उनीहरूले नै बनाइरहेका छन् ।

***श्याम श्रेष्ठ-** स्वास्थ्य क्षेत्रलाई निजीकरण गरिंदा यसबाट नेपाली जनताहरूमा के कस्ता असरहरू पर्न सक्छन् ?*

**शरद वन्त-** देशको निम्ति अनुपयुक्त प्रविधि र अनावश्यक औषधि भित्र्याउनुमा उनीहरूको स्वार्थ त सोझै आर्थिक लाभ नै हो। अर्को, निजीकरणलाई बढावा दिनुको कारण चाहिँ राज्यलाई सामाजिक क्षेत्रबाट विस्तारै पन्छाउन लैजान खोज्नु हो । यसमा उनीहरूको स्वार्थ के हुन सक्छ भने, यदि राज्य जनहितको निम्ति प्रतिवद्ध र सजग भयो भने देशमा



**साम्राज्यवादबारे हामीले गएको अंकदेखि समग्रमा धारणा बनाउन मद्दत पुग्ने खालका लेख, अन्तर्क्रिया, अन्तर्वार्ता र विशेष सामग्री प्रकाशित गर्न थालेका छौं । विश्व साम्राज्यवादले सिङ्गै संसारलाई गाँजिरहेको अहिलेको विश्व परिस्थितिमा साम्राज्यवादको बदलिंदो स्वरुप, विशेषता र रणनीतिबारे सही धारणा बनाउनु नितान्त जरुरी ठानेर हामीले यो प्रक्रिया थालेका हौं ।**

**साम्राज्यवाद विरोधी राष्ट्रिय मंच, नेपाल हालसालै गठन भएको छ । यो मंचले प्रारम्भमै साम्राज्यवादबारे सही धारणा बनाउने कामलाई आफ्नो पहिलो प्राथमिक काम बनाउन लागेको छ ।**

**यो परिप्रेक्ष्यमा आम पाठकहरुलाई र नवगठित मंचलाई विश्व साम्राज्यवादको बदलिंदो स्वरुप, विशेषता र रणनीतिबारे धारणा बनाउन सजिलो होस् भन्ने हेतुले हामीले यो अंकमा नेपालमा स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्नेबारे एउटा ज्ञानबर्द्धक अन्तर्क्रिया**

उनीहरूको स्वार्थ घुसाउन गाह्रो हुन्छ । राज्यले त्यसलाई नियन्त्रण गर्न सक्छ । उनीहरूको स्वार्थ घुसाउन गाह्रो पर्ने गरी कानून बनाउन सक्छ । निजीकरण गरियो भने राज्य सामाजिक हितको निगरानी र नियन्त्रणबाट पर हट्छ । सामाजिक क्षेत्रबाट राज्य पंछिएपछि खुल्ला बजार र निजी क्षेत्रबाट साम्राज्यवादीहरूको नाफाको स्वार्थ सजिलै घुसाउन र पूर्ति गर्न सकिने हुन्छ । त्यसैले निजीकरण भन्नुको मतलब राज्य सामाजिक क्षेत्रबाट पर हटोस् भन्ने साम्राज्यवादीहरूको चाहना हो ता कि- उनीहरू बिना बाधा-विरोध हरतरहले मालामाल नाफा कमाउन सकून् ।

फेरि "स्वास्थ्य सेवाको निजीकरण" भन्नुको मतलब पैसा हुनेले स्वास्थ्य सेवा प्राप्त गर, नहुनेले त्यो प्राप्त गर्न सक्दैनौ भनेको हो । स्वास्थ्य सेवा कसैले पायो कि पाएन राज्यलाई अब कुनै सरोकार छैन भनेको हो । यो नीतिबाट देशका असंख्य गरीब जनताहरूले स्वास्थ्य सेवा पाउनै नसक्ने स्थिति खडा हुनेछ । किनकि उनीहरूसित त्यो किन्ने पैसा नै हुँदैन ।

**डा. केदार बराल**- उनीहरू हामीलाई अत्याधुनिक प्रविधि दिएर सहयोग गर्ने भनेर जसरी आइराखेका छन्, वास्तविकता त्यो होइन । वास्तवमा यसमा उनीहरूको दुई वटा स्वार्थ देखिन्छ । एउटा, नाफा कमाउने र अर्को प्राविधिज्ञ पठाएर उनीहरूका मान्छेलाई रोजगारी दिने । उनीहरूसंग नेपाललाई कति वर्षमा कुन क्षेत्रमा सक्षम बनाउने भन्ने कुनै योजना नै छैन र हुने गर्दैन । उनीहरू हामीलाई आफ्नो सामान पनि बेच्छन, त्यसको साथमा टेक्निसियन पनि पठाउँछन् । उनीहरू जसलाई विशेषज्ञ भन्छन, ती वास्तवमा साम्राज्यवादीहरूका टेक्निसियन नै हुन् । यहाँ उनीहरूका आफ्ना कुन कुन औषधिको लागि बजार विकास गर्ने ? कुन औषधि र प्रविधिलाई नीतिमा समाविष्ट गर्ने ? कुन कुन मेशिन र औषधि बेसी बिकाउने ? यी कुरा उनीहरूको नाफा र उत्पादनसंग सम्बन्धित कुरा हुन् । ती विशेषज्ञ सल्लाहकारले यिनै काम गर्छन् ।

उनीहरूको औषधिको डम्पिङ स्थान भनेको नेपाल नै भइरहेको छ । अन्यत्र प्रतिबन्धित र नबिक्ने ओखती यहाँ बिक्री गर्न पठाइँदैछ । किनभने, हामीसंग यहाँ उपभोक्ता कानून छैन र सरकारले यसलाई नियन्त्रण गर्ने कानून पनि बनाएको छैन । त्यसैले उनीहरूको लागि त हामीहरू विशेष नाफादायक बजार हौं । स्वास्थ्य क्षेत्र सरकारको नियन्त्रणमा भइराख्ने हो भने, यस मामलामा जनविरोध पनि आउन सक्छ । जनविरोधको कारणले सरकारले त्यस्ता नचाहिँदा वा हानिकारक ओखतीमाथि प्रतिबन्ध पनि लाउन सक्छ । त्यही कुरा निजी क्षेत्रमा भयो भने त, 'यो हाम्रो सरोकारको कुरा होइन' भनेर सरकार पन्छिन पाउँछ । त्यसैले निजीकरणको नीति ल्याइएको हो ।

स्वास्थ्य क्षेत्रमा सरकारको प्रतिवद्धता भएको देखिँदैन । १९९१ देखिको नेपालको स्वास्थ्य संबन्धी सूचांकमा अहिलेसम्म केही परिवर्तन भएको देखिँदैन ।

मेरो विचारमा स्वास्थ्यलाई देशका अरू परिप्रेक्ष्यमा पनि सम्बन्धित गरेर हेरिनु पर्छ । यो कुनै पनि देशको सामाजिक, आर्थिक अवस्थासंग सम्बन्धित हुन्छ । उदाहरणको लागि पूर्व सोभियत संघको पतनपछि त्यहाँको स्वास्थ्य व्यवस्था स्वतः परिवर्तन भयो । जहाँ राज्यको सामाजिक र राजनैतिक प्रतिवद्धता हुन्छ, त्यहाँ स्वास्थ्य व्यवस्थामा राम्रो विकास हुन्छ । निजीकरणको नाममा अहिले जसरी स्वास्थ्य क्षेत्रलाई नै निजीकरण गर्ने भनेर कुरा आइरहेको छ, त्यसले जनताको सेवा गर्छ भन्ने कुरा कल्पना नै गर्न सकिँदैन । स्वास्थ्य सेवा जोसंग पैसा हुन्छ, त्यसले मात्र किन्न सक्ने हुन्छ ।

उदाहरणको लागि, अहिले ३ रू. मा पाइने *जीवनजल* जस्तै अर्को *जीवन शक्ति* १० रू. मा बेच्न थालिएको छ । त्यस्तै गत वर्षको बजेटमा एउटा ग्रामीण स्वास्थ्य कार्यकर्ता, जो स्वास्थ्य चौकीमा काम गरिरहेको छ, त्यसलाई औषधि पसल खोल्न ऋण दिने कुरा छ । अब प्रश्न उठ्छ- जसले व्याज तिरेर ओखती पसल खोल्न ऋण लिएको छ, र त्यसबाट व्यवसाय चलाएको छ, त्यसको ध्यान स्वास्थ्य चौकीमा हुन्छ कि नाफामा हुन्छ ?

**स्वास्थ्य क्षेत्रलाई निजीकरण गरिंदा यसबाट नेपाली जनताहरुमा के कस्ता असरहरु पर्न सक्छन् ?**



*अन्तर्क्रियामा सहभागी डाक्टरहरु (वायाँबाट) सरोज धिताल, शरद वन्त र केदार बराल*

**कार्यक्रमको रिपोर्ट प्रस्तुत गर्न लागिरहेछौं ।**

**यो अन्तर्क्रिया कार्यक्रम मूल्याङ्कन मासिकको कार्यालयमा डा. शरद वन्त, डा. सरोज धिताल र डा. केदार बरालका बीच सम्पन्न भएको थियो । प्रस्तुत रिपोर्ट- त्यही अन्तर्क्रियाको सारसंक्षेप हो ।**

**उहाँहरु तीनै जना नेपालको जनस्वास्थ्यका क्षेत्रमा राम्रो अनुभव र ज्ञान हासिल गर्नुभएका डाक्टरहरु हुनुहुन्छ र साम्राज्यवाद कसरी नेपालमा स्वास्थ्य क्षेत्रमा क्रियाशील भइरहेछ भन्नेबारे उहाँहरुसंग आफ्नै जीवन्त अनुभव छ ।**

**हामी अर्को पटक- सांस्कृतिक क्षेत्रमा साम्राज्यवाद कसरी पसिरहेछ भन्नेबारेको जीवन्त अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट पेश गर्ने छौं । यो अन्तर्क्रिया गोविन्द भट्ट, खगेन्द्र संग्रौला, डा. चैतन्य मिश्र, निनु चापागाई र हरिगोविन्द लुईंटेलबीच सम्पन्न भएको थियो ।** **-मूल्यांकन**

**"स्वास्थ्य सेवाको निजीकरण" भन्नुको मतलब पैसा हुनेले स्वास्थ्य सेवा प्राप्त गर, नहुनेले त्यो प्राप्त गर्न सक्दैनौ भनेको हो**

**साम्राज्यवादीहरूको औषधिको डम्पिङ स्थान भनेको नेपाल नै भइरहेको छ । अन्यत्र प्रतिबन्धित र नबिक्ने ओखती यहाँ बिक्री गर्न पठाइँदैछ ।**



**निजीकरणकै माध्यमद्वारा साम्राज्यवादीहरु मान्छेको सोच नै बदलेर ती देशमा मान्छेहरुलाई रोबोट बनाउन खोजिरहेका छन् ।**

**सरकारले जन-स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पन्छाउँदै लैजाने र स्वास्थ्य सेवा दिनहुँ महँगो हुँदै जाने भएपछि जनताको स्वास्थ्यमा कस्तो प्रभाव पर्छ ?**




उसको ध्यान व्यापारमा हुन्छ कि स्वास्थ्य सेवामा ? उसले रू ३ को *जीवनजल* बेच्न खोज्छ कि रू १० मा पाइने *जीवनशक्ति* ? यो प्रक्रियाबाट त्यो स्वास्थ्य चौकीको स्वास्थ्य कार्यकर्ताले के जनताको सेवा गर्ला ?- गम्भीर प्रश्न पैदा भएको छ । यो एकदमै खतरनाक कुरा हो । तर निजीकरणका नाममा यस्तो हुन थालिसकेको छ नेपालमा । र यो निजीकरणमार्फत् नै यहाँ साम्राज्यवादी स्वार्थ पसिरहेको छ ।

अर्को, प्रविधिको कुरा गर्ने हो भने पनि, जब जब बहुराष्ट्रिय कम्पनीलाई नाफा र फाइदा नहुने प्रविधि नेपालमा प्रयोग हुन खोज्छ, त्यो असफल पारिएको देखिन्छ । उदाहरणको लागि नेपालमा गत दुई वर्षदेखि आयुर्वेदिक क्याम्पस बन्द भइरहेको छ । किनकि, यसले त हाम्रै देशको जडीबूटीको प्रयोग गर्छ र आफ्नै प्रविधि प्रयोग गर्छ । यसबाट ओखती बनाउने बहुराष्ट्रिय कम्पनीलाई कुनै फाइदा हुँदैन, बरू घाटा हुन्छ । त्यसैले बहुराष्ट्रिय कम्पनीहरूले विश्व बैंकमार्फत् नेपालको सरकारलाई दवाब दिएर यो बन्द गर्न लगाएको छ ।

स्वास्थ्य क्षेत्रको ट्रेनिङ्गमा पनि पश्चिमी साम्राज्यवादी राष्ट्रहरूको स्वार्थ अनुकूलको शिक्षा र ज्ञान नेपालमा लाद्ने गरिएको छ । यसैको आधारमा नेपालमा स्वास्थ्य शिक्षाको पाठ्यक्रम परिवर्तन गरिन्छ । उनीहरूकै स्वार्थ र हित अनुकूलको पाठ्यवस्तु र पाठ्यक्रम अनुसार यहाँ डाक्टरहरूको पढाइ हुन्छ । र, त्यसरी पढाइएका र तालिम दिइएका डाक्टरहरूले नै विरामीको लागि ओखतीको र प्रविधिको प्रेस्क्रिप्शन लेख्छन् । यसरी डाक्टरमार्फत् उनीहरूका नचाहिँदा ओखती र प्रविधि पनि हामीले किन्नु पर्ने पारिन्छ ।

उनीहरूको प्राथमिकता अनुसार यहाँ काम भइरहेको छ । हाम्रो देशको जुन प्राथमिकता हो त्यो विस्तारै हराउँदै गइरहेको छ । *डा. शरद*ले भन्नु भए जस्तै हाम्रा योजनाहरू बनाउन समेत विदेशी विशेषज्ञहरू आउँदैछन् । योजनामै उनीहरू पसिसकेपछि २० वर्षपछि हामीले चलाउनै नसकिने स्थितिमा हाम्रो देश गइसकेको हुनेछ । झाडा पखाला, बच्चामा हुने निमोनिया, सुँडेनी तालिम जस्ता हाम्रा प्राथमिकताका कुराहरूमा यसपालिको बजेटमा खर्च घटाइएको छ । आखिर यो किन भइरहेछ ? कसको निर्देशनमा भइरहेछ ? कसको प्राथमिकता अनुसार भइरहेछ ?



–डा. शरद वन्त–

**आम जनताहरू झन् झन् गरीब हुँदै गइरहेका छन्, यसले गर्दा ती गरीब जनताको स्वास्थ्यमा ठूलो असर परिरहेको छ**

यसरी पसिरहेछ स्वास्थ्य क्षेत्रमा साम्राज्यवाद ।

**डा. सरोज धिताल-** साम्राज्यवादकै कुरा गर्ने हो भने पहिले र अहिलेमा निकै फरक तरिकाले उनीहरू आइरहेका छन् । पहिलेका साम्राज्यवादीहरूबीच क्षेत्रीय रूपमा बजारको भागवण्डा हुन्थ्यो, अहिले सबै साम्राज्यवादीहरू सबैतिर प्रवेश गरिरहेका छन् ।

दोस्रो कुरा, राष्ट्रियताको भावना हत्तपति नमर्दोरहेछ भन्ने पाठ सिकेपछि उनीहरू अहिले प्रष्ट रूपमा राष्ट्रियतामा हस्तक्षेप नगरेको देखाउन खोजिरहेछन् । उनीहरू अहिले मानिसहरूलाई शारीरिक रूपले नष्ट गर्ने खालका हतियारहरू उपयोग नगरिकन मानिसहरूको मानसिकता नै बदलेर मानिसलाई उपयोग गर्ने खालका हतियार प्रयोग गर्न थालेका छन् । उनीहरू मानिसहरूलाई उनीहरूले चाहे अनुसारको काम गर्ने रोबोटको रूपमा बदल्न खोजिरहेका छन् । यसका लागि उनीहरूले मानिसहरूलाई विचारशून्य बनाउन लागिरहेका छन् । किनभने, विचारशून्य मानिस त रोबोट जस्तै हुन्छ । यही क्रममा उनीहरू हामीलाई आत्मनिर्भरताको नारा दिइरहेछन्, तर वास्तवमा पूर्ण रूपले उनीहरूप्रति नै निर्भर मान्छे तयार गरीरहेका छन् । उनीहरू मानवीय मुकुण्डो लगाएर मान्छेलाई अमानवीकरण गरिरहेछन् । उनीहरू स्वतन्त्रताको कुरा गरिरहेछन्, तर वास्तवमा स्वतन्त्रता हनन् गरिरहेका छन् ।

*डा. केदार*ले भन्नु भएको एउटा महत्वपूर्ण कुरा के हो भने- हामीले हाम्रो लागि हाम्रै आवश्यकता अनुसारको डाक्टर तयार गर्नु पर्छ । तर साम्राज्यवादीहरू यहाँका डाक्टरलाई उनीहरूले नै मान्यता दिएको हुनुपर्ने बाध्यता सिर्जना गराइरहेछन् । यो एउटा असाध्यै ठूलो षड्यन्त्र हो । उनीहरू मान्छेको डाक्टर भनेको मान्छेको शरीर र आत्मामा हस्तक्षेप गर्ने अधिकार प्राप्त हुनुपर्छ र उनीहरू त्यही अनुरूपको उच्च गुणयुक्त हुनुपर्छ भन्ने नारा दिन्छन् । यसलाई बेठीक भन्नु पनि गाह्रो हुन्छ । तर, फेरि उनीहरूले बिग्रेको मेसिन बनाउँने सफल कालिगढ जस्ता डाक्टरहरू तयार पारिरहेका छन् । उनीहरू स्वास्थ्यको परिभाषा आफ्नो अनुकूल बनाएर गर्दछन् । उनीहरूका अनुसार शरीररूपी मेसिन बिग्रेको छैन भने 'स्वस्थ', बिग्रेको छ भने 'अस्वस्थ' भन्ने हो । उनीहरू भन्छन्- 'मान्छे भनेको मर्मत गर्न सकिने चीज हो ।' बस्, त्यसको मर्मत गर्ने मेशिन र प्रविधि उनीहरूकै देशमा बनेको 'उच्चस्तरीय' हुनुपर्‍यो । यसरी उनीहरू नेपाललाई उनीहरूप्रति निर्भर बनाइरहेका छन् ।

नेपालको आवश्यकता बुझेका असाध्य राम्रा सर्जिकल हायण्ड भएका डाक्टरहरू यहाँ छन् । ठूला अस्पतालका बरिष्ठ सर्जनहरू धेरै हदसम्म यस्ता सर्जिकल रजिष्ट्रार वा सर्जिकल रेजीडेन्टमाथि निर्भर हुन्छन् । वस्तुतः अधिकांश जोखीमी र ज्यान जोगाउने अपरेशन यिनैले गरिरहेका हुन्छन् । तर उनीहरूसंग विदेशीले दिएको सर्टिफिकेट छैन भने उनीहरूलाई सर्जरी गर्ने मान्यता हुँदैन । यसरी हाम्रो देशमा उनीहरूको 'स्टायण्डर्ड' अनुसार त्यस्तो जनशक्ति तयार भइराखेको छ, जो उनीहरूको कब्जाबाट कहिल्यै मुक्त हुन सक्तैन ।

अर्को, साम्राज्यवादको शुरूवातताका राज्यहरूको भूमिका 'जनतालाई दवाउने' र 'आफ्नो राष्ट्रलाई अरूबाट मुक्त पार्ने' दुवै हुन्थ्यो । अहिले आएर राज्यको भूमिका बहुराष्ट्रिय कम्पनीलाई नाफा कुम्ल्याउने बाटो सहज गरिदिने र जनतालाई दबाउने भइरहेको छ । अब यो प्रक्रिया ठ्याक्कै उल्टिनु पर्‍यो । भनाइको अर्थ, सरकारले जनतालाई सहज पार्ने र बहुराष्ट्रिय कम्पनीलाई चाहिं मनपरी नाफा कमाउन बाधा हाल्ने काम गर्नु पर्‍यो ।

पछि यस्तै स्थिति आउँछ भन्ने कुरामा साम्राज्यवादीहरू विश्वस्त छन् । त्यसैले उनीहरू जतिसक्यो उति छिटो निजीकरण गराउँने काममा लागि परेका छन् । यसरी सबै क्षेत्रमा निजीकरण भइसकेपछि जतिसुकै राष्ट्रवादी सरकार आए पनि उपाय रहन्न । विश्वका विभिन्न देशहरूमा जनतालाई सहज पार्ने र साम्राज्यवादलाई निरूत्साहित गर्ने खालका सरकारहरू गठन हुन सके भने मात्र साम्राज्यवाद संकटमा पर्न थाल्छ ।

यसैलाई रोक्न उनीहरू निजीकरण विभिन्न क्षेत्रमा गराउँनतिर लागिपरेका हुन् । विभिन्न क्षेत्रहरूमध्ये स्वास्थ्य र शिक्षा क्षेत्र यस्तो क्षेत्र हो, जसले मान्छेलाई नै परिवर्तन गर्छ । यसैका माध्यमद्वारा साम्राज्यवादीहरू मान्छेको सोच नै बदलेर ती देशमा मान्छेहरूलाई रोबोट बनाउन खोजिरहेका छन् ।

**डा. शरद-** *डा. सरोज*ले जुन कुरा भन्नुभयो त्यो एकदमै सान्दर्भिक छ । स्वास्थ्य क्षेत्रमा के प्रभाव पारेको छ भन्ने कुरा बुझ्नको लागि अन्य क्षेत्रमा के प्रभाव पारेको छ भन्ने कुरा बुझ्नु जरूरी छ । प्रथम र प्रमुख कुरा, आर्थिक क्षेत्रमा हेरौं । संरचनागत समायोजन कार्यक्रम लागू भएपछि केही वर्ष यता नेपालीहरूको क्रय शक्ति एकदमै ह्रास भएर गएको देखिन्छ । हाम्रो मुद्राको मूल्य अन्तर्राष्ट्रिय बजारमा निकै घटिरहेको छ । यसको कुनै मूल्य नै नभएको जस्तो देखा परिरहेको छ । यो क्रयशक्तिको ह्रासले गर्दा जनताहरू बीच बढीभन्दा बढी आर्थिक विभेद बढ्दै गइरहेको छ । थोरै मानिसहरू, जो सम्पन्न छन्, उनीहरू झन् झन् माथि उठ्दै गइरहेछन् । र, आम जनताहरू झन् झन् गरीब हुँदै गइरहेका छन् । यसले गर्दा ती गरीब जनताको स्वास्थ्यमा ठूलो असर परिरहेको छ ।

जस्तो, भनौं न, स्वास्थ्यलाई निजीकरण गरियो ।

निजी क्षेत्रको मूल आधार भन्नु नै मुनाफा हो । त्यसले जहिले पनि आफ्नो प्राथमिकता मुनाफालाई दिन्छ । उनीहरूको लागि जनताको स्वास्थ्य कुनै चाखको विषय नै होइन । यसले गर्दा स्वास्थ्य सेवा दिनहुँ बढीभन्दा

बढी महँगो हुँदै गइरहेको छ । एकातिर, सरकारले जन-स्वास्थ्यप्रतिको आफ्नो जिम्मेवारी पन्छाउँदै लैजाने । अर्कोतिर, स्वास्थ्य सेवा दिनहुँ महँगो हुँदै जाने ।

सजिलैसंग कल्पना गर्न सकिन्छ कि यसबाट आम गरीब जनताको स्वास्थ्य स्थितिमा कस्तो प्रभाव पर्छ ? जसले त्यस्तो महँगो स्वास्थ्य सेवा किन्नै सक्तैन, उसको हविगत के हुन्छ ?

त्यसैले, साम्राज्यवादीहरूको दवाबबाट ल्याइएको निजीकरणले नेपालमा आम गरीब जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने क्षमतालाई निक्कै सीमित पार्दै लगिरहेको छ ।

**डा. सरोज-** निजी क्षेत्रले मुनाफाको लागि नै स्वास्थ्य क्षेत्रमा हात हाल्ने काम गरिरहेछ । त्यो हात उनीहरूले प्रतिकारात्मक स्वास्थ्य सेवा (Preventive Health) को क्षेत्रमा पनि हाल्न थालिसकेका छन् । उदाहरणको लागि, हाम्रो पूर्वीय खालको प्रणाली- आयुर्वेद, ध्यान-उपचार आदिमा समेत उनीहरूले हात हाल्न थालिसकेका छन् । यो रोकथाममुखी उपचार प्रत्येक घर-घरमा गर्न सकिने र स्वास्थ्य-शिक्षाको कुरा हो । ध्यानले मानिसहरूको मुटुको रोगमा फाइदा हुने देखेपछि एउटा बीमा कम्पनीको यसमा आँखा परेछ र जसले ध्यान गर्छ र गरिरहेको छ, छानी छानी उसको जीवन बीमा गर्न थाल्यो ।

अर्को उदाहरण एड्सकै छ ।

एड्सको नियन्त्रण गर्नको लागि मुख्य रूपले आर्थिक, सामाजिक-सांस्कृतिक कुराहरूमा ध्यान दिनु आवश्यक हुन्छ । तर, अहिले सबभन्दा बढी कन्डोममा फोकस गइरहेको छ । किनकि, यसको उत्पादन अमेरिकामा हुन्छ । यसरी मुनाफाको लागि यिनीहरूले स्वास्थ्यको कुनै पनि क्षेत्र छाडेका छैनन् ।

**डा. केदार-** स्वास्थ्य क्षेत्रलाई निजीकरण गर्दा नाफा कमाउनको लागि सबैभन्दा राम्रो ठाउँमध्ये एउटा यो क्षेत्र नै हुन्छ । जस्तो अमेरिकामा ७ वटा ठूला ठूला नाफा कमाउने उद्योगहरूमध्ये स्वास्थ्य सेवा सम्बन्धी कम्पनी पनि एउटा ठहरिएको छ । कहिले काहिं त यो चौथो र पाँचौं स्थानसम्म पनि आएको छ । यसरी स्वास्थ्य सेवा क्षेत्र नाफाखोर व्यापारीको हातमा पर्ने र उसले शुद्ध नाफाकै दृष्टिकोणबाट मात्र यसलाई संचालन गर्न खोज्ने स्थितिमा आम जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने स्थितिमा निकै प्रतिकूल स्थिति आउँछ । यस्तो स्थिति केही त आई पनि सकेको छ ।


**डा. शरद-** यहाँ मलाई लागेको त औषधि मात्र हैन, अनावश्यक प्रविधि पनि बढी भित्रिरहेको छ । अम्नियोसिन्थेसिस, जुन गर्भमा रहेको बच्चाहरूको स्वास्थ्य परीक्षण गर्ने प्रविधि हो, भारतमा यो प्रविधि राम्रोसँग विकास भयो । तर भारतमै छोरा हो कि छोरी हो पत्ता लगाएर छोरी भए गर्भ तुहाउने काममा यो प्रविधिको दुरूपयोग हुन थाल्यो । त्यसैले गर्दा भारत सरकारले यो प्रविधिलाई प्रतिबन्धित नै गऱ्यो । त्यहाँ प्रतिबन्धित भएको यो प्रविधि नेपालमा भित्रिसकेको शंका गर्न थालिएको छ ।

एक्स-रेकै कुरा गर्ने हो भने पनि कति चाहिने मान्छेलाई मात्र त्यो गर्न लगाइएको छ, त्यो हामीलाई थाहा छैन् । एक्स-रेमा त्यो गर्ने मान्छे बाहेक मेसिनदेखि लिएर प्लेटसम्म बाहिरबाटै आउँछ । यस्ता कुराहरूमा राज्यबाट नियन्त्रण गर्ने कुनै नियम-कानून छैन र कुनै उपभोक्ता कानून पनि बनेको छैन । डाक्टरले जे गर भन्यो त्यो गर्न रोगी बाध्य छन् । त्यो सवालमा पनि व्यापक ठगी भइरहेको छ ।

**डा. सरोज-** अनावश्यक प्रविधिको यसरी आयात भइरहेको छ भन्ने कुरा गर्दा विश्वव्यापीकरणको समर्थन गर्ने मान्छेहरू "प्रविधिको विकास नगरी अरू के गर्ने त ? हामी पुरानै हिसाबमा बसिराख्ने ? हामीले विकास गर्न पर्दैन ? हामी मूर्खै भएर बसिरहने ?" भनेर विरोध गर्छन् र मूर्खतापूर्ण बहसमा उत्रन्छन् । तर प्रविधिको विकास गर्नु पर्दैन भन्ने होइन । हामीले प्रविधिको विकास त उनीहरूले सोचे जतिभन्दा अझ तीव्र रूपमा गर्नु पर्ने आवश्यकता छ । तर प्रविधि विकास गर्ने नाममा हामीलाई दास बनाउने खालको प्रविधि विकास गर्ने हो कि हामीलाई स्वतन्त्र बनाउने खालको ? मुख्य सवाल यो हो । निश्चितै रूपमा हामीले प्रविधिको विकास तिनीहरूले सोचेभन्दा तीव्र रूपमा गर्नु पर्छ । तर साम्राज्यवादीहरूको पिछलग्गू बनाउने, उनीहरूको दास बनाउने र उनीहरूको मुनाफालाई बढावा दिने खालको होइन । हामीले आफ्नै देशको परिस्थिति अनुकूलको प्रविधि विकास गर्नुपर्छ । यस्तो प्रविधि अप्नाउनु पर्छ, जसले जाजरकोट जस्ता दूर-दराजका ठाउँहरूमा समेत सजिलैसँग सेवा पुऱ्याउन सकिने होस् ।


**डा. शरद-** स्वास्थ्य क्षेत्र बाहेक अर्को स्वास्थ्य संबन्धी वैज्ञानिक अनुसन्धानका कुराहरू पनि छन् । यसबारे पनि गम्भीर रूपमा सोच्नु जरूरी छ । उनीहरूले वैज्ञानिक कुराहरू भनेर हामीलाई लादेका जुन कुराहरू छन्, हाम्रो लागि ती कुराहरूको साँच्चै नै कति महत्व र उपादेयता छ, त्यसबारे शंकास्पद कुराहरू आउन थालेका छ । पश्चिमी परिवेशमा गरेको वैज्ञानिक अनुसन्धान हाम्रो देशको परिस्थितिमा वैज्ञानिक हुन सक्छ कि सक्दैन ? जस्तै- औषधिकै कुरा लिउँ, कुनै पनि औषधि बजारमा आउनुभन्दा पहिले क्लिनिकल टेस्ट भएर मात्र आउनु पर्छ । हामीकहाँ आउने औषधिको क्लिनिकल टेस्ट कहाँ हुन्छ त भन्दा, अमेरिकाका जनताहरूमा । के त्यहाँको क्लिनिकल टेस्टमा प्रभावकारी भनेर प्रमाणित भएको ओखती हामीकहाँ पनि प्रभावकारी नै हुन सक्छ त ? यहाँ हाम्रै किसिमको परिवेश छ, वातावरण छ, स्वास्थ्य र सामाजिक स्थिति छ । त्यसैले त्यहाँ भएको प्रभावकारिता हामीकहाँ पनि हुन्छ भन्ने कुरा बिल्कुलै बेठीक हो ।

मलाई के लागिरहेको छ भने, अहिले एक किसिमको अराजकताको सृजना भएर जनताहरूले आफ्नो जिम्मेवारी नै अनुभव गर्न सकेका छैनन् । अहिले मानिसहरू यति उदासिन हुन थालेका छन् कि- उनीहरूमा सामाजिक जिम्मेवारी नै मर्न थालिसकेको छ । यसरी मानिसहरूले सामाजिक उत्तरदायित्व भुल्दै जाने हो भने, अन्ततोगत्वा मानिस मानबीयता र नैतिकताले लैश हुनै सक्तैन ।



अन्तर्क्रियाको एक दृश्य


**एड्सको नियन्त्रण गर्नको लागि अहिले सबभन्दा बढी कन्डोममा फोकस गइरहेको छ, किनकि, यसको उत्पादन अमेरिकामा हुन्छ ।**



**ध्यानले मानिसहरुको मुटुको रोगमा फाइदा हुने देखेपछि एउटा बीमा कम्पनीले ध्यान गरिरहेकाहरुलाई छानी-छानी उसको जीवन बीमा गर्न थाल्यो**

डा. सरोज धिताल





डा. घिताल र श्याम श्रेष्ठ

नेपाली जडीबुटीहरु यहींबाट लगेर अनुसन्धान गरेर ओखती बनाउने र त्यसको उनीहरुले पेटेन्ट राइट लिइदिए भने के होला ?



साम्राज्यवादी मुलुकहरूले स्वास्थ्य क्षेत्रमा एन.जि.ओ.हरूलाई बढी सहयोग गरिरहेछन् । यसो गर्नुबाट Patch work गर्ने काम भइरहेछ । अर्थात् सानो प्वाल देख्यो कि टाल्ने र मुखमा बुजो लाइदिने काम उनीहरूले गरिरहेका छन् । त्यो पनि उनीहरूको एउटा रणनीति हो कि भन्ने मलाई लाग्छ । यसो भनेर एन.जी.ओ.को भूमिकालाई नकार्न खोजेको भने होइन । भनेको के मात्र हो भने- एन.जि.ओ. क्षेत्रलाई महत्व दिएर राज्यको भूमिकालाई निस्तेज पार्ने र जनताको तात्कालीन आवश्यकता टालटुल गरिदिने काम मात्र भयो भने यसले समस्याको जरा नै निर्मूल गर्ने काम त कदापि हुँदैन । भन्न चाहिँ उनीहरूले जनताको हितमा काम गर्ने, उनीहरूलाई संगठित गर्ने, विभिन्न विकास कार्यहरूमा जनतालाई सहभागी गराउने आदि राम्रा कुराहरू भनिरहेका छन् । तर यसलाई ठीक ढंगबाट लान सकिएन भने, फेरि पनि, यसले जनतालाई पराश्रित बनाउने काम नै गर्छ ।

**श्याम श्रेष्ठ**- *अहिले न्वतत अन्तर्गत बौद्धिक सम्पदाको अधिकारबारे जुन सम्झौता भएको छ, त्यसमा कैंयन औषधिमा प्रयोग हुने प्रविधि र कच्चा पदार्थको समेत पेटेन्ट हुन सक्ने प्रावधान छ । भरखरै अमेरिकामा नीमको समेत पेटेन्ट भएको खबर आएको छ । यसले भारतको आयुर्वेदिक क्षेत्रमा र स्वास्थ्यको अन्य क्षेत्रमा हलचल मच्चाएको छ । यो पेटेन्ट गर्ने प्रणालीले नेपालको स्वास्थ्य क्षेत्रमा कस्तो असर पार्ला ?*

**डा. शरद**- वास्तवमा पेटेन्ट राइटको बारेमा नेपालमा चर्चा-परिचर्चा नै भएको छैन । तपाईंले जुन नीमको उदाहरण दिनुभयो, त्यसबारे भारतमा काफी चर्चा-परिचर्चा भएको छ । त्यसको लागि त्यहाँ काफी गृहकार्य पनि भइरहेको छ । गंगादेखि हिमालयसम्म पाइने जडीबूटीहरूका सम्बन्धमा बाहिर प्रशस्त अनुसन्धान भइरहेको छ । कतिपय जडीबूटीहरू त नेपालमै मात्र पाइन्छ । हावापानी र वातावरणले गर्दा अन्त पाए पनि काम नलाग्ने हुन्छ । त्यस्ता जडीबुटीहरू यहींबाट लगेर अनुसन्धान गरेर ओखती बनाउने र त्यसको उनीहरूले पेटेन्ट राइट लिइदिए भने के होला ?

यसबारे पनि हाम्रो ध्यान जानु जरूरी छ । यसबाट एकातिर, जीवनदायी ओखतीहरू अति महँगा हुनेछन् । अर्कोतिर, हाम्रा जडीबूटीहरू प्रयोग गर्न हामीले नै बहुराष्ट्रिय कम्पनीलाई रोयल्टी तिर्नुपर्ने र अनुमति लिनुपर्ने स्थिति आउनेछ । यसले नेपालको आयुर्वेदिक क्षेत्रलाई पूरै धराशायी बनाउन सक्छ । नेपालको जडीबूटी नेपालले नै प्रयोग गर्न नसक्ने स्थिति पैदा हुन सक्छ । र, सस्तो सुलभ घरेलु उपचार भन्ने कुरा नै खत्तम हुन सक्छ ।

**डा. सरोज**- हामीले उठाउनै पर्ने अर्को कुरो छ- निजी क्षेत्रमा मेडिकल कलेजहरूको सवाल । ती कलेजहरू सबैमा विदेशीको हात छ । ती नाफा कमाउने उद्देश्यले खोलिएका छन् । दोस्रो, त्यहाँबाट उत्पादन हुने जनशक्ति नेपालको लागि उपयुक्त भइराखेको छैन । विदेशी विश्वविद्यालयहरूबाट मान्यता प्राप्त हुने किसिमले त्यहाँ पाठ्यक्रमहरू निर्माण भइरहेको छ । अर्को कुरा, त्यहाँबाट उत्पादन हुने डक्टरहरूको मुख्य उद्देश्य नै के हुन्छ भने, आफूले पढ्नमा खर्च गरेको ठूलो धनराशि असुल गर्नु । उनीहरूले त्यहाँ प्रशस्त पैसा खर्च गरेर पढेका छन् । त्यो लगानी उठाउन नै उनीहरू मरिमेट्ने छन् । नेपाली जनताले त्यसलाई धान्न सक्ला कि नसक्ला ?

अर्को, एउटा दीर्घकालीन र ठूलो असर पार्ने कुरा के छ भने, जेनेटिक इन्जिनियरिङ्गमा साम्राज्यवादीहरूले अहिले जुन ढंगले हात हालिरहेका छन्, त्यो विकासोन्मुख देशको लागि ठूलो खतरा सावित हुन सक्छ । जेनेटिक इन्जिनियरिङ्गलाई अहिले झट्ट हेर्दा त यो साइन्स-फिक्सनको कुरा जस्तो देखिन्छ । तर उनीहरूले धेरै कुराहरू पूरै गोप्य राखेका छन् । नेपालमा आदिवासीहरूमा पनि यो जेनेटिङ इन्जिनियरिङ्गको प्रयोग गरिरहेको छ भन्ने कुरा सुनिन्छ । त्यो बाहिर आएको छैन । यो साँच्चै नै हो भने, यो साम्राज्यवादको नयाँ रूपको ज्यादै खतरापूर्ण पक्ष हुनेछ । अन्त्यमा औषधिमा जेजति मूल्य बढ्ने कुरा आइरहेको छ । त्यसले पनि जनताहरूलाई एकदमै नराम्रो असर पार्छ ।

यसरी साम्राज्यवाद जुन किसिमले अघि बढिरहेको छ, यही कारणले अन्ततोगत्वा उनीहरू अन्त्यमा फस्न त फँस्छन् नै । तर त्यसको लागि जनताहरू सचेत हुनु पर्ने आवश्यकता छ । र, जनताहरू एक्सनमा उत्रनु जरूरी छ ।


**श्याम श्रेष्ठ**- *यस्तो एक्सनको लागि हाम्रो जस्तो देशका जनताहरूले तत्कालै चाल्नु पर्ने कदम के हो त ?*

**डा. सरोज**- यसको लागि २/३ वटा कुराहरू छन् । एउटा कुरा स्वास्थ्य शिक्षाको कुरा आउँछ । अहिले हामीकहाँ स्वास्थ्य शिक्षाको कार्यक्रम चलाइराखिएको छ । त्यो क्षेत्र विदेशीलाई छोड्नु भएन । यदि यसलाई साम्राज्यवादीहरूको हातमा छोडिदिने हो भने, तल्लो स्तर देखिनै जनतालाई उपभोक्तावादी पाठ सिकाइनेछ । त्यसैले यो स्वास्थ्यशिक्षा पूर्ण रूपले हाम्रै तरिकाले र हामीले नै चलाउनु पर्दछ । यसबाट हामीले जनताहरूलाई उनीहरूमाथिको पूर्ण निर्भरताबाट बचाउन सक्छौं ।

अर्को काम, यही कार्यक्रममार्फत् नेपालको लागि उपयुक्त ग्रामीण स्वास्थ्य-जनशक्ति तयार गर्नु हो । गाउँस्तरको स्वास्थ्य कार्यकर्ता तयार गर्ने काम हामीले गरी पनि राखेका छौं । अलिकति मात्रै आँट भयो भने हामी पनि विदेशी वा साम्राज्यवादीहरूको अनुकूल तयार भएको जनशक्तिमा भर पर्नुपर्ने हुँदैन । हामीले आफ्नो हाम्रो देशको वातावरण अनुकूल स्वास्थ्य कार्यकर्ताहरू तयार पार्न सक्छौं ।

त्यसभन्दा माथि अर्को तहको हेल्थ असिस्टेन्ट पनि हामी तयार गर्न सक्षम छौं । त्यस्तै किसिमले, डाक्टरहरूलाई पनि केही प्रयास मात्र गरियो भने पनि सक्षम बनाउन सकिन्छ । मात्र उनीहरूमा आत्मबल सृजना गरिदिन सक्नु पर्छ ।

केही समय अगाडिको मात्र कुरा हो । *डा. शंकर राई*को संयोजकत्वमा हामी केही डाक्टरहरूको टोली खोटाङ्ग गएका थियौं । सरकारी हस्पिटलमा काम गर्ने डक्टरहरूसंगै बसेर हामीले छलफल गर्‍यौं र हामी नै अगाडि बसेर उनीहरूलाई अप्रेशन गर्न लगायौं । दुई हप्ताको हाम्रो प्रोग्रामपछि अहिले त्यहाँका डाक्टरहरू मज्जासाथ आफै अप्रेशन गरिरहनु भएको छ । यसरी त्यहाँका जनताहरूले सजिलैसंग केही सेवा प्राप्त गर्नसक्ने भए ।



हाम्रो स्वास्थ्य-शिक्षा प्रदान गर्ने प्रविधिमै खोट देखिन्छ । हाम्रो स्वास्थ्य-शिक्षामा बिरामीलाई नै दोषी ठहऱ्याइन्छ

डा. केदार वराल

त्यस्तै किसिमले हाम्रा गाउँघरमा विभिन्न धामी भाँक्री र झारफुकेहरूले उपचार गरिरहेका छन। उनीहरूमा आफ्नै किसिमको ज्ञान छ। त्यो ज्ञानलाई उपयोग गर्दै हामीले उनीहरूलाई आधुनिक स्वास्थ्य उपचारको विधिबाट प्रशिक्षित गऱ्यौं भने त्यसबाट पनि ग्रामीण जनताहरू लाभान्वित हुन सक्नेछन् । निकै सस्तो मोलमा निक्कै व्यापक मात्रामा आम जनताबीच काम गर्ने स्वास्थ्य कार्यकर्ताहरू तयार हुन सक्छन् ।

ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउन सकिने अर्को माध्यम रेडियो ट्रान्समिटरको स्थापना गरेर र डोको-एम्बुलेन्स सर्भिस चलाएर पनि हुनसक्छ। रेडियो ट्रान्समिटर जडान गर्न सकियो र ग्रामीण स्वास्थ्य कार्यकर्ताहरूलाई सक्षम बनाउन सकियो भने आवश्यक परेको बेलामा उनीहरूलाई सल्लाह दिन र प्राविधिज्ञहरूलाई त्यहाँ पुऱ्याएर सेवा दिन सकिन्छ । र, धेरै मान्छेको ज्यान जोगाउन सकिन्छ ।

तर यो सब गर्नको लागि दुई वटा कुराको जरूरी छ। एउटा, विदेशीको रोबोट भएर काम गर्ने मनोवृत्तिलाई जित्न सक्नु पर्दछ। अर्को, हामीमा राजनीतिक प्रतिवद्धता तथा हामी पनि गर्न सक्छौं भन्ने आत्मविश्वास हुनु पर्छ।

**डा. केदार-** अहिले हाम्रो पूर्वीय स्वस्थ बनाउने (Healing) प्रणालीलाई पश्चिमी रोगोपचार गर्ने Treatment प्रणालीले विस्थापित गरिरहेछ। यो बेठीक हो। यस्तो विस्थापित हुन दिनुहुन्न ।

अर्को कुरा, हाम्रो स्वास्थ्य शिक्षा प्रदान गर्ने प्रविधिमै खोट देखिन्छ। हाम्रो स्वास्थ्य शिक्षामा विरामीलाई नै दोषी ठहराइन्छ। रोगीलाई नै कारणी ठहऱ्याउने प्रविधि (victim blaming technique) द्वारा स्वास्थ्य शिक्षा प्रदान गरिँदैछ। हामीले स्वास्थ्य क्षेत्रमा जनतालाई सशक्तीकरण गराउन टोल, समाज र राज्यको के भूमिका हुन्छ भन्नेबारे प्रशिक्षित गराउनु पर्दछ। जनतालाई स्वास्थ्य शिक्षा दिंदा उनीहरूको कर्तव्यको साथसाथै अधिकारको कुरा पनि सिकाउनु आवश्यक छ।

**डा. शरद-** के गर्नु पर्छ भन्ने बारेमा चाहिं तुरून्तै निष्कर्षमा जान सकिन्छ जस्तो लाग्दैन। तर मोटामोटी रूपमा *डा. सरोज* र *डा. केदार*ले भन्नु भएको कुरामा एक दुई वटा कुरा थप्न मन लागेको छ। अहिले हाम्रो लागि चुनौती के हो भने, हामीले वर्तमान स्वास्थ्य सेवा प्रणालीकै विकल्प सोच्नु पर्छ। अहिलेको परिवेशलाई विकसित गरेर हाम्रो वातावरण अनुकुल बनाउनको लागि हामीले काफी अभ्यास गुर्नु पर्छ।

अर्को चुनौती, पश्चिमेली प्रविधि हो। जति पनि नयाँ नयाँ प्रविधिहरू छन्, ती सबै उत्तर र पश्चिममा थुप्रिएका छन्। ती सबै कुरालाई नकारेर हामी आफ्नो खुट्टामा उभिन सक्ने स्थिति पनि छ जस्तो लाग्दैन। अहिले हाम्रो देशले शिक्षा र स्वास्थ्यलाई निशुल्क गर्ने स्थिति पनि छैन। त्यसैले, अहिले हामीले गर्नुपर्ने काम के हो भने, त्यहाँ जम्मा भएका वित्तीय स्रोतहरूलाई, ज्ञान प्रविधिहरूलाई हाम्रो परिवेश र आवश्यकता अनुसार कसरी अधिकतम प्रयोग गर्न सकिन्छ, त्यसमा काफी गृहकार्य गर्नु पर्छ भन्ने मलाई लाग्छ। अहिले हाम्रो नेपालमा साम्राज्यवादको घूसपैठ र हस्तक्षेपको विरोध गर्नुको अर्थ त्यहाँ भएका स्रोतहरूलाई ज्ञान र प्रविधिलाई बाँध हालेर थुन्नु हो जस्तो मलाई लाग्दैन। चुनौती, त्यसलाई हाम्रो परिवेशमा कसरी उपयोग गर्ने भन्ने हो। तर दुर्भाग्यवश त्यस्तो भइरहेको छैन।

❑

**अहिले हाम्रो लागि चुनौती के हो भने, हामीले वर्तमान स्वास्थ्य सेवा प्रणालीकै विकल्प सोच्नु पर्छ**




लाखौं युवाहरुको मासिक पत्रिका !
जिज्ञासुहरुको रोचक, रोमाञ्चक, प्रेरक र बौद्धिक खुराक !!



नव युवा
मूल्यांकन मासिकको सहकर्मी

के तपाई

◉ ज्ञानबर्द्धक र विस्तृत आवरण कथा, रमाइला र रोचक घटनाहरू, जीवन र जगत्‌बारे थुप्रै उपयोगी सन्दर्भहरू
पढ्न चाहनु हुन्छ ?

❑ तथ्यमा आधारित, आधिकारिक र सही ज्ञान चाहनु हुन्छ ?

◆ रोचक, रोमाञ्चक र प्रेरक पाठ्यसामग्रीहरूको स्वाद लिन चाहनु हुन्छ ?

*नयाँ अंक हरेक महिना बजारमा उपलब्ध भइरहेछ !*

मूल्य रु. १०/- मात्र

हाम्रो हरेक अंक तपाई निम्न सामग्रीहरुले भरपूर पाउनु हुनेछ

★ विज्ञानका आश्चर्यजनक आविष्कारहरू ★ प्रकृतिका अनेकौं रहस्यहरूको रहस्योद्‌घाटन ★ नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरू ★ संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरू ★ वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरू ★ आई. क्यू. बढाउन मद्दत गर्ने सामग्रीहरू ★ अनेकौं थरिका सामान्य ज्ञानहरू ★ इतिहासका रोचक र प्रेरक प्रसंगहरू ★ खेलकूद, फिल्म, रंगमंचका ताजा गतिविधिहरू र तिनीहरूको ज्ञानवर्द्धक समीक्षा ★ विभिन्न विषयमा पाठकहरूको प्रश्नको विशेषज्ञहरूको जवाफ ★ मुक्तक, कविता र कथाहरू आदि।


के तपाईलाई थाहा छ ?

# पेकिङ जमीनमुनि भासिंदैछ !

जमीनमुनिको पानी अति धेरै झिक्ताको परिणाम कति गंभीर हुन सक्छ, त्यो चीनको राजधानी पेकिङले देखाउन थालेको छ। गएको ४० वर्षमा पेकिङ ६० सेण्टीमिटर अर्थात् करीब २ फिट जमीनमुनि भासिइसकेको छ। चिनीयाँ समाचार एजेन्सी सिन्हवाले जनाए अनुसार प्रत्येक वर्ष १ देखि २ सेण्टीमिटरका दरले चीनको राजधानी भासिंदैछ र सन् १९८७ देखि यो प्रक्रिया निकै तीव्र भएको छ।

यो समस्या राजधानीको पूर्व र पूर्वोत्तरमा सबैभन्दा गंभीर भएको देखिएको छ। यो भासका कारणले थुप्रै महलहरू, भूमिगत पाइप लाइनहरूलाई नोक्सानी पुऱ्याउन थालेको पाइएको छ।

बेइजिङ इन्स्टिच्यूट अफ सर्भेइंग एण्ड म्याप डिजाइन रिसर्चमा कार्यरत एक जना प्रमुख इन्जिनियरका अनुसार, बेइजिङ डुब्नुको मुख्य कारण जमीनमुनिको पानीको अत्यधिक प्रयोग हो।

जमीनमुनिको पानी धेरै मात्रामा झिक्ने काम त काठमाडौंमा पनि भइरहेको छ। के काठमाडौं पनि यस्तै गरी डुब्दै त छैन ? बेइजिङको घटनाले गंभीर प्रश्न चिन्ह खडा गरेको छ।

❑

सदेउ कार्की

# के मार्क्सवादीहरूले सुधारका काम गर्नु हुन्छ ?

***मा**र्क्सवादीहरुले सुधारका लागि काम गर्नु हुने कि नहुने, सुधारका लागि संघर्ष गर्नु हुने कि नहुने, सुधारका लागि संघर्ष गर्ने सवाल र सुधारवादमा के भिन्नता छ ? – यसबारेमा हाम्रो मुलुकमा काफी भ्रम र अस्पष्टता बाँकी रहेको देखिन्छ ।*

हामी मार्क्सवादीहरू मध्ये एक थरी यस्तो धारणा राख्दछौं कि- क्रान्तिअघि मार्क्सवादीहरूले सुधारका लागि संघर्ष गर्नु हुन्न, त्यसो गर्नु भनेको बीच बाटोमै बाटो छोड्नु हो र त्यसो गर्नु सानो सानो सहुलियतका लागि मूल लक्ष्य नै छोडिदिनु हो ।

यता, अर्काथरी हामी मार्क्सवादीहरू चाहिं सुधारमै सीमित हुने काम-कुराहरू मात्र गरिरहेछौं । हाम्रो "क्रान्तिकारी" भनिएको कार्यक्रम नै यस्तो छ कि- त्यसबाट अहिले विद्यमान बहुदलीय संसदीय पूँजीवादी राज्यसत्तामा सुधार मात्र हुनेछ, आमूल परिवर्तन हुने छैन ।

यसरी हामीकहाँ दुई 'अति'हरू देखिएका छन्- एउटा, सुधारलाई नै इन्कार गर्ने अति । अर्को, सुधारमै सीमित हुने अति ।

यी दुवै अतिहरू मार्क्सवादसम्मत देखिंदैनन् । मार्क्सवाद यी दुवै अतिको बीच बाटोबाट हिंड्दछ ।

मार्क्सवादले सुधारका लागि हुने संघर्षलाई इन्कार गर्दैन । क्रान्तिअघि पनि र क्रान्तिपछि पनि, सुधारका लागि संघर्ष गर्नु भनेको त्यस्ता कदमहरू उठाउनु हो, जसबाट गरीखाने वर्गका जनताको जीवन-स्थितिमा धेरथोर प्रगति हुन्छ, पुरानो शासक वर्गको शक्तिलाई नष्ट नगरिकन नै पनि । सुधार कार्यको यो सीमा हो । मार्क्सवादीहरू सुधारको लागि संघर्ष गर्ने सवालमा रहेको यो सीमाबारे शुरूमै प्रष्ट रहन्छन् । उनीहरूमा सुधारका लागि संघर्ष गरेर क्रान्ति हुन्छ भन्ने कुनै भ्रम नै रहँदैन । तथापि, उनीहरू सुधारका लागि हुने हरेक संघर्षमा अधिल्लो पंक्तिमा रहेर संघर्ष गर्छन् । गरीखाने वर्गका जनताको जीवनमा र उनीहरूको अधिकारमा एक इन्च मात्र पनि प्रगति हुन्छ भने त्यस्तो कुनै मौका गुम्न दिनु हुन्न भन्ने हरेक मार्क्सवादीहरूको धारणा हुन्छ र हुनुपर्छ ।

मार्क्सवादीहरू सुधारका लागि हुने संघर्षमा यस कारणले भाग लिन्छन् कि- यसमा जे फाइदा र अनुभव हासिल हुन्छ, त्यसैलाई प्रयोग गरेर गरीखाने वर्गको वर्गसंघर्षलाई अरू व्यापक र उन्नत बनाउन सकियोस् । सुधारका लागि हुने संघर्षले एकातिर गरीखाने वर्गका जनताको जीवनमा धेरथोर राहत ल्याउँछ, उनीहरूको अधिकार बढाउँछ । अर्कातिर, यस्तै संघर्षले गरीखाने वर्गलाई वर्गसंघर्षको रिहर्सल गराउँछ । उनीहरू यस्तै संघर्षको दौरानमा एक गठ भएर लड्नुमा नै आफ्नो शक्ति भएको अनुभूति गर्छन् । वर्गसंघर्ष कसरी उठाउने ?- त्यसको पाठ सिक्छन् । तेस्रो, सुधारका लागि गरिने संघर्षको दौरानमा नै गरीखाने वर्गले आफ्नै प्रत्यक्ष अनुभवबाट यो सिक्ने मौका पाउँछन् कि- पुरानै व्यवस्था ज्यूँकात्यूँ बाँकी रहेसम्म हासिल गरेको सुधार कति व्यर्थ हुन्छ !

त्यसैले, सुधारका लागि संघर्ष एउटा आगोको भट्टी हो, जसमार्फत् गुज्रेर साधारण फलाम इस्पात बन्छ । सुधारको लागि संघर्ष श्रमिक वर्गको वर्गसंघर्षको विश्वविद्यालय हो । यसैमार्फत् उनीहरू वर्गसंघर्षको आधारभूत शिक्षा र तालिम प्राप्त गर्छन् र त्योभन्दा धेरै उन्नत वर्गसंघर्षको उठानका लागि तम्तयार हुन्छन् । यो एउटा भरेङ पनि हो । यसैमार्फत् गरीखाने वर्गले 'चोटा' र 'बुइँगल'मा पुग्ने प्रयास गर्छन् । यही कारणले सुधारको लागि हुने हरेक संघर्षमा मार्क्सवादीहरू डटेर भाग लिन्छन् र यसको अगुवाई गर्छन् । यसबाट जे हासिल हुन्छ, त्यसलाई वर्गसंघर्ष अरू व्यापक, बलियो र तेज पार्नमा प्रयोग गर्छन् ।

सुधार मार्क्सवादीहरूको निम्ति साधन हो, साध्य होइन ।

तर मार्क्सवादीहरू सुधारवादको भने डटेर विरोध गर्छन्, किनकि सुधारवादले गरीखाने वर्गको क्रियाकलाप र लक्ष्यलाई केही सुधार हासिल गर्नुमै सीमित बनाउँछ । सुधारवादले गरीखाने वर्गलाई हमेशा क्रान्तिबाट, अन्तिम लक्ष्यबाट विमुख गराउँछ र स-साना सहुलियत धुत्नुमै सीमित गराउँछ, अलमल्याउँछ ।

त्यो बाटो, जसले उत्पीडित वर्गलाई सुधार हासिल गर्नमै सीमित बनाउँछ र क्रान्तिबाट विमुख बनाउँछ, त्यो सुधारवाद हो ।

लेनिनको भनाइ छ- **"जब अन्तिम लक्ष्यलाई...... हाम्रो आन्दोलनबाट झन् झन् पर धकेलिन्छ, त्यो नै सुधारवाद हो ।"**

लेनिन यहाँनेर त्यही कुरा गर्दै हुनुहुन्थ्यो ।

मार्क्सवादीहरू सुधारको लागि हुने संघर्षको जुन पक्षपोषण गर्छन्, त्यसमा क्रान्तिलाई र अन्तिम लक्ष्यलाई कहिल्यै ताकमा राखिन्न । मार्क्सवादीहरू हमेशा क्रान्ति र अन्तिम लक्ष्य प्राप्त गर्ने पूर्व तयारीका रूपमा नै सुधारलाई प्रयोग गरिरहेका हुन्छन् । उनीहरू प्रचार-आन्दोलन र शिक्षामार्फत् आम जनतालाई यसैको निमित्त तयार गरिरहेका

▶ **प्रज्ञानरत्न**

## 'सुधार' र 'सुधारवाद' का बीच के फरक छ ?

## यो सहभागिता सुधारका लागि कि सुधारवादका लागि ?



# सुधार र सुधारवादबारे लेनिन के भन्नुहुन्थ्यो ?



✪ **"अराजकतावादीहरु भन्दा विपरीत मार्क्सवादीहरु सुधारका लागि हुने संघर्षलाई स्वीकार गर्छन् र भनाइको मतलब, उनीहरु त्यस्ता कदमहरुलाई स्वीकार गर्छन्, जसले पुरानो शासक वर्गको अधिकारलाई खत्तम नपारीकन नै श्रमिक जनसमुदायको स्थितिमा सुधार ल्याउँछ । तर, साथसाथै मार्क्सवादीहरु सुधारवादीहरु विरुद्ध पनि सबैभन्दा दृढतापूर्वक संघर्ष गर्छन्, जो प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा श्रमिक वर्गको लक्ष्य वा क्रियालापहरुलाई सुधारहरु हासिल गर्नुमै सीमित पार्छन् । सुधारवाद भनेको पूँजीपतिहरुको ती श्रमिकहरुमाथि ठगी हो, जो श्रमिकहरु एकाध सुधारका बाबजुद, त्यतिखेरसम्म ज्यालादारी दासका रुपमा रहनेछन्, जबसम्म पूँजीको प्रभुत्व बाँकी रहनेछ ।"**

✪ "मार्क्सवादको सिद्धान्तलाई आत्मसात गरेका श्रमिकहरू... कुनै पनि पूँजीवादी सुधारहरूबाट मूर्ख हुने छैनन् । जहाँ पूँजीवाद अस्तित्वमा रहिरहन्छ, त्यहाँ सुधारहरू चिरस्थायी र दूरगामी हुन सक्दैनन् भन्ने कुरा बुझेका श्रमिकहरू राम्रो स्थितिको लागि संघर्ष गर्छन् र ज्यालादारी दासताका विरूद्धको संघर्षलाई घनिभूत पार्न त्यसलाई प्रयोग गर्छन् ।"

✪ **"सुधारवादीहरु श्रमिकहरुलाई विभाजित गर्न र ठग्न खोज्छन्, स-साना सहुलियतद्वारा श्रमिकहरुलाई वर्ग संघर्षबाट विचलित पार्न खोज्छन् । तर श्रमिकहरु, सुधारवादको फट्याइँ देखिसकेपछि, आफ्नो वर्ग संघर्षलाई विकसित र व्यापक पार्न सुधारहरुलाई प्रयोग गर्छन् ।"**

✪ "जब प्रजातन्त्रकै सम्बन्धमा पनि अन्तिम लक्ष्यलाई हाम्रो आन्दोलनबाट भन् भन् पर धकेलिन्छ, त्यो सुधारवाद हुन्छ ।"

✪ **"मार्क्सवादीहरु सुधारलाई व्यावहारिक रुपमा प्रयोग गर्ने र यसको निमित्त लड्ने कुरामा पछाडि रहने होइन, बरु निश्चितै रुपमा अघिल्लो पंक्तिमा रहन्छन् ।"**

✪ "मार्क्सवादीहरू सुधार हासिल गर्ने र तिनलाई प्रयोग गर्ने कुनै सिंगो अवसर समेत गुम्न नदिन अथक रूपमा काम गर्छन् । उनीहरू सुधारलाई निन्दा होइन, समर्थन गर्छन् र आफ्नो प्रचार आन्दोलनमा, आम आर्थिक संघर्षहरूमा सुधारवादभन्दा बाहिर प्रत्येक कदम अघि सार्न मरिहत्ते गर्छन् ।" ❑

हुन्छन् । तथापि, प्रयत्न जारी रहँदारहँदै पनि देशमा आम जनताको सांस्कृतिक स्तर क्रान्तिकारी परिस्थितिको निम्ति जरूरी पर्नेभन्दा अझै निकै तल छ र अनुकूल राष्ट्रिय अन्तर्राष्ट्रिय क्रान्तिकारी परिस्थिति अझै परिपक्व भइसकेको छैन, त्यसैले उनीहरू सुधारको लागि भए पनि संघर्ष गरिरहेका हुन्छन् । पाए सय, नपाए शून्य- यस्तो अधिभूतवादी दृष्टिकोण मार्क्सवादीहरू अप्नाउँदैनन् । सके १००, नसके ९०, ८०, ७०, १०, ५ पनि । मार्क्सवादीहरूको दृष्टिकोण यस्तो हुन्छ ।

तर सुधारवादले भने १०० लाई हमेशा पर, पर धकेल्छ र १, २, ३ वा ५, १० को प्राप्तिमै हामीलाई संतुष्ट हुन सिकाउँछ । १, २, ३ गर्दै जाऊ, १०० मा त स्वतः पुगिहालिन्छ नि !- सुधारवादले हामीलाई यस्तो शिक्षा दिन्छ । तर उसको १०० कहिल्यै आउँदैन । जब देशमा क्रान्तिकारी परिस्थिति नै तम्तयार हुन्छ, त्यतिखेर पनि सुधारवादले आमूल परिवर्तनलाई सकेसम्म पर पन्छाउन खोज्छ, शान्ति-सुव्यवस्थाको नाममा । त्यतिखेर पनि सुलह-सम्झौताद्वारा सुधारमै सीमित हुन यो खोज्छ । २०४६ सालमा नेपालमा त्यस्तै दृश्य देखा परेको थियो । आम जनता त्यतिखेर राजतन्त्रकै विरूद्ध आमूल परिवर्तनको पक्षमा सडकमा उत्रिसकेका थिए, तर नेतृत्व भने जन-आन्दोलनलाई सुधारमै मात्र सीमित गराउनका निम्ति लागि परिरहेको देखिन्थ्यो । बस्, सुधारवाद भनेको यही हो ।

यसरी सुधारवाद र क्रान्तिवाद, सुधारवाद र आमूल परिवर्तन- दुई विपरीत कोणका कुराहरू हुन् । सुधारवादले क्रमिक परिवर्तनलाई मात्र जोड दिन्छ र क्रान्तिलाई हमेशा पर पन्छाउछ । क्रान्तिवादले आमूल परिवर्तनलवाई हमेशा आफ्नो लक्ष्यका रूपमा राखिरहन्छ र त्यो लक्ष्य हासिल गर्न सकिने परिस्थिति सिर्जना गर्न नसक्दासम्म सुधारका लागि पनि संघर्ष गर्छ र सुधारलाई क्रान्तिका निमित्त प्रयोग गर्छ । यस प्रकार, सुधारवादभित्र क्रान्ति सामेल हुँदैन, तर क्रान्तिवादभित्र क्रान्ति र सुधार दुवै सामेल हुन्छन् । मार्क्सवाद हमेशा क्रान्ति र क्रान्तिवादको पक्षमा हुन्छ, सुधारवादको पक्षमा हुँदैन ।

त्यस्ता क्रान्तिकारीहरू अराजकतावादी हुन्छन्, जो क्रान्तिको त कुरा गर्छन्, तर सुधारको लागि हुने संघर्षलाई इन्कार गर्छन् । क्रान्तिको कुरा गर्नु, तर सुधारको लागि हुने संघर्षलाई इन्कार गर्नु भनेको नदीमा कहिल्यै नहेलिई पौडी खेलेर नदी पार गर्न पोख्त हुने कुरा गर्नु जस्तो हो । के यस्तो कहीं कतै संभव हुन्छ र ?

जहाँ गरीखाने वर्गको सांस्कृतिक स्तर निकै न्यून हुन्छ, त्यहाँ उनीहरू प्रारम्भमा रू. ३० को ज्यालालाई रू. ५० पार्ने खालका संघर्ष गर्न मात्र तयार हुन्छन् । उनीहरू समाजको आमूल परिवर्तनको निमित्त तयार नै हुन्नन् । यस्तोमा के गर्ने ? चूरो समस्या यो हो ।

उग्रवादीहरू र अराजकतावादीहरूको विचार गर्ने ढंग मनोगतवादी हुन्छ । उनीहरू आफ्नो चेतनास्तरलाई नै दुनियाँको चेतनास्तर भन्ठान्छन् । त्यसैले उनीहरू आफ्नो चेतना आम जनतामाथि जबर्जस्ती लाद्छन् । आम जनता रू. ३० को ज्याला रू. ५० पार्नका लागि संघर्ष गर्न मात्र तयार छ, तर उग्रवादी र अराजकतावादीहरू आफ्नो चेतनास्तर अनुसार एक्कासी कुनै क्रान्तिकारी कार्यक्रम आम जनतामाथि लाद्न शुरू गर्छन् । नतिजा के हुन्छ भने, आम जनता त्यस्तो लादिएको संघर्षबाट पर भाग्छन्, क्रान्तिकारीहरू आम जनताबाट नराम्ररी अलग्गिन पुग्छन् । यस्तो अलगावको स्थिति प्रतिक्रियावादी दमनका निमित्त निकै अनुकूल हुन जान्छ ।

त्यसैले, सुधारको लागि हुने संघर्षलाई अराजकतावादी र उग्रवादीहरूले इन्कार गर्नुका पछाडि आफ्नो चेतनालाई नै आम-जनताको चेतना ठान्ने मनोगतवादी सोच मुख्य कारणका रूपमा रहेको हुन्छ । मार्क्सवादीहरू मनोगतवादको हमेशा विरोध गर्छन् किनकि यसले हामीलाई वस्तुगत यथार्थबाट हमेशा बहकाउँछ ।

हुनुपर्ने के हो भने, संघर्षको शुरूआत त्यहींबाट हुनु पर्छ, जहाँ बहुसंख्य आम जनताको चेतनास्तर छ । संघर्षको प्रारम्भ रू. ३० को ज्याला रू. ५० पार्ने खालको संघर्षबाटै गरिनु पर्छ । उन्नत संस्कृति भएका मार्क्सवादीहरूले त्यस्ता संघर्षमा संघर्षको अघिल्लो पंक्तिमा सामेल हुँदै गरीखाने वर्गलाई आफ्नो स्तरमा उठाउने प्रयत्न पनि संगसंगै जारी राख्नु पर्छ । संघर्ष आम गरीखाने वर्गको चेतनास्तर अनुसार, तर शिक्षा चाहिं मार्क्सवादी क्रान्तिकारीहरूको चेतनास्तर अनुसार हुनुपर्छ । न्यून चेतनास्तरमा आफू खस्ने होइन, आफ्नो उच्च चेतनास्तरमा उनीहरूलाई उठाउने नै लगातार प्रयत्न हुनुपर्छ । तर जबसम्म बहुसंख्यक गरीखाने वर्ग उन्नत स्तरका क्रान्तिकारी संघर्षको लागि तयार हुन्नन्, उनीहरूलाई त्यो स्तरको संघर्षमा जबर्जस्ती कदापि धकेल्नु हुन्न ।

यो परिप्रेक्ष्यमा क्रान्तिकारी संघर्षका निम्ति आम गरीखाने वर्ग आफैं बेतयार रहँदासम्म मार्क्सवादीहरूले उठाउने संघर्ष भनेको सुधारको लागि संघर्ष नै हो । मुख्य लक्ष्य बुइँगलमा पुग्नु हो । तर छिंडीबाट बुइँगलमा एक्कासी त पुगिन्न । थुप्रै भरेडका सिँढीहरू पार गरेर मात्र माथ्लो तलामा पुगिन्छ । त्यस्ता तलाहरू पनि थुप्रै पार गरेपछि मात्र बुइँगलमा पुगिन्छ । सुधारका लागि संघर्ष बुइँगलमा पुग्ने उद्देश्य राखेर माथिल्लो सिंढीका आधारमा पछिल्लो सिँढी चढ्ने यथार्थवादी प्रयत्नहरू मात्र हुन् । मार्क्सवादीरूले यस्तो संघर्षमा सामेल हुनै पर्छ । यस्तै संघर्षहरूको माध्यमबाट उनीहरूले आम जनतालाई बुइँगलसम्म पुग्ने स्तरको संघर्षसम्म लैजान अगुवाई गर्न सक्छन् ।

❑

**पाए सय, नपाए शून्य ! यस्तो अधिभूतवादी दृष्टिकोण मार्क्सवादीहरू अप्नाउँदैनन्**

# गायक नारायण गोपाललाई कस्तो कलाकार मान्नु हुन्छ ?

राम्रो सीप र शैली भएका, तर मूलतः जनविरोधी विचार बोकेका विविध विधाका कलाकारहरु समाजमा थुप्रै छन् । उनीहरुलाई कसरी हेर्ने ?- यसबारे हाम्रो आन्दोलनमा थुप्रै भ्रमहरु बाँकी रहेका छन् । सीपलाई मात्रै महत्व दिने र विचारलाई वास्ता नगर्ने अथवा विचारलाई मात्र वास्ता गर्ने तर सीपलाई नहेर्ने, यी दुई खाले 'अति'हरु हामीकहाँ प्रशस्त पाइन्छन् । यस स्थितिमा हामीले 'गायक नारायण गोपाल तपाईंलाई कस्ता लाग्छन् ?' भन्ने प्रश्नको जवाफ प्रसिद्ध समालोचक गोविन्द भट्ट र प्रसिद्ध लेखक खगेन्द्र संग्रौलाबाट प्राप्त गरी पाठकहरुका निम्ति यहाँ प्रस्तुत गरेका छौं । उहाँहरुका विचारहरुले यस्ता विषयहरुमा सही धारणा बनाउन मद्दत गर्नेछन् भन्ने आशा हामीले लिइएका छौं ।

-मूल्याङ्कन

## गोविन्द भट्ट र खगेन्द्र संग्रौलाका विचारहरु



**मैले पनि नारायण गोपालकै अगाडि बसेर उनले गाएका केही गीतहरु सुनेको छु**

गोविन्द भट्ट

आफ्नोभन्दा भिन्न विचारधारा भएका, तर साहित्य र कलाको क्षेत्रमा प्रतिभासम्पन्न व्यक्तिहरूको मूल्यांकन गर्ने विषयमा हामीले ऐतिहासिक भौतिकवादी समीक्षा-पद्धतिको प्रयोग गर्नु पर्छ, अर्थात् आफ्नो जीवन कालताकाको कालखण्डमा सामाजिक विकासको गतिमाथि तिनले पारेको सकारात्मक वा नकारात्मक प्रभावको राम्री लेखा-जोखा गरेर इतिहासमा तिनको स्थान निर्धारित गर्नु पर्दछ ।

गायक नारायण गोपाललाई हेर्ने दृष्टिकोण कसरी बनाउने भन्ने सन्दर्भमा पनि यही कुरा लागू हुन्छ ।

आफ्नो मत-सिद्धान्तमा मिल्नेहरूलाई मात्र सर्वोच्च महत्व दिने र त्यस बाहिरकाको उल्लेख नै नगर्ने वा गरे पनि विकृत रूपमा त्यसो गर्ने, आफ्ना मतियारहरूको अन्धो गुणगान मात्र गर्ने तर फरक मत भएकाहरूको चाहिं एकोहोरो निन्दा मात्र गर्ने प्रवृत्ति सामन्ती-पूँजीवादी इतिहासकार तथा समीक्षकहरूको प्रमुख लक्षण हो । त्यो इतिहासलाई हेर्ने भावनावादी, अवैज्ञानिक र अप्रजातान्त्रिक दृष्टिकोण पनि हो । यस दिशामा मार्क्स, एंगेल्स, लेनिन, माओ आदि महान् वैज्ञानिक विचारकहरूले पनि हामीलाई बाटो देखाइसक्नु भएको छ । वहाँहरू प्राचीन, मध्यकालीन र आधुनिक समयका निकै यस्ता साहित्यकार र कलाकारहरूका प्रशंसक हुनुहुन्थ्यो, जो मार्क्सवादका नजिक नभए पनि आफ्ना कृतिद्वारा आफ्नो युगको यथार्थ र संघर्षलाई सापेक्षतः बढी प्रतिविम्बित गर्दथे । अथवा जो सौन्दर्य-शास्त्रीय दृष्टिबाट उच्च कलात्मक विशिष्टताका दृष्टान्त हुन पुगेका थिए । यसरी गुणदोषका आधारमा प्रत्येकको यथोचित मूल्यनिर्धारण गर्ने यस वैज्ञानिक समीक्षा पद्धति अनुसार नै मैले पनि नारायण गोपाल लगायत अन्य सबै कलाकारहरूलाई हेर्ने गरेको छु ।

यसै सन्दर्भमा, हामीले अलिकति विगत इतिहासतर्फ फर्केर हेर्नु पनि आवश्यक हुन जान्छ ।

सामन्ती कलामा धेरैजसो प्रतिभाशाली कलाकारहरू सम्राट र ठूल्ठूला सामन्तहरूको आश्रयमा बसेर सम्पत्ति तथा सम्मान आर्जन गर्दथे । पूँजीवादी युगताका कलाकारहरू, आफ्ना पूर्वजभन्दा केही मात्रामा स्वतन्त्र भए पनि मूलतः सम्पन्न वर्गकै अधीनमा रहन्छन् र तिनको प्रतिभा वा कृति पनि बजारमा बिक्री गरिने मालका रूपमा परिणत हुन्छन् । हामीकहाँ २००७ सालअघि अधिकांश नेपाली कलाकारहरू राणाको दरवारमा आश्रित भए । त्यसपछिको नयाँ वातावरणमा, मालिकहरू केही फेरिए पनि, उनको वास्तविक स्थितिमा कुनै हेरफेर भएन । अनि १७ साल पछिका तीन दशकहरूमा तिनीहरू अघिको सीमित स्वतन्त्रताबाट पनि बञ्चित हुँदै झन् असहाय र पराश्रित हुन पुगे ।

तर विगतका ती सबै कालहरूमा, अत्यन्त कठीन अवस्था अन्तर्गत पनि शोषक वर्गीय संस्कृतिका विरूद्ध जनपक्षीय प्रगतिवादी कलाकारहरूको संघर्ष कायम रहिरह्यो । पंचायत कालमै, केही कलाकारहरूले 'बाँच्नका लागि' भन्ने तर्क दिंदै आत्मसमर्पण गरे भने केही इमान्दार, सचेत र विवेकशीलहरूले त्यसो गर्नुभन्दा बरू निष्क्रिय हुनु वा आफ्नो व्यवसाय नै छाडिदिनु ठीक ठाने ।

यता २०४६ सालपछि पनि नेपालमा सामन्तवादी र साम्राज्यवादी व्यक्तिहरूको मिलोमतोमा नेपाली संस्कृतिको भ्रष्टीकरण गरिंदैछ र त्यसका विरुद्ध देशभक्त कलाकारहरू जुझिरहेका छन् । हामीले आजको यस अवस्थामा कुनै कलाकारको मूल्यांकन गर्दा, हाम्रो यस राष्ट्रिय यथार्थ र सामन्तवाद-साम्राज्यवादविरोधी सांस्कृतिक संघर्षको पृष्ठभूमिलाई दृष्टिगत गर्नैपर्दछ । वर्तमान सन्दर्भमा नारायण गोपालको समीक्षा गर्दा पनि हामीले आफ्नो मुलुकको यस इतिहासलाई संझनु पर्ने हुन्छ ।


स्वर्गीय नारायण गोपाल आधुनिक नेपाली गायन क्षेत्रमा एक अद्भूत प्रतिभा थिए । उनको स्वरमा स्रोताहरूलाई मन्त्रमुग्ध पार्ने आफ्नै किसिमको विलक्षण आकर्षण थियो । उनको उपस्थिति मात्रले कुनै संगीत कार्यक्रममा हजारौंको भीड जम्मा गर्न सक्दथ्यो । गीत-संगीतप्रेमी नेपालीहरूको एक खास वर्गका लागि त उनी 'मुटुको स्पन्दन' र परमप्रिय पात्र

नै भइसकेका थिए । उनको स्वर भरिएका गीतिचक्का (क्यासेट)हरू बजारमा प्रशस्त बिक्छन् र शहरका अनेकौं स्रोताहरू रेडियो तथा टिभीमा उनका गीत बजाइदिन फर्माइस गरिरहन्छन् । उनलाई यिनै कारणहरूले गर्दा 'स्वर सम्राट'को सम्मानजनक उपाधि पनि दिइयो ।

आफ्नो मधुर सुरिलो कण्ठबाट गीत-संगीतप्रति व्यापक जनअभिरूचि जगाउने र आफ्नो जीवनकालमै एक किसिमको आख्यान-पात्र हुन सक्ने उनी जस्तो अरू कुनै गायक-संगीतकार अझै नेपालमा देखा परेको छैन । कहिलेकाहीं त गायनकला र नारायण गोपाल-समानार्थक शब्द हुन पुगेझैं पनि लाग्दथ्यो । आफ्नो गायनकलाप्रति जीवनको आखिरी घडीसम्म उनको एकाग्र साधना र तल्लीनता प्रशंसनीय छ । आफ्नो स्वरलाई परिमार्जित र आकर्षक बनाउनेतर्फ उनले उपलब्ध गरेको कलात्मक गुणवत्ता हाम्रा प्रगतिवादी गायकहरूका लागि पनि अनुकरणीय हुन सक्दछ । मैले पनि उनकै अगाडि बसेर उनले गाएका केही गीतहरू सुनेको छु ।

तर यो त उनको व्यक्तित्व र कलाको यौटा पक्ष मात्र हो । त्यसको अर्को पक्ष पनि हामीले केलाउनै पर्दछ र त्यो नगरेसम्म उनको समष्टिगत मूल्यांकन पनि हुन सक्दैन ।

नारायण गोपालले गाएका गीतहरूमा केही थोरै बाहेक अधिकांश रचनाहरू एक छिन सुन्दा रमाइलो लाग्ने भएपनि आफ्नो भाव, विषयवस्तु र सन्देशमा प्रतिगामी स्वभावका छन् ।



पंचायती व्यवस्थाका शासकहरूले आफ्नो प्रतिक्रियावादी सत्ता टिकाइराख्नका लागि प्रतिक्रियावादी संस्कृतिलाई सबैतिरबाट प्रोत्साहित गरेका थिए । 'समाजको भौतिक सम्पत्ति र उत्पादनमा जुन वर्गको स्वामित्व हुन्छ, त्यसैले आत्मिक-उत्पादन र सांस्कृतिक उत्पादनहरूको वितरणमा पनि नियन्त्रण राख्दछ' भन्ने नियम अनुसार तिनले नेपालमा भजन, भक्तिउन्मुख, आत्मकेन्द्रित, पलायनवादी, पराश्रयी, मदिराप्रेमी, माया-पिरतीको नशालु-वैंसालु रसरंगमा रत्तिने यौटा भ्रष्ट संस्कृति चलाए । त्यसको प्रतिरोध गर्ने अन्य कलाकारहरूबाट अलग्गिएर, नारायण गोपाल 'कला कलाका लागि', 'राजनीति र समाजसित साँचो कलाकारलाई के मतलब ?', 'कलाकारहरू सामान्य जनसमुदायभन्दा उच्चतर- विशिष्ट र फरक प्राणी हुन्' भन्ने परम्परागत अनुदारवादी, अभिजातवर्गीय दृष्टिकोणभित्रै सीमित रहेर बसे । उनको असंतोष र अशान्ति, पीडा र छट्पटी, आशा र निराशा, सबै नै उनको आफ्नो मात्र थियो, आत्मनिर्वासित भएको एक्लो कलाकारको अरण्य-रोदन मात्र । बाहिर समाजमा नेपाली जनताले त्यस बेला निरंकुश पंचायती अधिनायकवादका विरूद्ध चलाइरहेका कठोर कष्टपूर्ण संघर्षहरूसित तिनको कुनै प्रत्यक्ष सम्बन्ध रहेन ।

हो, तत्कालीन अंधकारपूर्ण राज्य-व्यवस्था अन्तर्गत सबै हक अधिकारहरूबाट वञ्चित, अभावग्रस्त, बेस्वादिलो, तीतोपीरो निरस जीवन बिताइरहेका केही शिक्षित मध्यम, निम्न मध्यम वर्गीय समुदाय तथा राजनैतिक दृष्टिबाट अनभिज्ञ, उदासीन जनसमूहलाई उनको गीतका रोमान्टिक, पलायनवादी, निराशापूर्ण र अन्तर्मुखी, भावनाहरूमा आफ्नै मनका छायाँ भेटेर आनन्द लाग्नु केही अर्थमा स्वाभाविकै पनि थियो र उनी त्यस्तै श्रेणीका स्रोताहरूबीच बढी लोकप्रिय पनि भए । प्रसिद्धि पाउँदै गएपछि उनको त्यस लोकप्रियताबाट

**के ठेगान, शुरुदेखि नै प्रयास गरेको भए नारायण गोपालको स्वरलाई पनि जनताको पक्षमा सदुपयोग गर्न सकिन्थ्यो कि ?**

लाभ उठाएर आफू पनि लोकप्रिय हुने उद्देश्यसहित कैयन ठूला साना गीतकारहरू सकेसम्म आफ्ना रचनाहरू उनको स्वरमा भरेर प्रसारित गर्ने होडबाजीमा पनि लागे ।

तात्कालीन शासक वर्गले आफ्नो सांस्कृतिक प्रभाव-विस्तारमा उनको निक्कै उपयोग गऱ्यो र त्यसवापत उनलाई माथि पनि उठायो । उनले कहिल्यै त्यसको प्रतिरोध गरेनन् र आफूलाई सजिलै उपयोग हुन दिए । पछि गएर त उनमा केही अहंकार पनि देखियो । अझ पंचायतविरोधी जन-आन्दोलनमा उनी जस्ता प्रसिद्ध कलाकारको नैतिक समर्थनका लागि अनुरोध गर्न गएका अन्य कलाकारहरूलाई उनले ठाडो अस्वीकृतिको जवाफ दिएर फकाई दिए ।

नेपाली इतिहासको त्यस संघर्षपूर्ण र अशान्त अवधिमा पनि सबैबाट अलग्ग आफ्नै मनको सानो संसारमा बस्न रूचाउने, मदिराबाट मनको ताप बुझाउन चाहने ती प्रतिभाशाली गायकको जीवन अन्तमा उनकै लागि यौटा दुखान्त नाटक र हाम्रा लागि यौटा दुर्भाग्यपूर्ण घटना नै बन्यो ।

प्रतिभा मात्र पर्याप्त हुँदैन । सही विश्व-दृष्टिकोण र जीवन-दर्शन भएन भने त्यो निरर्थक हुन्छ, अझ समाजका निम्ति हानिकारक पनि । आफ्नो प्रतिभाको सदुपयोग गर्ने कि दुरूपयोग ? समाजका एक मुठी शोषक वर्गको निगाहामा बाँच्ने कि करोडौं जनगणको हृदयमा बस्ने ?- त्यो त स्वयं कलाकारले निर्णय गर्ने कुरा हो । नारायण गोपालले पनि आफ्नो प्रतिभालाई नेपाली जनजीवनसित जोड्न सकेको भए- उनी अझै सम्मानित र लोकप्रिय हुन सक्दथे । तर अफशोच ! त्यसो भएन ।

हामीकहाँ अहिले पनि नयाँ पुस्तामा एक से एक प्रतिभाशाली गायकहरू देखा पर्दैछन् । तिनलाई कसरी सामन्ती-पूँजीवादी प्रदूषीकरण र साम्राज्यवादी भ्रष्टीकरणको वर्तमान वातावरणबाट जोगाउने ?- यसबारे गहिरिएर सोच्नु र योजना बनाइहाल्नु जरूरी भइसकेको छ । यसतर्फ जनपक्षीय सांस्कृतिक संगठन र प्रगतिशील लेखक संघ जस्ता संस्थाहरू पनि चाहिंदो मात्रामा सक्रिय हुन सकेका छैनन् । हामी पहिले नै विचार गर्दैनौं, योजना बनाउँदैनौं तर पछि फलानो बिग्रियो, उसको विचलन र पतन भयो भनेर छाती पिट्छौं, गाली गर्छौं, सराप्छौं । के ठेगान, शुरूदेखि नै प्रयास गरेको भए नारायण गोपालको स्वरलाई पनि जनताको पक्षमा सदुपयोग गर्न सकिन्थ्यो कि ? त्यो त अब बितिसक्यो, अब पछिका 'नारायण गोपाल'हरूबारे के गर्ने त ?

स्वर सम्राट नारायण गोपालबारे केही सोच्न र लेख्न बस्दा मेरो मनमा उठेका केही कुराहरू यिनै हुन् । मैले माथि उठाएका यी सैद्धान्तिक-व्यावहारिक प्रश्नहरूको आशय, नारायण गोपालको अवमूल्यन वा अपमान गर्नु होइन, बरू उनको प्रतिभाको सदुपयोग हुन नपाएकोमा र उनले पनि ठीक बाटो समाउन नसकेर आफैले आफ्नो अवमूल्यन गरेकोमा खेद वा पश्चाताप व्यक्त गर्नु मात्र हो । उनको भूमिका, जीवन शैली, जीवन दृष्टि र उनले गाएका गीतहरूको सार्थकताबारे विवाद उठ्न सक्ला ! उनी पछि गएर अहिले झैं लोकप्रिय पनि नहोलान्, तर उनको गायन कला र हृदयस्पर्शी मीठो स्वरका विषयमा भने कसैले विवाद गर्न सक्दैन होला । उनी एक मात्र त्यही कारणले गर्दा नै यति नामी भएका हुन् ।

नारायण गोपालको उल्लेख गर्दा, यहाँनिर, प्रकारान्तरले 'लोकप्रिय' र 'सुप्रसिद्ध' भन्ने यी दुई वटा चमत्कारी शब्दहरूको पनि विश्लेषण गरी हेर्नु पनि अत्यन्त सान्दर्भिक कुरा हुनेछ । किनभने, तिनले सामान्य जनतामा भ्रमको सिर्जना गर्नुका साथै हाम्रा निकै नयाँ-पुराना बुद्धिजीवी तथा श्रष्टाहरूलाई प्रथभ्रष्ट तुल्याउँदै आएका छन् । स्वयं हाम्रो आफ्नै प्रगतिवादी शिविरभित्र पनि, केही नयाँ पुस्ताका श्रष्टाहरू 'जसरी भए पनि

**नारायण गोपालले गाएका गीतहरूमा केही थोरै बाहेक अधिकांश रचनाहरू एक छिन सुन्दा रमाइलो लाग्ने भएपनि आफ्नो भाव, विषयवस्तु र सन्देशमा प्रतिगामी स्वभावका छन्**

---

**के तपाईलाई थाहा छ ?**

# नेपालको विदेशी ऋण कति पुग्यो ?

◉ **नेपालको तिर्न बाँकी विदेशी ऋण १२१ अरब ४३ करोड ९ लाख पुगेको छ । (२०५२ साल चैत्र मसान्तसम्ममा)**

◉ **यो ऋण प्रत्येक दुई करोड नेपालीलाई भाग लाउँदा प्रत्येक नेपालीका थाप्लामा जन्मने बित्तिकै ६०७२ रुपियाँको विदेशी ऋणको भार झुण्डिने भएको छ ।**

◉ **ऋणको सावाँ व्याज तिर्न मात्रै यस वर्ष ७ अरब ८४ करोड बजेट छुट्याइएको छ । यो हाम्रो कुल बजेटको १३.६ प्रतिशत भाग हो । यसबाट हाम्रो जम्माजम्मी जति राजस्व उठ्ने अनुमान गरिएको छ, त्यसको २३ प्रतिशत भाग सावाँ व्याज चुक्ता गर्न मात्रै ठीक्क हुने भएको छ ।**

स्रोतः अर्थ मन्त्रालय/ २०५२/२०५३

*छिटोभन्दा छिटो नाउँ कमाइहाल्ने' लोभमा परेर आजको भ्रष्ट वातावरणको शिकार हुन सक्ने संभावनालाई पनि बेवास्ता गर्न सकिन्न ।*

*शोषक वर्गले आफ्नो पक्षका साहित्यकार/कलाकारहरूलाई रेडियो, टी.भी. छापा जस्ता सशक्त संचार माध्यमहरूको निरन्तर प्रचार-प्रसार, उच्च मानपदवी, पद र पुरस्कार तथा अन्य विभिन्न तरिकाहरूद्वारा सधैं चर्चामा ल्याइराख्दै, 'सुप्रसिद्ध' र 'लोकप्रिय' बनाउन चाहन्छ । यो कुरा राष्ट्रिय मात्र हैन, अन्तर्राष्ट्रिय क्षेत्रमा पनि देखिन्छ । जस्तै, अचेल उनीहरूले **नोबल पुरस्कार**को पनि दुरूपयोग झन् झन् खुलेर गर्न थालिसकेका छन् । पूँजीवादी साम्राज्यवादीहरूले नोबल पुरस्कार र अन्य विश्वविख्यात पुरस्कारहरूको माध्यमबाट आफ्ना पक्षका अन्तर्राष्ट्रिय ख्यातिप्राप्त, विश्वप्रसिद्ध, वर्तमान युगका सर्वश्रेष्ठ व्यक्तित्वहरू खडा गरेर समाजवादी, प्रगतिवादी र जनपक्षीय प्रतिभाहरूलाई तेजोबध गरी विश्वस्तरमा उठ्नै नदिने षड्यन्त्र गरेको भेद पनि खुल्दै गएको छ । केही विवेकशील व्यक्तिहरूले त त्यो पुरस्कार लिन अस्वीकार पनि गरे । तर उता अमेरिकामा, नोम चोम्स्की जस्ता प्रखर प्रतिभावान बुद्धिजीवीहरू पूँजीवादका कट्टर आलोचक भएको 'अपराध'का लागि दिइने दण्डस्वरूप आफ्नै 'प्रजातान्त्रिक' मुलुकभित्र, प्राज्ञिक र संचार क्षेत्रमा तिरस्कृत हुन पुगेका छन् ।*

*हिजोआज नेपालमा मन्त्री, प्रधानमन्त्री र अन्य ठूलाबडाहरूबाट आफ्ना कृतिहरूको विमोचन/उद्घाटन गराएर टि.भी. रेडियो तथा प्रमुख पत्रपत्रिकाहरूमा आफ्नो चर्चा गर्न लगाएर नामी दामी होटल/रेष्टुराँहरूमा लन्च/डिनर दिएर छिटै लोकप्रिय र सुप्रसिद्ध हुने फेशन पनि बढिरहेको छ ।*

*अहिलेको बजार अर्थतन्त्रमा 'यतिका गीति-क्यासेटहरू बिके', 'विदेशी र अरूहरूले यतिका पेंटिङ्ग (चित्र) किने' भन्ने जोडदार विज्ञापनमार्फत् पनि कला, साहित्य आदिलाई बजारमा प्रतिष्ठित/स्थापित तुल्याउने उद्देश्यले आफ्नो लोकप्रियताको आत्मप्रदर्शन गर्ने व्यापारिक होडबाजी पनि शुरू भइसकेको छ । यस्तो हानथापको स्थितिमा सोर्सफोर्स भएका लेखक कलाकारहरूसित प्रतिस्पर्धा गर्न नसक्नेहरू जतिसुकै प्रतिभाशाली, देशभक्त र जनमुखी भए पनि लोकप्रियता र प्रसिद्धिको दौडादौडमा पछि पर्नु कुनै अस्वाभाविक कुरा हैन ।*

*तर साँच्चि नै सत्य, न्याय र जनताको पक्षमा लेख्ने, गाउने र कला सिर्जना गर्ने महान् उद्देश्यमा प्रतिबद्ध भएकाहरूलाई सधैं त्यसरी तिरस्कृत गर्न र अज्ञात बनाएर तलको तलै पारी राख्न सकिंदो रहेनछ भन्ने कुरा पनि अरू मुलुक र आफ्नै नेपालमा पनि हामी देखिरहेकै छौं । राणाकाल, पंचायतकाल र कांग्रेसकालमा, हिजो अस्ति निकै 'चर्चित, सुप्रसिद्ध, लोकप्रिय, दिग्गज' भनेर अधि सारिएका विद्वान, लेखक, कलाकारहरू आज स्वत: किन हराउँदै गए त ? जनताले तिनको नाउँसम्म पनि किन लिइरहेका छैनन् त ? 'गुणस्तर नभएका, महत्वहीन, प्रचारवादी, नारावादी' भनेर प्रमुख संचार माध्यममा कुनै ठाउँ नपाउने गोकुल जोशी, देवीप्रसाद किसान, श्यामप्रसाद, युद्धप्रसाद मिश्र, कुलमान सिंह, रायन, रामेश, खगेन्द्र संग्रौला, जीवन शर्मा, जे. बी. टुहुरे र अन्य जनपक्षीय साहित्यकार/ कलाकारहरू आज किन व्यापक जन समुदायमा झन् झन् प्रसिद्ध र लोकप्रिय हुँदै गइरहेका छन् ? यसबाट प्रमाणित हुन्छ कि- कोही सुप्रसिद्ध र लोकप्रिय छ वा छैन भन्ने विषयका अंतिम निर्णयकर्ता जनता नै हुन् ।*

*जनतालाई तर्साउने, अल्मल्याउने र मानसिक रूपबाट नियन्त्रित गरी राख्ने उद्देश्यबाट शोषक वर्गको प्रचार-यंत्रले तयार पारेका सुप्रसिद्ध विद्वान र लोकप्रिय कलाकार 'माटोका बाघ' र निर्जीव बुख्याँचा मात्र हुन् । हामीले तिनको प्रसिद्धि र लोकप्रियताको धाक-रवाफबाट तर्सनु, आफूलाई हीनताबोधमा पार्नु भनेको एक किसिमले शोषकवर्गीय संस्कृतिकै धाक-रवाफलाई टिकाइराख्नमा मद्दत पुऱ्याउनु हो । हाम्रा बुद्धिजीवी र श्रष्टाहरूले त्यसरी छिटै पाइने र छिटै गुम्ने खोक्रो प्रसिद्धि र लोकप्रियताको दृष्टि-दोषबाट मुक्त भएर दूरदर्शी हुँदै दीर्घकालीन रूपमा विचार गर्नु पर्दछ । त्यसो गरेमा मात्र उनको लोकप्रियता र प्रसिद्धि पनि दीर्घकालीन हुन सक्नेछ ।* ❑

**अमेरिकामा, नोम चोम्स्की जस्ता प्रखर प्रतिभावान बुद्धिजीवीहरु आफ्नै 'प्रजातान्त्रिक' मुलुकभित्र, प्राज्ञिक र संचार क्षेत्रमा तिरस्कृत हुन पुगेका छन् ।**



कम्प्युटर फोटो फाइल

# नारायण गोपालका गीतहरुलाई दुई कोटीमा राखेर बुझ्न सकिन्छ ।

**खगेन्द्र संग्रौला**

विषयलाई सरल बनाउन म यहाँ नारायण गोपाल वरिपरि मात्र यस चर्चालाई सीमित गर्छु । नारायण गोपाललाई कतिपयले स्वर-सम्राट भनेका छन् र अरू कतिपयले चाहिं स्वरका जादुगर भनेका छन् । मलाई के भन्न मन लाग्छ भने, नारायण गोपाल आफ्नो जमानाका आफ्नो क्षेत्रका 'आतंक' हुन् । आफ्नो संगीत साधनाको खास खास काल खण्डमा खास खास नेपाली संगीतकार र गायक चर्चा र लोकप्रियताको शिखरमा पुगेका देखिएका छन् । तर ती सबैका हकमा ती कुराको निरन्तरता पाइँदैन । तर नारायण गोपाल गायनको क्षेत्रमा प्रवेश गरेदेखि मृत्यु पर्यन्त र मृत्युपछि आजसम्म पनि निरन्तर चर्चा र लोकप्रियताको शिखरमा रहेका छन् । नारायण गोपालको व्यक्तित्व, उनले गाएका गीतहरूको अन्तर्वस्तु, उनको साधना, संगीत र स्वरमा के त्यस्ता गुणहरू छन्, जसले उनलाई यति लामो समयभरि नेपाली गायनको संसारमा चर्चा र लोकप्रियताको क्षेत्रमा झण्डैजसो एकाधिकार कायम गर्न समर्थ तुल्याए ? मार्क्सवादी सौन्दर्यशास्त्रका दृष्टिले नारायण गोपालको समग्र व्यक्तित्व र कृतित्वको मूल्यांकन कसरी गरिंदो हो ? यस छोटो टिप्पणीमा यी विषयको चर्चाको थालनी मात्र गर्नेछु ।

नारायण गोपालको सार्वजनिक जीवन र संगीत साधनाको ज्यादाजसो समय पंचायती हुकमशाही अन्तर्गत पर्दछ । पंचायत पतन भएको केही वर्षपछि नारायण गोपालको देहान्त भइहाल्यो । सापेक्ष रूपले खुला वातावरणमा उनको प्रतिभा र साधनाले चलखेल गर्ने लामो समय पाएन । तसर्थ के भन्न सकिन्छ भने, नारायण गोपालको संगीत पंचायतकालीन निरंकुश परिवशको उपज हो र सोही परिवेशप्रतिको उनको वर्गीय प्रतिक्रियाको प्रतिफल पनि हो । अन्तर्वस्तुको दृष्टिबाट नारायण गोपालका गीतहरूलाई मोटामोटी दुई कोटीमा बाँडेर बुझ्न सकिन्छ भन्ने मलाई लाग्छ । त्यसैगरी सांस्कृतिक मूल्यका दृष्टिले पनि तिनलाई सापेक्ष रूपले स्वस्थ र अस्वस्थ गरी दुई कोटीमा बाँडेर हेर्न सकिन्छ ।

नारायण गोपालका धेरैजसो गीतहरूको मूल अन्तर्वस्तुमा तीन वटा तत्व छन्: यौन-प्रेम, मदिरा र बैराग्य । यस बाहेक, राष्ट्रियताको महिमा प्रकट गर्ने केही गीत पनि उनले गाएका छन् । मुल अन्तर्वस्तु यौन-प्रेम भएका उनका गीतहरू दुई खालका छन्- सापेक्ष रूपले स्वस्थ र सुन्दर तथा अस्वस्थ र कुरूप । यहाँ स्वस्थ र सुन्दरको हाम्रो मूल्यगत मापदण्ड वर्गीय हित नै हो । अर्थात् नारायण गोपालका जुन गीतले भावनात्मक दृष्टिले आम शोषित-पीडित जनताको अहित गर्दैनन्, तिनलाई हामी सापेक्ष रूपले स्वस्थ र सुन्दर मान्छौं । जुन गीतले आम जनताको अहित र शोषक ठालूहरूको हित गर्छन्, तिनलाई हामी अस्वस्थ र कुरूप मान्छौं । **ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो, अल्झेछ क्यारे पछ्यौरी तिम्रो चियाको बुटामा, दुईटा फूल चौरालीमा ... देखि लिएर मर्स्याङ्दी नदी नरमाइलो सुसाइरहेको** जस्ता थुप्रै गीतहरूको श्रृङ्खला प्रेम गीतको यस कोटीमा पर्दछ । मेरा विचारमा यस कोटीका गीतहरूमा प्रतिबिम्बित यौन-प्रेम त्याज्य र निन्दनीय विषय होइन । यो त मानवको स्वाभाविक गुण र जीवनको अनिवार्य तत्व पनि हो । यस प्रकारको प्रेमले जीवनलाई सरस र सुन्दर बनाउन सघाउँछ । यसमा मानव जातिको वंश परम्परालाई निरन्तरता दिने सिर्जनशील आग्रह हुन्छ । तसर्थ, यौन-प्रेममा प्रतिबिम्बित हुने सौन्दर्य आनन्दको मुहान हुने गर्छ । अधिकांश सुन्दर लोकगीतहरूको प्रस्थान बिन्दु यौन-प्रेम भएको र प्रेमका भावनाहरूभित्रै तत्कालीन जीवनका अन्य विविध पक्षहरू घोलिएर प्रकट हुने गरेको तथ्य हामीलाई थाहा छ ।

शोषित र पददलित आम जनताको जनवादी मुक्ति आन्दोलन उच्च गति र प्रगतितर्फ लम्कने क्रममा नयाँ प्रकारका

**देशप्रेमको भावना झल्काउने नारायण गोपालका गीतहरू संख्यामा थोरै छन्**



खगेन्द्र संग्रौला

प्रेम गीतहरूको सिर्जना हुँदै जानेछ । त्यस्ता गीतहरूमा प्रतिबिम्बित हुने यौन-प्रेममा युवक-युवतीबीचको आकर्षणको केन्द्र बाहिरी रूप-लावण्य, सिङ्गार-पटार, तडक-भडक र सामन्ती-सोख नभई जीवनको उच्च आदर्श तथा एकअर्काका नैतिक-चारित्रिक गुण हुनेछन् । यी समाजको क्रान्तिकारी रूपान्तरणकारी प्रक्रियाको आवश्यकता र सोही प्रक्रियाको प्रभावबाट सिर्जित हुने श्रमिक वर्गीय प्रेम गीतका विषयगत विशेषता हुन् । त्यस्ता प्रणय गीतका केन्द्रमा श्रम र सिर्जनाप्रतिको आस्था एक सबल तत्व हुनेछ । तर हामीले बिर्सनु नहुने तथ्य के हो भने, उच्च स्तरका त्यस्ता प्रेम गीतहरू आफ्नो पृष्ठभूमिमा रहेको परम्पराका स्वस्थ र सबल तत्वहरूका जगमाथि नै खडा हुन्छन्, कतै निराकार शून्यमा होइन ।

मेरा विचारमा नारायण गोपालका यी भावुक प्रेम गीतहरू त्यस जगको ढुङ्गोमा पर्दछन् । नारायण गोपाल प्रभृतिका यस कोटीका प्रेम गीतहरूलाई हातको एउटै हल्का इशाराले नकार्ने र तिनमाथि ठूल्ठूला सैद्धान्तिक आरोप लगाउँदै थोक-फैसला अधिसार्ने प्रवृत्ति पनि हाम्रो प्रगतिवादी सांस्कृतिक आन्दोलनमा कहिलेकाहीं देख्न पाइन्छ । यस्ता सोचाइमार्फत् नयाँ संस्कृति र सभ्यताको महल उभ्याउन रहर गर्नेले महल उभ्याउने जगको ढुङ्गालाई नकारेको जस्तो लाग्छ । के यो जगको ढुङ्गोलाई तिरष्कारपूर्वक उखेलेर मिल्काउन खोज्नु र जगबिना नै नयाँ भवन निर्माण गर्ने आकांक्षा राख्नु जस्तो अयथार्थवादी, तसर्थ, इतिहासविरोधी दृष्टिकोण होइन ?

देशप्रेमको भावना झल्काउने नारायण गोपालका गीतहरू संख्यामा थोरै छन् । र, कथ्य र शिल्प दुवै दृष्टिले ती सुन्दर छन् । अन्तरवस्तु मदिरा र वैराग्य भएका उनका पछिल्लो चरणका अधिकांश गीतहरू, मेरा विचारमा, बाहिरबाट समुधुर स्वर र परिष्कृत संगीतको मह लेपिएका विषका प्राणघातक पुरिया हुन् । **प्यादा पिउदै जिन्दगी यो रित्याउन चाहन्छु म, एक्लै तिमी नआऊ म मात्तिएको बेला, आजभोलि जिन्दगानी मात्तिन थालेछ, म मुर्दा भएको तिमी आज हेर** आदि दर्जनौं गीतहरूलाई यसै कोटीमा राख्न सकिन्छ । यी र यस्ता गीतहरूले श्रोताहरूलाई, खास गरेर युवा समूहलाई, दुर्व्यसन, हताशा र सामाजिक-नैतिक उत्तरदायित्वदेखि पलायनको दिशातर्फ लाग्न प्रेरित र प्रोत्साहित गर्दछन् । गीतको माध्यमबाट श्रोता गणमा उब्जाइने यस्ता हताशा, पलायन र गैरजिम्मेदारीका अनुभूतिहरूले श्रोताहरूलाई असमानता र अत्याचारमा टिकेको सडेगलेको समाजलाई समानता र न्याययुक्त समाजमा रूपान्तरण गर्ने प्रगतिशील संघर्षबाट विमुख तुल्याउनमा सघाऊ पुऱ्याउँछन् । यसरी यस्ता गीतहरूले थोत्रो समाजलाई यथास्थितिमा जोगाइराख्न भावनात्मक मलजल प्रदान गर्दछन् । तसर्थ, सतहमा आकर्षक र सम्मोहक जस्ता लाग्ने यी गीतहरू सारमा विषका पुरिया नै हुन् ।

नारायण गोपालको 'आतंक' स्तरको लोकप्रियताका पछिल्तिर कारणहरू के के होलान् ? सरल तरिकाले उनलाई समग्र रूपमा नकार्न खोज्नेहरूले भन्न सक्लान्- यसको मूल कारण उनका गीतहरूले सरकारी संचार माध्यमबाट प्रसार हुने अवसर पाउनु नै हो । तर अर्को रहस्यबारे हामी लगत्तै अर्को प्रश्न सोध्न सक्नेछौं- नारायण गोपालको समग्र संगीत प्रवाहको कठोर आलोचना गर्नेहरू स्वयं उनको आलोचना गर्दागर्दैको क्षणमा किन नारायण गोपालकै गीत गुनगुनाउने गर्दा हुन् ? यो विरोध र यो सम्मोहनका पछिल्तिर रहेको वर्गीय तथा मनोवैज्ञानि कारण के होला ? यस विषयमा लामो छलफल गर्नु चाखलाग्दो र उपयोगी होला भन्ने मलाई लाग्छ । तर यस छोटो टिपोटमा त्यो काम गर्न सम्भव छैन ।

यहाँ अर्को प्रश्न गर्नु पनि असान्दर्भिक नहोला भन्ने मलाई लाग्छ । के आकर्षण र लोकप्रियताको सवालमा हाम्रा जनवादी गीतहरू नारायण गोपालका गीतसंग प्रतिस्पर्धा गर्न समर्थ भएका छन् ? विनम्रतासाथ सोच्ने हो भने यसको उत्तर सके नकारात्मक होला । यसो हुनाका विविध कारण होलान् । यहाँ म एउटा कारणको मात्र चर्चा गर्छु । जनवादी सांगितिक आन्दोलनका धेरैजसो गीतहरू उठ, जाग, **ठोक** जस्ता कोरा नारा र स्थूल उपदेशको भारले थिचिएका छन् । कठोर व्यवहारले हामीलाई के शिक्षा दिएको छ भने, हाम्रो जनवादी संगीत आन्दोलनमा राजनैतिक आदर्श र क्रान्तिकारी सन्देशहरू सूक्ष्म र तीक्ष्ण अनुभूतिको स्तरबाट अभिव्यक्त गर्ने वैचारिक चेत र सिर्जनशील सीपको राम्रो विकास भइसकेको छैन । उच्च आदर्श र उदात्त सन्देश भरिएका धेरैजसो जनवादी गीतहरू कथ्य र शिल्प दुवै स्तरमा परिष्कृत हुन नसक्नाको कारणले पनि नारायण गोपालका गीतहरूसंग प्रतिस्पर्धा गर्नमा ती पछि परेका हुन् भन्ने मलाई लाग्छ । हेक्का राख्नु पर्ने कुरा के हो भने, सैद्धान्तिक स्तरमा नारायण गोपाल प्रभृतिको हामीले जतिसुकै विरोध गरे पनि व्यावहारिक प्रचलनमा मानिसहरूले उनीहरूकै गीत सुनिरहने छन् र गुनगुनाइरहने छन् । तसर्थ, अस्वस्थ र कुरूप गीत-संगीतको कुप्रभावप्रति श्रोता गणलाई सजग गराउन नारायण गोपालहरूको कोरा विरोध मात्र पर्याप्त छैन । अन्तवर्स्तुका दृष्टिले समृद्ध र शिल्पका दृष्टिले उनका गीतहरू जत्तिकै र अझ त्योभन्दा बढी सजिएका गीतहरू विकल्पका रूपमा अघि सार्नु पर्दछ । झट्ट हेर्दा खूबै क्रान्तिकारी जस्तो लागे पनि सिर्जनात्मक विकल्पबिनाको विरोध शून्यवाद नै हो ।

## नारायण गोपालबाट हाम्रो संगीत आन्दोलनले विनम्रतासाथ सिक्नु पर्ने अरू केही कुरा पनि छन्



चित्र: सुन्दर श्रेष्ठ

नारायण गोपालबाट हाम्रो संगीत आन्दोलनले विनम्रतासाथ सिक्नु पर्ने अरू केही कुरा पनि छन् । पहिलो कुरा, नारायण गोपालका गीतमा सजाइएको संगीतमा शास्त्रीय संगीत, लोक संगीत र आधुनिक संगीतको सुन्दर सम्मिश्रण पाइन्छ । उनका गीतहरूमा रहेको सम्मोहनकारी आकर्षणका पछिल्तिर उनको सुमधुर स्वर बाहेक एक प्रबल कारण यो पनि हो । यो उनको कठीन तपस्या सरहको साधनाको नतिजा हो । दोस्रो कुरा, गीतैपिच्छे संगीतको नौलोपना र पुनरावृत्तिको कमी उनका गीतको अर्को आकर्षणकारी विशेषता हो । तेस्रो कुरा, नारायण गोपाल आफ्नो वर्गका आफ्नो पुस्ताका औधी स्वाभिमानी गायक हुन् । जानिफकारहरू भन्छन्, उनले निजी स्वार्थ, सुविधा र बजारू लोकप्रियताका निम्ति रेडियो नेपाल र नेपाल टेलिभिजनछेउ हम्मेसी चाकरी गरेनन् । तैपनि ती प्रसारण संस्थाहरूले उनलाई कहिल्यै तिरष्कार गर्न सकेनन् । यसो हुनुका पछिल्तिर उनको प्रतिभा, आफ्नो विधामा उनको कष्टसाध्य साधना र दक्षता तथा उनको स्वाभिमानको शक्ति नै रहेको छ भन्ने मलाई लाग्छ । नारायण गोपालले पंचायतकालीन निरंकुशताको मुखर रूपले विरोध र प्रतिकार त गर्न सकेनन्, तैपनि निरंकुश सत्ताको चाकरी र जयगान गर्न अस्वीकार गरी उनले त्यस सत्तालाई धेरथोर असहयोग अवश्य गरे । यो उनको सबल पक्ष हो ।

सारांशमा, नारायण गोपाल प्रभृतिका गायक-संगीतकारहरूलाई मार्क्सवादी सौन्दर्य शास्त्रले ऐतिहासिक सन्दर्भमा र समग्रतामा हेर्न हामीलाई अह्राउँछ । समग्रमा अध्ययन नगरी थोक विरोध वा थोक समर्थन गर्नु अद्वन्दवादी र इतिहास विरोधी सोचाइ ठहरिन्छ । ❑

# हाम्रो अध्ययनशीलतामा किन ह्रास आइरहेछ ?

चन्द्रदेव नेपाली

**नेपाली शोषित जनताको पक्षका ब्यक्तिहरुमा आजकाल अध्ययन-शीलतामा ह्रास आइरहेको कुरामा दुइ मत हुने ठाउँ छैन ।**

**समग्र समाजमै चिन्तन-अध्ययनको पक्ष आज पछि पर्दैगएको छ । खाने , लगाउने ऐश आराम गर्ने र मनोरञ्जन गर्ने कुराहरुले ज्यादा महत्व पाइरहेका छन् । तर पढ्ने, सुन्ने, सोच्ने, खोजी गर्ने, चिन्तन गर्ने र अन्तर्क्रिया गर्ने पक्ष तुलनात्मक रुपले निकै पछाडि परेको छ ।**


**जागीरमुखी औपचारिक शिक्षा प्राप्त गर्नेहरुको संख्या निरन्तर बढ्दो छ । तर त्यसको पनि स्तर दिनप्रतिदिन घटिरहेछ ।**

यो शिक्षा पनि यहाँ महंगो छ । यो शिक्षा केही घोकन्ते प्राविधिक कुराहरू र जीवनविरोधी दर्शनले भरिएको छ । सृजनशील ,उद्यमशील व्यक्ति निर्माण गर्नेतिर र जीवनमुखी-समाजमुखी जीवनदर्शनले उसलाई लैस पार्नेतिर यसको पटक्कै रूचि रहेको देखिन्न ।

यो स्थितिमा, व्यक्तिले आफूलाई सुशिक्षित पार्ने भनेको स्व-अध्ययन र अन्य अनौपचारिक अध्ययन विधिद्वारा नै हो ।

हाम्रो आन्दोलनमा २०४६ सालअघिसम्म यो अध्ययुनविधिले महत्व पाउने गर्थ्यो । पञ्चायती रूढीवादी, सामन्तबादी शिक्षा-व्यवस्थाको गर्भबाट पनि कतिपय सचेत, लडाकु जनपक्षीय दिग्गजहरू पैदा हुन सक्नुको कारण नै यही थियो ।

त्यतिखेरको यो जनपक्षीय अनौपचारिक शिक्षा मूलतः पार्टीहरूले र पार्टीहरूले महत्व दिएर बढावा दिएको अध्ययन-प्रणालीले कायम गरेका थिए । वामपन्थी नेता-कार्यकर्ताहरू स्वयंमा पनि गहिरोमा 'जानौं, बुझौं, जान्नुपर्छ, बुझ्नुपर्छ' भन्ने भावना थियो । पत्रपत्रिकाहरू गम्भीरतापूर्वक निकाल्ने, तिनको प्रचार प्रसार र अध्ययन गर्ने-गर्न लगाउने, पुस्तिकाहरू, पुस्तकहरू खोज्ने, पढ्ने, विदेशबाट झिकाउने, अनुवाद वा लेखन कार्य गरी छपाउने, तिनीहरूमाथि वादविवाद चलाउने, छलफलहरू गर्ने आदि कार्यलाई पार्टीहरू र नेता- कार्यकर्ताहरूले महत्व दिने गरेका थिए । पार्टी कक्षाहरू प्रायः नियमित हुने गर्थे, पार्टीहरूले पाठ्यक्रम नै तय गरेर अध्ययन-अध्यापन गर्ने, गराउनेतिर पनि ध्यान दिएका थिए ।




फोटो: उषा

यद्यपि, यो सिलसिला आन्दोलनको जरूरत अनुसार अझै गहिरो, नियमित र विस्तृत थिएन । तर पनि यसले उल्लेखनीय महत्व भने पाएको थियो ।

यो सिलसिलालाई २०४६ सालपछिको खुकुलो वातावरणको उपयोग गर्दै हामीले अरू पूर्णतातिर लैजानु पर्थ्यो । यसमा हामी अरू गम्भीर हुनु पर्थ्यो ।

किनभने, यसका दुई अतिरिक्त कारणहरू पनि थिए ।

एक, वामपन्थीहरू हिजो सीमित संख्यामा थिए, आज यो संख्या कैयौं गुना बढेको छ । यो बढ्ने क्रममा व्यक्ति, समाज र समाज परिवर्तनका नियम र विशेषताका बारेमा पहिलेभन्दा धेरै कम ज्ञान भएका मानिसहरू पनि आन्दोलनमा ठूलो मात्रामा प्रवेश गरेका छन् ।

मान्छेहरू ह्वात्तै बढेपछि अध्ययन-अध्यापनको क्रियाकलापको मात्रा पनि ह्वात्तै बढ्नु जरूरी थियो कि थिएन ? झन त्यसमाथि, नव प्रवेशीहरू पहिलका मानिसहरूभन्दा कम जानेबुझेका छन् भने, उनीहरूका लागि अध्ययन-अध्यापनको थप बन्दोबस्त गर्नेतिर हाम्रो ध्यान जानु पर्ने हो कि होइन ?

दुई, सोभियत संघको पतन भएपछि त्यसको पतनका कारण खोजेर, विद्यामान नयाँ र जटील परिस्थितिमा आगामी दिनका निम्ति बाटो तय गर्न हामीलाई थप अध्ययनको जरूरत भएको छ । यसैगरी, हाल विश्व-साम्राज्यवादले र जनताका घरेलु शत्रुहरूले समेत आफूलाई बौद्धिक क्षेत्रमा निकै अगाडि बढाइरहेका छन् । यो स्थितिमा, हामीले उनीहरूलाई उछिन्ने गरी अघि बढ्न विशेष प्रयत्नहरू गर्न जरूरी छ कि छैन ?

के कुरा हामीले भुल्नु हुन्न भने- लेनिन, माओ, वा अन्य सफल समाजवादी नेता र तिनका पार्टीहरूले आफ्नो पंक्तिलाई बौद्धिक क्षमताका हिसाबले पनि तात्कालीन समयमा शत्रुहरूभन्दा धेरै माथि उठाएका थिए । उनीहरूको अध्ययन-चिन्तन र खोज-अनुसन्धानको स्तरका अगाडि शत्रुहरू 'बाउन्ने' देखिन्थे ।

हाम्रो आन्दोलनले बर्तमानमा अतिरिक्त प्रयत्न गरी अध्ययनशीलता बढाउनु त परै रह्यो, २०४६ अघिको यसको स्तरसम्म पनि यसले कायम राख्न नसकेकोमा आज आन्दोलनभित्रका थुप्रै गम्भीर मानिसहरू चिन्तित छन् । तर यो चिन्ता आम नेता-कार्यकर्ताहरूसम्म भने अझै पुग्न सकेको छैन ।

बुद्धि, ज्ञान, चेतनाको अभिबृद्धि गर्नेतिरभन्दा ज्यादा आज आफ्ना समर्थकहरूको संख्या बढाउनतिर मात्र वा संख्या बढेकोमा खुसी हुनतिर वा संख्या घटेकोमा दुखी हुनतिर मात्र हाम्रा पार्टीहरू सक्रिय रहेका छन् । नेता कार्यकर्ता, समर्थकरूमा पनि व्यक्तिगत पहलमै पनि ,गम्भीर अध्ययन गर्ने लत बसेको छैन । लत बसेकाहरूमा पनि यो घटेर गएको छ । रेडियो सुनेका भरमा वा टि.भी हेरेका भरमा वा गोरखापत्र पढेका भरमा मात्र टापटिपे ज्ञान र मोटामोटी धारणा बनाएर हिँड्ने वाम-कार्यकर्ताहरू आज प्रशस्त छन् । कति त त्यही रेडियो वा टि.भी. वा गो. प. नै पनि केलाएर हेर्ने समय निकाल्दैनन्, बरू समय त्यसै खेर फाल्छन् ।

महिनौंदेखि कुनै एउटा मात्र पनि स्वतन्त्र अखवारले प्रवेश नगरेका घरहरू यहाँ असंख्य छन् । क्रय-शक्ति नहुनका कारणले पत्रिका घर नलगिएको घरको कुरा हैन यो । खाने, लाउने, धाक लगाउने काममा तथा फाल्तु र बेकारका

**लेनिन, माओ र तिनका पार्टीहरुको अध्ययन-चिन्तनको स्तरका अगाडि शत्रुहरु 'बाउन्ने' देखिन्थे**

## यहाँ यस्तो खतरा पनि देखा पर्दैछ कि- टापटिपे ज्ञान र हाटहुटे स्वभाव मात्रका भरमा मानिसहरु आफूलाई 'नेता'को रुपमा समेत स्थापित गर्न खोज्दैछन्

काममा ठूलै मात्रामा खर्च गर्न सक्ने र खर्च गरिरहेका परिवारहरूको कुरा हो यो ।

वर्षौ यतादेखि केटाकेटीका कोर्स-बुकहरू बाहेक अरू कुनै गतिलो पुस्तिका वा किताबले प्रवेश नगरेका तर 'आथिक रूपले सक्षम 'घरहरू पनि यहाँ प्रशस्त छन् ।

मार्क्सवादका र अरू दर्शनशास्त्रका प्रारंभिक पुस्तकहरू नै नपढी विपक्षीहरूसंग टापपिटिपे ज्ञानका भरमा घण्टौं बहस गर्ने वामपन्थी दिग्गजहरू पनि यहाँ प्रशस्त छन् ।

कलाको वर्गीय स्वरूपका बारेमा एउटा मात्र पनि आधारभूत पुस्तिका वा पुस्तक नपढी "म प्रगतिशील खेमाको कलाकार हुँ" भन्नेहरूको पनि यहाँ कुनै कमी छैन । यसैगरी, साहित्य, शिक्षा वा पत्रकारिताका बारेमा 'के गर्दा प्रगतिशील भइन्छ, के गर्दा प्रगतिशीलता विरोधी भइन्छ ?' भन्ने कुरा एक पटक पनि कहीं नपढी, छलफल नगरी 'प्रगतिशील साहित्यकार,' 'प्रगतिशील शिक्षक' वा 'प्रगतिशील पत्रकार' हुँ भनी दावी गर्दै हिँड्ने र 'पद'हरू ओगट्न मरिहत्ते गर्नेहरू पनि यहाँ प्रशस्तै छन् ।

हँदाहुँदा त यहाँ यस्तो खतरा पनि देखा पर्दैछ कि - टापटिपे ज्ञान, हाटहुटे स्वभाव मात्रका भरमा मानिसहरू आफूलाई 'नेता'को रूपमा समेत स्थापित गर्न खोज्दैछन् ।

बस्, जसले आफैं बाटो देखेको छैन, ऊ अरूलाई बाटो देखाउँछु भनेर अघि बढ्यो भने समाजको हालत के र कस्तो होला ?

यो खतरा यहाँ उल्लेखनीय मात्रामा देखिनथालेको छ ।

यसैबीच, यो लेखकले हाम्रो आन्दोलनमा आएको अध्ययनशीलताको यो ह्रासका बारेमा युवा कवि **पाण्डवराज कार्की**, समालोचक **निनु चापागाईं** र साहित्यकार तथा नेता **मोदनाथ प्रश्रित**संग छुट्टा छुट्टै कुराकानी गरेको



पाण्डवराज कार्की

थियो ।

उहाँहरू तीनै जना हाल हाम्रो आन्दोलनमा अध्ययनशीलतामा ह्रास आएको कुरा स्वीकार्नु हुन्छ ।

**पाण्डवराज कार्की** यसमा थप भन्नु हुन्छ- *"हाम्रो समाजमा वरिष्ठताको निरूपण पनि प्रतिबद्धता , क्षमता, योग्यता, दक्षता, लगनशीलता र ज्ञान-चेतनाका आधारमा भन्दा ज्यादा उमेर र कपाल फुलेको आधारमा गर्ने गरिन्छ, जुन आजभन्दा दुई सय वर्षअगाडिको थोत्रो परिपाटी हो ।"*

२०४६ साल अगाडि पत्रपत्रिकाहरू, किताबहरू, रेडियो ,टि.भी. का गम्भीर कार्यक्रम, छलफल, चिन्तनहरूले जति महत्व पाउँथे, आज तिनले त्योभन्दा कयौं गुना बढी महत्व पाउनु पर्नेमा हिजो जत्ति पनि महत्व नपाईरहेको कुरामा उहाँ गम्भीर चिन्ता समेत व्यक्त गर्नुहुन्छ ।



निनु चापागाईं

**निनु चापागाईं** हाम्रो आन्दोलनमा अहिले पनि अपवादका रूपमा केही मानिसहरू अध्ययनशील नै रहेको मान्नु हुन्छ र भन्नु हुन्छ- *"तर पनि मूल प्रवृत्तिको रूपमा भने अध्ययनशीलतामा यहाँ ह्रास नै आइरहेको छ । पहिले अध्ययनशीलता अहिलको भन्दा बढी नै थियो । पहिले दिनभरको काम र रातभरको मिटिङ सकेर पनि बिहानपख केही नयाँ र गहिरा कुरा नपढीनछाड्ने नेता-कार्यकर्ताहरू पनि थुप्रै थिए । केही मानिसहरू त नियमित सैद्धान्तिक -वैचारिक अध्ययनका निम्ति उदाहरणीय नै थिए । साथै, आम रूपमै पनि नेता-कार्यकर्ताहरूले हरेक दिन केही समय अध्ययनका निम्ति छुट्याउनु पर्छ भन्ने मान्यता आन्दोलनमा कायम थियो ।"*

**मोदनाथ प्रश्रित** भन्नुहुन्छ- *"अहिले राजनीतिका मोटा मोटा र क्षणिक काम कुराहरूमा मात्रै हाम्रो ध्यान ज्यादा गइरहेछ । यसले गर्दा निरन्तर आफूलाई गहिरो भन्दा गहिरो सैद्धान्तिक वैचारिक अध्ययनमा लगाउने र निरन्तर आफूलाई परिमार्जन गर्ने भन्ने कुरा पछि परेको छ । नयाँ पुस्तामा त अध्ययनशीलता झन झन फिका हुँदै गइरहेछ ।"*

उहाँ थप भन्नु हुन्छ- *"मैले त मेरा सहकर्मी नेता मित्रहरूलाई पनि दैनिक र क्षणिक राजनीतिक कामबाट दिनको दुई -तीन घण्टा मात्रै पनि पर हटेर नियमित रूपमा गम्भीर अध्ययन, चिन्तनतर्फ लाग्नको निम्ति सुझाव गरिरहेको छु । म अफ्नै लागि पनि यो कुरा सोचिरेहेको छु, लागु गर्दैछु । नयाँ कार्यकर्ता मित्रहरू र शुभेच्छुकहरूलाई पनि मेरो यही सुझाव छ कि- उहाँहरूले व्यवस्थित रूपमा आधारभूत पुस्तक, पत्रिकाहरू पढ्नैपर्छ, छलफल चिन्तन गर्नैपर्छ । हैन भने, हामी सबै क्षणिक राजनीतिका हाम्रा विपक्षी पात्रहरू 'फलानो प्रसाद' वा 'फलानो बहादुर' आदिकै वरिपरि मात्र सीमित हुनेछौं, दीगो र गहिरो रूपमा हाम्रो स्तर बढ्ने छैन ।"*

श्रव्य-दृश्य माध्यमहरूले सृजनशीलता र व्यवस्थित बौध्दिक विकासमा सहयोग नपुऱ्याउने हुनाले अमेरिकातिर आजकल प्रवुद्ध व्यक्तिहरूको ध्यान श्रव्य-दृश्यका माध्यमहरूतिर कम जान लागेको उदाहरण दिदै **निनु चापागाईं** भन्नु हुन्छ- *"पूँजीवादी उपभोक्तवादले श्रव्यदृश्यका क्षणिक मनोरंजनतिर मानिसहरूको ज्यादा ध्यान तानेकाले हाम्रो आन्दोलनका कतिपय व्यक्तिहरू पनि त्यसैमा बगेका पनि देखिएका छन् ।"*

अध्ययनशीलतामा समयानुकूल गम्भीर अभिवृद्धि गर्न पार्टी-स्कूलहरू, पार्टी-पाठ्यक्रम र कक्षा एवं

**के तपाईलाई थाहा छ ?**

**नेपालमा प्रत्येक दिन कति हत्या हुन्छ ?**

- नेपालमा हरेक दिन हत्या, आत्महत्या, सवारी दूर्घटना र अन्य घटनामा सरदर १३ जनाको ज्यान जान्छ ।
- त्यसमध्ये हरेक दिन नेपालमा ५ जनाले आत्महत्या गर्ने गर्छन् ।
- हरेक दिन ३ जनाको सवारी दुर्घटनामा मृत्यु हुने गर्छ ।
- हरेक दिन नेपालमा एक जनाको हत्या हुने गर्छ ।

*स्रोत: गोरखापत्र, असार १,२०५३*



मोदनाथ प्रश्रित

छलफलहरू हुनै पर्छ भन्नेमा पाण्डवराज कार्की, निनु चापागाईं र मोदनाथ प्रश्रित तीनै जना सहमत हुनुहुन्छ । मार्क्सवादी र अन्य थरि अध्ययनसामग्रीहरू उपलब्ध हुने पुस्तकालयको व्यवस्था गर्न पनि संगठनहरूले पहल लिनुपर्ने उहाँहरूको राय रहेको देखिन्छ ।

यसमा **निनु चापागाईं** थप भन्नु हुन्छ- *"पार्टीहरूले त वातावरण र प्रेरणा दिने हो, मूल कुरो त व्यक्ति आफैं अध्ययनप्रति जागरूक हुनुपर्छ । आफ्नो व्यक्तित्व निर्माण र समाज परिवर्तन, - यी दुबै कुराका लागि गहिरो अध्ययन एकदमै जरूरी चिज हो भन्ने कुरा व्यक्ति व्यक्तिले महसूस गर्नु जरूरी छ । सैद्धान्तिक वैचारिक तहका समस्याहरूलाई प्राथमिकता दिएर हरेक दिनको निम्ति अध्ययन- तालिका व्यक्ति व्यक्तिले बनाउनु जरूरी छ ।"*

यहाँनेर, के कुरा चाहिँ विर्सन हुन्न भने, अध्ययनशीलताको कमीको कुरा गर्नु भनेको पाण्डित्यवादको समर्थन गर्नु भने पक्कै हैन ।

यहाँ 'अध्ययन अध्ययनका लागि ' गरेर आन्दोलनमा गुट र फुट मात्र सृजना गर्ने 'कोठे-बुद्धिजीवी' बन्न वा तयार गर्नका निम्ति अध्ययनको वकालत गर्न खोजिएको पनि हैन । आन्दोलनमा अध्ययनको पक्षले उचित महत्व पाएन भनी चिन्तित हुनेहरूलाई "अध्ययनवादी" भन्ने फत्तुर लगाउने कतिपय "हचुवावादी अगुवाहरू" लाई यसको मर्म र आवश्यकता कसरी बोध गराउने ? यसतर्फ पनि चिन्तितहरूको पर्याप्त ध्यान जानु जरूरी छ ।

सारमा भन्ने हो भने, अध्ययनशीलतामा आएको वर्तमान ह्रासको मूल कारण हामीले अफैंले यसको महत्व कम आँक्नु नै हो ।

अन्तमा, हामी सबैका सामु आज उठेको प्रश्न यहाँ पुनः उल्लेख गरौं ।

**-अध्ययनशीलताको विशेष महत्व छ कि छैन ?**

**-व्यवहारमा यस महत्वलाई हामीले साच्चै कम आकेका हौं कि हैनौं ?** ❑



# मंगल ग्रहमा जीवनको सम्भावना



## ताजा अध्ययनबाट प्राप्त संकेत

**मंगल ग्रहमा जीवनको अस्तित्व भेटिएको कुरा गत श्रावण २३ गते अमेरिकी अन्तरिक्ष अनुसन्धान संस्था (NASA) का बैज्ञानिकहरुले सार्वजनिक गरेपछि अहिले विश्वमा यस विषयलाई लिएर ठूलो कौतुहल छाएको छ । भू-गर्भ रसायनशास्त्री डेभिड मीक्केले अगुवाइ गरेको अनुसन्धान टोलीले यो कुरा आफूले पत्ता लगाएको दावी गरेको छ । मंगल ग्रहको करीब १.८ किलोग्राम वजनको चट्टान (आलु आकारको) माथि लगातार गरेको गहन अध्ययन र अनुसन्धानबाट त्यस चट्टानमा जीवनको संकेत पत्ता लागेको बताइएको छ ।**

बैज्ञानिकहरूले धेरै पहिलेदेखि मंगल ग्रहमा जीव हुन सक्ने सम्भावना भएको कुरा बताउँदै आएका थिए । सन् १९०८ मा अमेरिकी नक्षत्रशास्त्री परसीवल लोवेलले मंगल ग्रह सतहमा ठूला ठूला नहरहरू पत्ता लगाएको दावी गर्दा त मानिसहरूले त्यहाँ मानव जस्तै विकसित जीवहरू समेत हुन सक्ने ठूलो आशा गरेका थिए । तर, सन् १९७६ मा अमेरिकी मानवरहित अन्तरिक्ष यानहरू **'भाइकिङ्ग-१'** र **'भाइकिङ्ग-२'** ले मंगल सतहमा अवतरण गरेपछि ती सबै आशामा तुषारापात भयो ।

'भाइकिङ्ग'हरूले पठाएका सयौं सूचना तथा फोटोहरूले मंगल ग्रहमा कुनै जीवनको संकेत देखाएनन् । साथै, ती सूचनाहरूको अध्ययनले हाल त्यहाँको वातावरण जीवनअनुकूल नभएको तथ्य समेत पनि थाहा भयो । तर, कतै पनि पानी नदेखिएको मंगल सतहमा नदीको पानी बगेर सुकेका चिन्हहरू देखिनुले बैज्ञानिकहरूले कुनै बेला त्यहाँ पानी रहेको हुनु पर्ने अनुमान गरेका थिए ।

'भाइकिङ्ग' यानहरूबाट प्राप्त सूचनाहरूबाट तत्काल मंगल ग्रहमा जीवन (Life) को कुनै संकेत नदेखिए पनि पृथ्वीको तुलनामा झण्डै आधा सानो र पृथ्वीबाट झण्डै ८ करोड कि.मि. टाढाको यस ग्रहका धेरै कुराहरू पृथ्वीसंग मिल्दोजुल्दो भएकोले बैज्ञानिकहरूले यसमा जीवनको संकेत भेटिने कुरामा आशा भने मारेका थिएनन् । त्यसैले उनीहरू मंगल ग्रहको अध्ययन अनुसन्धानमा लगातार जुटी नै रहे ।

यसै क्रममा NASA को जोनसन अन्तरिक्ष केन्द्रका बैज्ञानिकहरूले विगत दुई वर्ष अगाडिदेखि ALH 84001 नामक मंग्रल-चट्टानको गहन अध्ययन थाले । उल्का पिण्डको रूपमा पृथ्वीको सतहमा खसेको मंगल ग्रहको यो चट्टान बैज्ञानिकहरूले सन् १९८४ मा एन्टार्कटिकाको पश्चिमी बर्फिलो एलेन हील्स पहाडमा भेट्टाएका थिए ।

परीक्षणबाट त्यस चट्टान मंगल ग्रहबाट पृथ्वीमा झरेका चट्टानहरूमा अहिलेसम्म भेटिएका १२ वटा चट्टानहरूमध्ये सबभन्दा पुरानो अर्थात् ४ अरब ५० करोड वर्ष पुरानो भएको कुरा थाहा भएको छ ।

बैज्ञानिकहरूले आजभन्दा करीब १ करोड ६० लाख वर्ष पहिले मंगल ग्रहलाई कुनै एउटा शिशु ग्रह (Asteroid) ले ठक्कर दिंदा सो चट्टान उछिट्टिएर अन्तरिक्षमा पुगेको र त्यसबेलादेखि करीब १३ हजार वर्ष पहिलेसम्म सूर्यलाई परिक्रमा गर्दै रहेर अन्तमा पृथ्वीमा झरेको कुरा बताएका छन् ।

शुरूमा बैज्ञानिकहरूलाई ALH 84001 चट्टानको सम्बन्धमा त्यो साँच्चै मंगल ग्रहको एक अंश नै हो कि होइन भन्ने विषयमा शंका थियो । यो कुराको टुङ्गो लगाउन उनीहरूले त्यस उल्का पिण्डभित्र सूक्ष्म तवरले च्यापिएर बसेका ग्यासहरूको संरचनालाई अध्ययन गरे । अध्ययनबाट बैज्ञानिकहरूले त्यस चट्टानभित्र च्यापिएर रहेका ग्यासहरूको संरचना र हालको मंगल ग्रहको वायुमण्डलको संरचना एउटै भएको पाए ।


यसबाट बैज्ञानिकहरू उक्त उल्का पिण्ड मंगल ग्रहको चट्टान नै हो भन्ने कुरामा विश्वस्त भए । मंगल ग्रहको हालको विस्तृत जानकारी सन्-१९७६ मा 'भाइकिङ्ग' यानहरू (Viking Landers) ले नमूनाको रूपमा पृथ्वीमा ल्याएका मंगल चट्टानको अध्ययनबाट बैज्ञानिकहरूले पहिले नै थाहा पाएका थिए ।

यसरी १२ वर्ष पहिले पत्ता लागेको त्यस चट्टानलाई केही वर्ष पहिलेदेखि 'NASA' को जोनसोन अन्तरिक्ष केन्द्रले आफ्नो अनुसन्धानशालामा गहन अनुसन्धान अन्तर्गत राख्यो । अनुसन्धानको क्रममा शुरूको ६ महिनासम्म बैज्ञानिकहरूले खासै उत्साहजनक नतिजा पाउन सकेनन् ।

बैज्ञानिकहरूका अनुसार ALH 84001 चट्टान मंगल सतहमा रहँदा नै यसभित्र केही सूक्ष्म चिराहरू परेका थिए । गहन अध्ययनलाई अगाडि बढाउने क्रममा अनुसन्धानमा संलग्न टोलीका एक सदस्य स्टयानफोर्ड विश्वविद्यालयका रसायनशास्त्री रिचर्ड जारेले त्यस सूक्ष्म चिरामा द्वैत लेसर पिण्ड स्पेक्ट्रोमिटर (dual laser mass spectroameter) नामक उपकरण प्रयोग गरी अति शक्तिशाली इलेक्ट्रोन माइक्रोस्कोपले अवलोकन गरे । उनले त्यहाँ PAHs (Polycyclic Aromatic Hydrocarbons) नामक जैबिक अणुहरू देखे र उनी त्यसबाट अति उत्साहित भए । ती जैबिक अणुहरू सानासाना सुनौला Carbonate थोप्लाहरू नजिक केन्द्रित भएर बसेका रहेछन् ।

बैज्ञानिकहरूले ती कार्बोनेट थोप्लाहरू भित्र र वरिपरि अत्यन्तै सूक्ष्म लाम्चो आकारका किराहरू (Worms) का अवशेषहरू (Fossils) पनि पत्ता लगाए ।

**मंगल ग्रहको त्यो चट्टान, जसमाथि बैज्ञानिकहरुले हालै अनुसन्धान गरेका छन्**



ती जीवाशेषहरू पृथ्वीमा अहिलेसम्म भेटिएका सबभन्दा पुराना र सूक्ष्म रूपका नानो व्याक्टेरिया (nano bacteria) हरूको अवशेषभन्दा १०० गुना सानो रहेको बताइएको छ। र, तिनीहरूको ब्यास हामो कपालको १/१००० खण्ड बराबरको छ भने लम्बाइ १/१०" मि.मि. भएको कुरा बैज्ञानिकहरू बताउँदछन्।

अनुसन्धानमा लागेका बैज्ञानिकहरूले त्यस चट्टानमा फलाम अक्साइड (ironoxide) र फलाम सल्फाइड (ironsulphide) का कणहरू पनि भेट्टाए। फलाम अक्साइड र फलाम सल्फाइड पृथ्वीको धरातलभित्र श्वास प्रश्वासको लागि अक्सिजन ग्यास नचाहिने व्याक्टेरियाहरूको कारणले उत्पादन हुने गर्दछ।

यी तथ्यहरूको आधारमा भूगर्भ रसायन शास्त्री डेभिड मिक्केको नेतृत्वमा रहेको अनुसन्धान टोलीले करीब ३ अरब ६० करोड वर्ष पहिलेसम्म मंगल ग्रहको सतहमा तरल पानी रहेको र त्यही समयमा त्यहाँ जीवनको शुरूवात भएको अनुमान गरेको छ।

**भाइकिङ्-२ ले खिचेको मंगल ग्रहको सतहको एक दृश्य**
(दृश्यमा यानले त्यहाँ राखेको एक सिलिण्डर पनि देखिन्छ)



त्यस बैज्ञानिक टोलीको प्रतिवेदन अनुसार कडा पानी बग्ने पाइपमा कार्बोनेट खनिजका दागहरू छरिएर रहेजस्तो गरी त्यो चट्टान मंगल ग्रहमा रहँदा त्यसका चिराहरू-भित्र कार्बोनेट खनिजका थोपाहरू उत्पन्न भए। समय बित्दै गयो र पछि आएर मंगल ग्रहले आफ्नो वायुमण्डल र तरल पानी गुमाउन पुग्यो र, आजभन्दा करीब १ करोड ६० लाख वर्ष पहिले मात्र कुनै एक शिशु ग्रहले मंगल ग्रहलाई ठक्कर दिंदा यो चट्टान उछिट्टिएर अन्तरिक्षमा आइपुग्यो।

चट्टानभित्रको यो रहस्य खुल्नुभन्दा केही महिनाअघि लण्डनमा भएको एक बैज्ञानिक सम्मेलनमा पनि पृथ्वीमा जीवनको शुरूवात भएको समयको वरपर अर्थात् ३ अरब ८० करोड वर्षको वरपरमा नै मंगल ग्रहमा पनि जीवनको शुरूवात भएको हुन सक्ने कुरा उठेको थियो। तर बैज्ञानिकहरूका अनुसार मंगल ग्रह घामको तापबाट धेरै टाढा रहेकोले पछि त्यहाँ बरफ जम्न थाल्यो। र, सूक्ष्म जीवहरू जीवनको सुरक्षार्थ न्यानो पाउन तापको खोजीमा ग्रहको भित्र ज्वालामुखीका ताता भेलहरू तर्फ उन्मुख हुन पुगेको हुनु पर्छ।

त्यसैले, केही बैज्ञानिकहरू अहिले पनि मंगल ग्रहको सतहभित्र गहिरो भागमा जीवित जीवहरू रहन सक्ने विश्वास राख्दछन्। Nasa-Ames Research Centre संग सम्बद्ध एक बरिष्ठ बैज्ञानिक ज्याक फार्मरले यो तथ्यलाई बाहिर ल्याउन मंगल ग्रहको सतहमा १०० मिटरदेखि १ किलोमिटरसम्म तल प्वाल पारी drill द्वारा त्यहाँको चट्टान झिकेर अध्ययन गर्नु पर्ने बताएका छन्। तर, उनी भन्छन्-हाल उपलब्ध बैज्ञानिक प्रविधिबाट भने अहिले तत्कालै यो कार्य गर्नु सम्भव छैन।

जेहोस् ,अहिलेको घडीमा चाहिं मंगल ग्रहको सतहमा त्यस्तो जीवित बस्तुको कुनै संकेत नभेटिएको भएता पनि मंगल ग्रहबाट पृथ्वीमा झरेको चट्टानमा पत्ता लागेको सूक्ष्म जीवावशेषबाट मंगल ग्रहमा पनि जीवन (life) रहेको छ भन्ने कुराको पुष्टि मिल्दछ। र, यसले जीवनको अस्तित्व रहेका खगोलीय पिण्डहरूमा ब्रम्हाण्डभरी पृथ्वी मात्र एक्लो छैन भन्ने कुराको जानकारी विश्वले पाएको छ र यसले सबैलाई उत्साहित तुल्याएको छ।

तर, NASA बैज्ञानिकहरूले दिएको प्रतिवेदनलाई विश्वका कैयौं प्रतिष्ठित बैज्ञानिकहरूले अझै शंकाको दृष्टिले हेरिरहेका छन्।

कर्नेल विश्वविद्यालयका नक्षत्रशास्त्री र प्रवक्ता तथा पृथ्वी बाहिर जीवनको संभावनाको विषयमा अध्ययनरत बैज्ञानिक क्यार्ल सगनले 'यदि यी नतिजाहरू प्रमाणित हुन्छन् भने यो मानव इतिहासको एउटा फड्कोको विन्दु हो' तर, 'असाधारण कुराको पुष्टि गर्न असाधारण प्रमाणहरू नै जुटाउनु जरूरी हुन्छ' भनी NASA को प्रतिवेदनलाई शंकाको दृष्टिमा हेरेका छन्।

त्यस्तै, लस ऐन्जेल्सस्थित क्यालिफोर्निया विश्वविद्यालयका जीवावशेष जीवशास्त्री (Paleobiologist) विलियम स्कोप्फले त्यस चट्टानमा प्राप्त जैविक अणुहरू र खनिज अणुहरूको उत्पत्ति अजैविक हुनसक्ने चेतावनी दिएका छन्। संसारको सबभन्दा पुरानो जीवावशेष पत्ता लगाउने निज बैज्ञानिक विलियम स्कोप्फले उक्त चट्टानमा 'जीवकोष वा जीवन चक्र वा कोष विभाजनको कुनै प्रमाण नभेटिएको' कारणले 'अवशेषित जीवनको स्वरूप' 'सुकेको हिलो' जस्तो 'खनिजतत्वयुक्त पदार्थ' ले बनेको हुन सक्ने बताएका छन्।

न्यू मेक्सिको विश्वविद्यालयको उल्का पिण्ड अध्ययन संस्थान (Institute of Meteoritics) का निर्देशक प्रसिद्ध भूगर्भ रसायनशास्त्री जीम पापाइकले प्रस्तुत उल्का पिण्डमा जैविक गतिविधिको साँचो (key) चिन्हको अभाव भएको बताएका छन्।

उनी भन्छन्- "हामीले हाम्रो प्रतिवेदनमा निष्कर्ष दिएका छौं कि - हाम्रा नापहरू (Sulphur Isotopes का परिवर्तित अनुपातहरू- ले.) ले जीवनको प्रमाण दिंदैनन्।"

केही बैज्ञानिकहरूले स्मृतिको रूपमा १९६० मा अरिजोना विश्वविद्यालयका विद्यार्थीहरूको अध्ययनलाई पनि अगाडि सारेका छन्। त्यस समयमा ती विद्यार्थीहरूले सन् १८६४ मा फ्रान्समा खसेको एक उल्का पिण्डमा पनि जैविक पदार्थको मात्रा भेट्टाएका थिए। तर, ती विद्यार्थीहरूका शिक्षक सो विश्वविद्यालयका प्रोफेसर डा. बार्थोलोम्यू नागीले कहिल्यै त्यस जैविक पदार्थलाई जीवनको संकेत हो भनी दावी गरेनन्। उनले उक्त उल्का पिण्डमा भेटिएको जैविक अणुहरूलाई 'संगठित तत्वहरू (Organised elements) 'को रूपमा प्रस्तुत गरेका थिए।

ठीक यसै गरी, केही अन्य बैज्ञानिकहरूले पनि ALH 84001 उल्का पिण्डमा भेटिएको जैविक पदार्थले जीवनको संकेत दिन नसक्ने बताउँदछन्। उनीहरूका अनुसार विश्व वातावरणले आण्टार्कटिकालाई पनि प्रभावित तुल्याएको छ, र त्यस उल्कापिण्ड आण्टार्कटिकामा झरिसकेपछि मात्र पृथ्वीको जैविक पदार्थले प्रदूषित भएको हुन सक्दछ।

बेलायतको ओपन विश्वविद्यालयका बैज्ञानिक तथा यूरोपको उल्का पिण्ड अनुसन्धानका एक अग्रज इयान फ्रान्चीले उक्त उल्का पिण्डमा कार्बोनेटका थोप्लाहरू त्यो पिण्ड आण्टार्कटिकाको चिसो रहँदारहँदै नै बनेको हुन सक्ने बताएका छन्। तर, उनले ती थोप्लाहरू फुटेको अवस्थामा पाइनुको कारण भने बताएनन्।

त्यस्तै, स्मरणीय के छ भने, उल्का पिण्डमा PAHs को उपस्थितिले जीवनको संकेत दिन्छ भन्ने डा. मिक्केको समूहको प्रतिवेदनले दुई वर्ष अगाडि होस्टन शहरमा भएको चन्द्र तथा ग्रह विज्ञानको सम्मेलनमा कसैलाई पनि प्रभावित तुल्याउन सकेको थिएन। किनकि, PAHs पृथ्वी भित्रको प्रदूषणको कारणले पनि उल्का पिण्डमा उत्पन्न हुन सक्ने कुरामा अरू बैज्ञानिकहरूको विश्वास थियो।

तर, बैज्ञानिक डेभिड मिक्केको टोली भने मंगल ग्रहबाट झरेको उल्का पिण्डभित्र देखिएको जैविक पदार्थ PAHs, कार्बोनेट थोप्लाहरू, आइरन अक्साइड तथा आइरन सल्फाइड र लाम्चो आकारका सूक्ष्म जीवावशेषले जीवनको संकेत दिएको कुरामा ढुक्क छ। र, मिक्के भन्छन् कि- उनीहरूको अर्को पाइला भनेको चट्टानभित्रको जीवावशेषलाई अति पातलो टुक्रामा काटी त्यसभित्रका कोषझिल्ली र डि.एन. ए. निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने amino acid को चिन्हलाई पत्ता लगाउनु रहेको छ।

मंगल ग्रहको अझ गहन अध्ययनका लागि NASA ले आगामी दश वर्षभित्र यन्त्र मानव (robot) हरू सम्मिलित दश अन्तरिक्ष यानहरू त्यसतर्फ पठाउने योजना बनाएको छ। त्यस्तै, मंगल ग्रहको अध्ययनको लागि रूस र जापानले पनि निकट भविष्यमा अन्तरिक्ष यानहरू त्यसतर्फ पठाउँदैछन्।

❑ **तुल्सीदास महर्जन**

**सन्दर्भ स्रोतहरु:**

(1) The independent(2) Guardian, (3) News Week (4) Time (5) USA. TODAY (6) The Economist (7) Frontline

१७ पेजको बाँकी



मोन्ट गोमेरी बस-बहिष्कारपछि रोजा पार्कलाई "नागरिक अधिकार आन्दोलनकी आमा"को रूपमा मान्न थालियो । उनले अमेरिकाको नागरिक अधिकारको आन्दोलनको इतिहासमा एउटा ठूलो दृढता र साहस देखाइन् । यही साहस र दृढतापूर्ण कदम नै दोस्रो दर्जाका नागरिक भएर बाँच्न विवश काला अमेरिकीहरूको मन-मस्तिष्कमा चेतनाको घण्टी साबित भयो । हेर्दा अति सामान्य र साधारण देखिने रोजा पार्कको साहस र दृढतासम्बन्धी यो कदमले अन्ततः अमेरिकामा नयाँ इतिहास निर्माण गर्‍यो ।

स्मरणीय छ, यूरोपबाट अमेरिका गएका गोरा शासकहरूले त्यहाँका आदिवासीहरूको विशाल नरसंहार गरेपछि अफ्रिकाका गाउँ गाउँबाट कालाहरूलाई त्यहाँ लगेका थिए । अफ्रिकी गाउँहरूलाई उजाड पारेर भेडा बाखासरी जहाजहरूमा भरेर लगिएका ती काला दासहरूको कठोर श्रममा टेकेर अमेरिका त्यतिविधि विकसित भएको थियो । अमेरिकाको पूँजीवादीकरणका लागि दासहरू होइन, स्वतन्त्र दासहरू अर्थात् मजदूरहरू बढी उपयोगी हुन थालेपछि अब्राहम लिंकनले गृहयुद्धको मूल्यमा पनि दास प्रथा अन्त गरेका थिए । कानूनी रूपमा पुरानो दास प्रथा अन्त भए पनि त्यहाँ नयाँ ढंगको दास प्रथा, रंगभेद र वर्णभेद शुरू भयो । यही वर्णभेदको विरूद्ध रोजा पार्कबाट शुरू भएको काला अमेरिकीहरूको नागरिक अधिकार आन्दोलन डा. मार्टिन लुथर किंग हुँदै अगाडि बढ्यो । यसले कालाहरूलाई केही क्षेत्रमा समान नागरिक अधिकार प्राप्त भयो । प्राप्त हुन बाँकी अधिकारको लागि अहिले पनि विभिन्न स्तरबाट काला अमेरिकीहरू संघर्षरत छन् ।

यसैबीच रोजा पार्क अगष्ट, १९९४ मा अचानक फेरि चर्चामा आइन् । त्यसबेला ८१ वर्षकी बूढी भइसकेकी पार्कमाथि उनकै घरमा केही मानिसहरूले हमला गरेपछि यसरी उनी फेरि चर्चामा आएकी हुन् । अहिलेसम्म केही थाहा भएको छैन- हमला गर्नेहरू को हुन् र किन हमला गरिएको हो ?

तर "नागरिक अधिकार आन्दोलनकी आमा"माथिको यो हमलाले अमेरिकामा वर्णभेदको विरोधमा संघर्ष गर्नेहरूप्रति कस्तो व्यवहार गरिन्छ भन्ने कुरा छर्लङ्ग पारेको छ । यस घटनाले फेरि याद दिलाएको छ- एक जना मानिसको प्रतिरोध गर्ने दृढता र साहसले पनि शोषित उत्पीडित जनताबीच बढ्दो असन्तोष, आक्रोश र बेचैनीको ज्वालामुखी फुटाउन ठूलो मद्दत मिल्न सक्छ । रोजा पार्कको साहसले रचेको अमेरिकी नागरिक अधिकार आन्दोलनको इतिहासले विश्वभरि शोषण-उत्पीडनको विरूद्ध प्रतिरोधको लगि आह्वान गरिरहेको छ । ❑


रोजा पार्क

## अमृत रायको निधन



गत साउन ३० गते मध्यान्नमा भारतका प्रसिद्ध प्रगतिशील साहित्यकार अमृत रायको ७५ वर्षको उमेरमा निधन भएको छ । उहाँ पक्षाघातबाट पीडित हुनुहुन्थ्यो । भारतको साम्यवादी आन्दोलन र प्रगतिशील साहित्यिक आन्दोलनमा शुरुदेखि नै सक्रिय अमृत रायले प्रेमचन्दको जीवनी "कलमका सिपाही" पुस्तकका लागि सन् १९६३ मा साहित्य एकेडेमी पुरस्कार समेत पाउनु भएको थियो ।

उहाँ उपन्यास-सम्राट प्रेमचन्दका सुपुत्र हुनुहुन्थ्यो । हंस प्रकाशन को शुरुवात गर्ने कार्यका अतिरिक्त उहाँले उपन्यासहरु, कथाहरु, हास्यव्यंग्य, समालोचना र अनुवाद गरिएका थुप्रै रचनाहरु लेख्नु भएको छ ।

*उहाँप्रति हाम्रो हार्दिक श्रद्धाञ्जलि !*
*-मूल्यांकन*



# दुई कविताहरु

-अनिल पौडेल

*समकालीन नेपाली प्रगतिशील साहित्य क्षेत्रमा सृजनरत एक युवा कविको नाम हो- अनिल पौडेल ।*

*एक संयुक्त लेखनसहित उहाँका तीन कविता संग्रहहरू प्रकाशित भइसकेका छन् । एक यात्रा स्मरण र एक कविता संग्रह प्रकाशोन्मुख रहेका छन् । यस पटक हामी हाम्रा पाठकहरूसमक्ष प्रस्तुत गर्दैछौं- कवि पौडेलका दुई नयाँ कविताहरू ।*

*-मूल्यांकन*

## म भकिउँलाको दाउरो

भकिउँलाको दाउरो भनेर चिनेपछि
तिमीले मलाई अगेनामा हाल्न हुँदैनथ्यो ।

पड्किनु मेरो धर्म हो
बल्नु बाध्यता बढी र यथार्थ कम हो
तिम्रो मयलपोश लवेदामा प्वाल पर्छ भनेर
म आफैं खरानी भएर पोचिन सक्तिनँ,
म चट्याङ हुँ
बिजुली हुँ
तिम्रो घरको लच्छिन जान्छ भनेर
आफ्नो हुँकार धुवाँसंगै बिलीन गराउँन सक्तिनँ ।

जति थिच
या ओझाउन खोज
आगोको समीपमा पर्नासाथ
म शक्ति बटुलेर
चि-टि-टि, चि-टि-टि पड्किन्छु
र तिम्रो अगेनाको रेखा नाँघेर बाहिर निस्कन्छु,
भकिउँलाको दाउरो भनेपछि
दाउराहरूको माझमा
मेरो परिचय नै अलग छ ।

बल्छन् भनेर सबै काठ
बेपर्वाह ढाल्न र बाल्न हुँदैनथ्यो
भकिउँलाको दाउरो भनेर चिनेपछि
तिमीले मलाई अगेनामा हाल्न हुँदैनथ्यो । ❑

## निर्वाचन

निर्वाचन र उप-निर्वाचनको हल्लाले आक्रान्त छ देश
हामीलाई फेरि बस्तीमा
भाटा बोकाएर नकुदाए हुन्थ्यो
एउटा भोट हो
मन लागेको पार्टीलाई सुटुक्क खसाउँथ्यौं
घरभित्रै दाजुलाई भाइसंग नजुधाए हुन्थ्यो
सरकार जसको आओस्/यसपालि
पोहोर परारको जस्तो
चामलमा सिद्धान्त साटेको बात नआए हुन्थ्यो
हामीलाई आतङ्कको रात नआए हुथ्यो । ❑

*(भकिउँला :- एक खालको काठ, यो काठ बाल्दा चि-टि-टि आवाज गरेर पड्किने गर्छ र भिल्का परसम्म उछिट्टिन्छ ।)*



# यस वर्षका गाईजात्रे हास्यव्यंग्य कार्यक्रमहरु कस्ता थिए ?

हरिगोविन्द लुईंटेल

हरेक वर्ष झैं यसपाली पनि हास्य-व्यंग्यका विविध माध्यमहरू मार्फत् मनाइएको गाईजात्राले वास्तवमा के संकेत गरेको छ ?

यस विषयमा सर्सरती नजर दौडाउने क्रममा माथि उल्लिखित टिप्पणीहरू विभिन्न स्थानमा विभिन्न व्यक्तिहरूबाट सुनिएका टिप्पणीहरू हुन् ।

यसमा थप, एउटा उल्लेखनीय समसामयिक जल्दोबल्दो विषयमध्ये एउटा कुरा विशेष रूपले उल्लेख गर्नु जरूरी छ, त्यो हो- यसपल्टको गाईजात्रे हास्य-व्यंग्यहरूमा सबैभन्दा उपेक्षित विषय रहयो- छोरीलाई पैत्रिक सम्पत्तिमा समान अधिकार दिनुपर्छ भन्ने विषय ।

प्राय : सबै गाईजात्रे म्यागाजिनहरूले छोरीलाई समान सम्पत्ति अधिकारको विरोधमा धेरै ठाउँ खर्च गरे तर पक्षमा लागेर गरिएका व्यंग्यहरूले तिनमा पटक्कै स्थान पाएनन् । "भाँडभैलो" जस्तो 'सबै विचारलाई संगेट्न खोज्नु पर्छ' भन्ने म्यागाजिनले पनि यस विषयमा प्रतिकृयावादी सोचलाई मात्र स्थान दिएको पाइयो । काठमाडौंमा निकै चर्चाका साथ सम्पन्न प्रज्ञा भवन र राष्ट्रिय सभागृहका स्टेज कार्यक्रमहरूमा पनि कुनै एउटै मात्र आइटम पनि त्यस्तो समावेश थिएन, जसले छोरीलाई अंशमा समान अधिकारको पक्ष लिएको होस् । यस अधिकारको प्रस्तावप्रति खिल्ली उडाइएका प्रसंगहरू भने तिनमा निकै ठाउँमा थिए ।


यसबाट एउटा कुरा प्रस्टै बुझ्न सकिन्थ्यो, नेपाली शहर-बजारिया क्षेत्रमा आज महिला समानताको पक्ष एकदमै कमजोर छ । पुरूषप्रधान र पुरूष हैकमवादी सोच नै यहाँ प्रवल रहेको छ । खास गरी, यो स्थितिले मुलुकको प्रगतिशील क्षेत्रलाई ठूलै चुनौति दिएको अनुभव हुन्छ ।

बाँकी, यस पल्टको गाईजात्रे हास्य-व्यंग्य ज्यादाजसो भारतद्वारा नेपालको मेची-महाकालीमा सीमा अतिक्रमण गरिएको कुराका विरूद्ध र सांसदहरूले आफ्नो भत्ता सुविधा बढाएको र "पजेरो" गाडी झिकाएको कुरामा प्रहार गर्न केन्द्रित थिए भन्न सकिन्छ । ललितपुर कला-संस्कृति प्रतिष्ठानले कलाकार रविन्द्र खड्का, मनोज गजुरेल, दिपकराज गिरी, संजय कार्की, राजन थापा, नवराज भण्डारी, पूर्ण थापा, गोविन्द सिंह रावत, दीपाश्री निरौला, तुलसा सिलवाल आदिलाई लिएर प्रस्तुत गरेको राष्ट्रिय सभागृहको कार्यक्रमले आम रूपमा व्यंग्य गर्न थप ध्यान दिएको अर्को विषय थियो- वर्तमानको ४८ सदस्यीय ठूलो साइजको मन्त्री/ मण्डल ।

यसै गरी, गणेश अधिकारी, सुवर्ण क्षेत्री, शंभु दाहाल, बिना बुढाथोकी, तैयब शाह, रतन सुवेदी, किरण के.सी., राजाराम पौडेल, खेम शर्मा, शिवहरि पौडेल, शैलेन्द्र सिंखडा, जितु नेपाल, दमन रूपाखेती, उज्वल भण्डारी, गौरी मल्ल, लक्ष्मी श्रेष्ठ र साम्दे शेर्पालाई लिएर हास्य कलाकार समूहले प्रस्तुत गरको प्रज्ञा भवनको कार्यक्रमले यी बाहेक भारतीयहरूको नेपालमा बढ्दो प्रभावप्रति पनि व्यंग्य गरेको थियो ।

'मसला'को रूपमा महिला कलाकारहरूको नृत्य दुबै कार्यक्रममा प्रस्तुत गरिएका थिए । प्रज्ञा भवनमा लक्ष्मी श्रेष्ठ र गौरी मल्लको नृत्य प्यारोडी गीतमा आधारित थियो । उनीहरूलाई कुनै हास्य व्यंग्यात्मक वेशभूषामा प्रस्तुत गरिएको थिएन, कुनै हास्य-रस पैदा गर्नु

कार्यक्रमहरुमा पनि कुनै एउटै मात्र आइटम पनि त्यस्तो समावेश थिएन, जसले छोरीलाई अंशमा समान अधिकारको पक्ष लिएको होस् । यस अधिकारको प्रस्तावप्रति खिल्ली उडाइएका प्रसंगहरु भने तिनमा निकै ठाउँमा थिए ।



❑ हास्य-व्यंग्य क्षेत्रमा थुप्रै नयाँ-पुराना कलाकारहरु तानिएका छन् । यो राम्रो कुरा हो । यसै गरी, दर्शक पाठकहरुमा पनि हास्य-व्यंग्यप्रति थप रुची पैदा भएको छ । यो पनि राम्रो कुरा हो ।

हास्य-व्यंग्यको बजार राम्रै रहेछ भन्ने देखेर बिनापरिश्रम, बिनाअध्ययन र बिनाकलात्मक स्तर नै पनि, यस क्षेत्रतिर कलाकारहरु हाम्फाल्नु र सस्तो स्तरको हास्य पस्कनमा होडवाजी गर्नु चाहिं राम्रो कुरा होइन । यसैगरी, व्यंग्यका नाममा सतही र आवश्यक-अनावश्यक सबैतिर प्रहार गरिएको छर्रा खालका व्यंग्यहरुमा मात्रै उनीहरु सीमित हुनु पनि राम्रो होइन ।

❑ यस पटक काठमाडौंमा प्रज्ञा भवनमा र राष्ट्रिय सभागृहमा करीव डेढ हप्तासम्म चलेका टिकट-शो कार्यक्रमहरुमा कहिले हलहरु भरिए, कहिले भरिएनन्, तर पनि ती कार्यक्रमहरु त्यतिका दिन चल्नसक्नु मात्रले पनि हास्य-व्यंग्यप्रतिको बढ्दो जन रुचीलाई प्रष्ट पारेको छ ।

❑ प्रगतिशील कलाकारहरुले पनि छुट्टै ठूला स्तरका कार्यक्रमहरु र साना साना स्तरका स्थानीय कार्यक्रमहरु पनि गर्नु जरुरी थियो । त्यस्तो गरिएन, अरुसंग मिसिएर मझौला स्तरका सामग्री पस्कनुमा मात्रै उनीहरु सीमित भए ।

❑ काठमाडौं बसन्तपुरमा भएको व्यंग्य-चित्र प्रदर्शनी, कीर्तिपुरमा चोक-डबलीमा भएका स्थानीय हास्य-व्यंग्य कार्यक्रमहरु, खुलामञ्चमा प्रतिव्यक्ति रु १०/- लिएर गरिएको खुला हास्य-व्यंग्य कार्यक्रम र काठमाडौं उपत्यका बाहिर पनि विभिन्न ठाउँमा गाईजात्राको सन्दर्भमा आयोजना भएका ठूला-साना हास्य-व्यंग्य प्रस्तुतिहरु, रेडियो नेपाल र एफ.एम. रेडियोले प्रस्तुत गरेका गाईजात्रे हास्य-व्यंग्य कार्यक्रमहरु आदिको राम्रो र गहिरो मूल्याङ्कन-समीक्षा हुनु जरुरी छ ।

❑ गाइजात्रे पत्रिकाहरु यस पल्ट पहिले पहिले जस्तो धेरै संख्यामा निस्किएनन् । विगत वर्षहरुमा बाढी लाग्ने गरेका साप्ताहिक र दैनिकहरु प्राय:ले त गाइजात्रे अंक निकाल्नै जरुरी ठानेनन् । तर जे जति मासिक द्वैमासिक वा सामयिक संकलनहरु निस्किए, तिनको पनि गंभीर चिरफार हुनु जरुरी छ ।

❑ काठमाडौंमा नियमित हुने गरेको "साहित्य-सन्ध्या"ले आफ्नो मासिक साहित्यिक गोष्ठीमध्ये भाद्र महिनाको गोष्ठीलाई हास्य-व्यंग्य साहित्यका निम्ति समर्पित गऱ्यो । त्यसमा लेखक-कविहरुको उत्साहप्रद सहभागिता र ४२ जनाको रचनावाचन, दुबै उल्लेखनीय कुरा थिए । तर कार्यक्रमको समग्रताले भने देखाइरहेको थियो- यो उत्साहका बाबजूद, नेपाली प्रगतिशील हास्य-व्यंग्यको स्तर अझै मध्यम तहको मात्र छ, काम-चलाउ तहको मात्र छ, यो उच्च वा विशिष्ठ बन्न सकिरहेको छैन ।

नभई उनीहरूको नृत्य-कला र शरीरको बनावटको प्रदर्शन गर्नु नै नृत्यको मूल उद्देश्य रहेको प्रस्टै झल्कन्थ्यो । राष्ट्रिय सभागृहमा तुलसा सिलवालको नृत्य त सोझै फिल्मी गीतमा आधारित थियो ।

सभागृहको कार्यक्रममा मनोज गजुरेलको क्यारिकेचर र रविन्द्र खड्काको प्रहसन प्रभावकारी थिए भने प्रज्ञा भवनमा शंभु दाहालको कविता प्रभावकारी थियो । साम्दे शेर्पाको "मिस ठमेल" प्रहसन राम्रो थियो तर यसपछि उनले प्रस्तुत गरेको एफ.एम. बाल कार्यक्रम र बजेट त्यति प्रभावकारी बनेनन् ।

यी कार्यक्रमहरूको सकारात्मक पक्ष के थियो भने - यिनले समाजमा देखिएका विंगतिहरू प्रायःलाई टिप्ने र प्रहार गर्ने कोशिस गरेका थिए । राष्ट्रियताको पक्षमा विशेष आवाज उठ्नु यसको थप सकारात्मक कुरा थियो । तर यसको कमी थियो- सामाजिक विंगतिहरूको गहिराईमा पुग्ने प्रयत्न नगरिनु । समग्र समाज-व्यवस्थाका कारण उत्पन्न यी विसंगतिहरूको मूल जरोको रूपमा रहेको वर्तमान 'जसको लाठी उसको भैंसी' वाला समाज-व्यवस्था सिंगैप्रति भने यिनीहरूले व्यंग्य गर्न सकेनन् । व्यंग्य सतही थियो ।

यिनीहरूमा रहेका नकारात्मक पक्षहरूमा एउटा थियो- गंभीरताको अभाव र अर्को थियो- गलत विचारको पक्षपोषण ।

**सभागृहको कार्यक्रममा मनोज गजुरेलको क्यारिकेचर र रविन्द्र खड्काको प्रहसन प्रभावकारी थिए भने प्रज्ञा भवनमा शंभु दाहालको कविता प्रभावकारी थियो ।**

प्रहसनहरूमा पात्रहरूको विशेष भूमिकामा उनीहरूलाई टिकाइराख्न नसक्नु, सासूको बक्षस्थललाई "ल्याक्टोजिन" भन्ने हदसम्मको स्तरहीन हाँसो सिर्जना गर्न खोज्नु, छिनमा राष्ट्रघाती बनेको मान्छे छिनमै राष्ट्रवादी भएर बोल्न थाल्नु (गणेश अधिकारी र सुवर्ण क्षेत्री आदि), "साला" जस्ता गालीबाचक शब्दहरूको दुरूपयोग गर्नु (किरण के.सी., राजाराम र देविका ढकाल), संसदको शौचालयमा पाइएको पेन्टी र बासंग शैलजा आचार्य र चन्द्रशेखरलाई अनावश्यक रूपमा जोड्नु, (जितु र दमन/नारद खतिवडा र राजेन्द्र थिङ्), जस्ता स्तरहीन प्रसंगहरू एवं प्रधानमन्त्री शेरबहादुरलाई उनकी श्रीमतीसंग जोडेर नितान्त र व्यक्तिगत अनावश्यक प्रसंगहरूमा पनि व्यंग्य गर्न खोज्नु जस्ता प्रसंगहरूले प्रस्तोताहरूमा गम्भीरताको अभावलाई प्रस्टै झल्काउँथ्यो । यसैगरी, कांग्रेस, रा.प्र.पा, सद्भावना, एमाले, मसाल र माओवादीहरू सबैलाई उनीहरूका मात्रा र गुणका भिन्नताहरू सबै छोपछाप पारेर एकै लहरमा राखेर व्यंग्य गरिनु पनि प्रस्तोताहरूको हल्कापनको सूचक हो ।

कार्यक्रममा सम्पत्तिमा महिला अधिकारको विरोध गरिएका बाहेक अरू पनि केही एकपक्षीय र गलत विचारहरू प्रस्तुत गरिए । एटलान्टाका फुर्तिला केटीहरूको तुलना गरी 'हाम्रा घराँ त पाकेका फर्सी जस्ता आइमाई' भन्ने जस्ता नारीहरूलाई पुरूषको उपभोग्य वस्तुका रूपमा लिने (जितु र दमन) जस्ता गलत विचारका अतिरिक्त गत केही महिनाअघि शिक्षकहरूमाथि सरकारले लाठीचार्ज गरेको ती शिक्षकहरूले महाकाली सन्धि र मध्यावधि चुनावबारे पनि नारा लगाएको हुनाले हो भन्ने जस्ता सरासर झूठ पनि कार्यक्रममा बोलिए (गोविन्दसिंह रावत र साथीहरू) । जनतालाई भेडा भनेर गाली गरेको कुरालाई समर्थन गर्ने जस्ता सोचहरू, एमाले सरकारको पालामा रेडियोमा बजेको 'जागृतिगान'को विरोध, पद्मरत्नले मानव अधिकारको सन्दर्भमा बोलेको गाई-प्रसंग र रामशरण महतको आर्थिक अनियमितता दुवैलाई एकै खाले नैतिक सवाल ठान्ने भ्रम, एमालेले प्रतिपक्षमा बसेर सडकमा ढुंगा हान्न छोडेकोमा आपत्ति जनाइएका आदि 'शुद्ध कांग्रेसी' पूर्वाग्रही विचारहरू (गोविन्दसिंह रावत र साथीहरू) पनि कार्यक्रममा हावी हुने प्रयत्नमा थिए । ❑





मनोज गजुरेलको हास्य-व्यंग्य क्यासेट बजारमा उपलब्ध छ ।

लाल सलाम र जय नेपाल टिमको फूटबल खेल, र रोचक प्यारोडीहरु सहित !



**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**

- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU

५ पेजको बाँकी




Detailed Project Report विस्तृत परियोजना प्रतिवेदन) । परियोजनाको आकार-प्रकार कस्तो हुने ? यसमा आपसी उत्तरदायित्व के कति हुने ? यसमा कसले कति खर्च र ऋण व्यहोर्ने ? कसले कति खर्च व्यहोरेवापत कति फ़ाइदा पाउने ?

यो काम भएपछि मात्रै बस्तुगत आधारमा सन्धिमा उपयुक्त शर्तहरू के के पार्ने भन्ने कुरा तय गर्न सकिन्छ । सन्धिमा के के प्रोटोकलहरू समावेश गराउनु पर्ने हो ? के के संशोधन हुनु पर्ने हो ? भन्ने कुरा तय गर्न सकिन्छ । त्यसैले, पहिले DPR हामीसित हुन पर्छ, अनि मात्र सन्धि अनुमोदन गर्ने कि नगर्ने टुंगो हुनसक्छ । पहिले सन्धि अनुमोदन नै गर्ने, अनि DPR गर्ने हो भने, त्यो संसारमा कतै नभएको उल्टो चलन हुने भो । हामी सन्धिबाट बाँधिई सकेका हुनेछौं, DPR भारतले भने अनुसार हुनेछ, र हामी नराम्ररी ठगिने छौं । बाखो भागेपछि दाम्लो खोजी हिंडेर काम लाग्छ ? पहिले बाखोलाई दाम्लोले बाँध्नु पर्‍यो, भाग्नु अघि नै ।

पहिले, अन्धगोलमै ल्याप्चे लगाएर जग्गा पास गरी दिने, लालपूर्जा अर्काको हात परेपछि कहाँको कति जग्गा कति मोलमा पास गरेर दिइएछ भनेर खोजी हिंडने ? यो त उल्टो प्रक्रिया भएन र ? पहिले के दिइँदैछ, त्यो नै प्रष्ट हुनु पर्दैन र ?

अमेरिका र क्यानाडाको बीचमा भएको **कोलम्बिया नदी संझौता** हाम्रो लागि सिक्नयोग्य उदाहरण हुन सक्छ । त्यो संझौतालाई अमेरिकी संसदले दुई महिनामै अनुमोदन गर्‍यो, तर क्यानाडाले अनुमादेन गर्न तीन वर्ष लगायो । त्यो तीन वर्षमा उसले दशौं पटक सार्वजनिक सुनवाई गरायो, बहस छलफल गरायो, त्यसबाट उठेका समस्याहरू लगेर सहृदयताका साथ उसले अमेरिकासमक्ष राख्यो, सन्धिमा संशोधन गरायो, थुप्रै प्रोटोकलहरू थप गर्‍यो र सबै कुरा स्पष्ट भए पछि मात्र अनुमोदन गर्‍यो । हामी भन्दा प्राविधिक रूपले धेरै सक्षम क्यानाडाले त्यस्तो गर्न सक्ने, हामीले किन नसक्ने ? हामीलाई सन्धि पास गर्ने किन हतारो ? फेरि कोशीकै अनुभव र अनुभूति हाम्रो अगाडि छ । सन्धिमा सन् १९५४ मा सही गर्‍यौं, विस्तृत अध्ययन र कार्यान्वयन गर्दैजाँदा थुप्रा त्रुटी देखा परे र झण्डै १२ वर्ष पछि राजा महेन्द्रले सन् १९६६ मा पुनः सन्धि गर्नु पर्‍यो, हात तल रहेकै अवस्थामा । के हामी इतिहासबाट यी र यस्ता केही पाठ नसिक्ने ?

यो सन्धिको चौथो दोष के छ भने, विजुली भारतलाई बेच्ने त यसमा भनिएको छ, तर उसले कतिमा किन्नेछ, त्यो कुरा सन्धिमा तय भएको छैन । उसले जतिमा विजुली किन्छ- किनोस्, पहिले परियोजना त बनाउँ, सन्धि त गरूँ- यस्तो भन्नु सरासर मूर्खता हो । तपाई अरबौं



दीपक ज्ञवाली

रूपैयाँ ऋण लिएर परियोजना बनाउनु होला, उसले पर्ता नै नउठ्ने गरी विजुली किन्छु भनीदेला, त्यतिखेर तपाईको हालत के हुन्छ ? तपाई सरासर ऋणको भासमा डुब्नु हुन्न ? हाल नेपालले निजी क्षेत्रसंग सम्पन्न गरेको खिम्ती, भोटेकोशी र भारतले इन्टोनसंग

> **अमेरिका र क्यानडाको बीचमा भएको कोलम्बिया नदी सम्झौता हाम्रो लागि सिक्नयोग्य उदाहरण हुन सक्छ**

गरेको सम्झौतामा पनि पहिले खरिद मूल्य तोकेर मात्र सम्झौता भएको छ । यसमा अझ सचेत र चनाखो हुनु पर्ने के मा छ भने, हामी एउटै भिमकाय क्रेता (single buyer monopsony) संग मोलतोल गर्दैछौं । त्यसैले, विजुली भारतले कतिमा किन्ने भन्ने कुराको टुंगो नभई कुनै पनि हालतमा सन्धि अनुमोदन गर्ने काम हुनुहुँदैन ।

अर्को कुरो, टनकपुरबाट अब ७ करोड यूनीट विजुली दिने भनेर सन्धिमा भनिएको छ । पहिले, दुई करोड यूनीटभन्दा ७ करोड यूनीट निश्चय नै राम्रो हो । तर केका आधारमा ७ करोड यूनीट विजुली ? त्यो आधार र सिद्धान्त नै पहिले प्रष्ट रूपमा किटान हुनु पर्‍यो सन्धिका धारामा । किन त्यो ८ करोड यूनीट हुन सक्दैन ? किन त्यो साँढ ६ करोड यूनीट पनि होइन ? दुई थरिका सरकारले स्पष्ट भाषामा सहमतिको प्राविधिक हिसाब सन्धिको परिशिष्ट (Annex) को रूपमा पेश गर्नु पर्‍यो । तर त्यस्तो कुनै बस्तुगत आधार सन्धिमा दिइएको छैन । र, यसले गर्दा नेपालले अझ पनि आफू 'ठगियो कि' भन्ने तुष लिएर बस्नु पर्ने हुन्छ भने भारतले पनि 'कचकचेहरूले बढी पाए' भन्ने भावना लिएर ठगिएको महसुस गर्न सक्छ । स्वस्थ जलस्रोतको विकासको लागि यो परिस्थिति दुर्भाग्यको कुरो हुन्छ र यो सन्धिले स्वस्थ र मैत्रीपूर्ण विकासतर्फ डोर्‍याउदैन । यसबाट नेपालको योगदानको स्तर र मात्रा वास्तवमै कति हो ? त्यो छोपिन गएको छ । नेपाललाई अझै आफै ठगिएको अनुभूति भएको छ, भारतलाई पनि आफूले के के न दिएको अनुभूति भएको हुँदो हो ।

पानीको सवालमा पनि सन्धिमा गल्ती भएको छ । महाकाली नदी सीमा नदी हो भने सुख्खा याममा त्यसको पानीमा नेपालको सीमा नदीको समान हकदारको हिसाबले हक हुन पर्‍यो । यो हकलाई हामीले चन्द्र शमशेरको पालादेखि हेर्न सकेका थिएनौं । अब त हेर्नु पर्‍यो, सुख्खायाममा पानीमा हाम्रो हक के हो र कति हो त्यो त स्पष्ट हुनुपर्‍यो । सन्धिमा त्यो स्पष्ट छैन । अझ सन्धि संगैको Letter of exchange मा हामीले पाउने पानीको सीमांकन गरिएको छ, तर बढी जति पानी मुफतमा भारतको पारिएको छ । यसरी पानीमा हाम्रो अधिकार न्यूनतम पारिएको छ र भारतको अधिकतम पारिएको छ । यस्तो हुनु भएन । सुखा यामको पानीको पनि सीमा नदीको हैसियतमा पानीको हकको बाँडफाँड हुनु पर्‍यो, वर्षामा बढेको पानीको पनि । यो हकको बाँडफाँड भएपछि हाम्रो पानीको आश्यकता कति हो, हामीले प्रयोग नगर्ने पानी कति हो, त्यो छुट्टिनु पर्‍यो । प्रयोग भन्नाले सिंचाइमा मात्र पानी प्रयोग हुँदैन, पानीको औद्योगिक प्रयोग पनि हुन सक्छ, भरे गएर त्यहाँ महानगर नै बस्यो भने त्यसमा पनि पानीको प्रयोग हुन सक्छ । त्यसैले हाम्रो पानीमा अधिकार कति र आवश्यकता कति ? यी दुईटा अलग अलग कुरा हुन् । यो प्रष्ट छुट्टिनु पर्छ । अनि जब माथि पंचेश्वरमा बाँध बाँधेर नियन्त्रित रूपमा नियमित पानी आउने हुन्छ, त्यसमा कसको लगानी कति र अधिकार कति ?, त्यो स्पष्ट रूपले छुट्टिनु पर्छ । अहिलेको सन्धिमा त्यो छुट्टिएको छैन । यसबाट हाम्रो हकको पानी हाम्रो निम्ति संपत्तिको स्रोत बन्दैन, त्यो अर्को पक्षको एकलौटी फाइदाको विषय बन्न सक्छ, हामी ठगिन्छौं ।

अब हामी एकीकृत महाकाली विकास सन्धि गर्दैछौं भने महाकालीको सिरान कुन हो, त्यो पनि छुट्टिनु पर्‍यो । टिंकरमा नेपालमा भारतको सीमा ऐतिहासिक रूपमा कुन हो, त्यो स्पष्ट रूपमा छुट्टिनु पर्‍यो । महाकाली सीमा नदी हो भने तल-माथि कुन ठाउँसम्म सीमा नदी हो, त्यो स्पष्ट हुनु पर्‍यो । १९२० को सन्धिले हाम्रो सीमा कहाँ सीमांकन गर्छ, कहाँ गर्दैन ? त्यो पनि छुट्टिनु पर्‍यो । हामी एकीकृत महाकाली विकास सन्धि गर्ने, हाम्रो सीमानाको सिङ पुच्छर नै ठेगान नहुने, यस्तो हुनु भएन । अब सीमा सम्बन्धी सवाल पनि एकीकृत महाकाली नदीको विकाससंगै अभिन्न रूपले जोडिएर आयो, एकीकृत महाकाली सन्धि गरेपछि । हिजो टनकपुरको मात्र सन्धि गर्दा यस्तो सवाल आउँदैनथ्यो।

अन्तमा, मेरो भन्नु के छ भने- टनकपुरसंग महाकाली सन्धि जोड्नु नै हुँदैनथ्यो । त्यो जोड्नुमा महाभूल भएको छ । टनकपुरमा थोरै पानी र विजुली थप गर्ने मोलमा महाकालीको 'कन्यादान' गर्नु नेपालको निम्ति सारै ठूलो राष्ट्रिय नोक्सानी हो । यस्तै भौतिकभन्दा पनि भारी संस्थागत नोक्सानी नेपाललाई यो प्रस्तावित सन्धिले गरेको छ, संविधान र सर्वोच्च अदालतको अपहेलनाबाट ।

संविधानको धारा १२६ आफ्नो मर्मको व्याख्याको लागि रोइरहेछ । के कुरा व्यापक गम्भीर र दीर्घकालीन हो, के कुरा होइन, खै त्यसको परिभाषा ? के सर्वोच्च अदालतको निर्णयले संसदलाई टनकपुर सम्झौता सम्बन्धमा यही कुरा गर्न अह्राएको होइन ? अहिलेको प्रस्तावित महाकाली सन्धि त्यस गम्भीर जिम्माबाट हाटहुटे पाराले उम्किने अनुत्तरदायी र अदूरदर्शी छट्टपन हो भने, भोलि धारा १२६ अवमूल्यन भएको जिम्मा इतिहासले राजनेताहरूलाई बोकाउने छ ।

यी सब दोष भएको हुनाले यी दोषहरू नै निवारण गर्नेतिर लाग्नु पर्छ । यी दोष निवारण नगरी संसदबाट महाकाली विकास सन्धि कुनै पनि हालतमा पारित गर्नु हुँदैन । के प्रष्ट बुझ्नु पर्छ भने, महाकाली विकास सन्धि हाम्रो प्राथमिकताको विषय होइन, यो भारतको प्राथमिकताको विषय हो । हामीले भारतीय प्राथमिकताको विषयलाई हल गर्नु पर्छ भने, हाम्रो प्राथमिकताका विषयहरू पनि भारतले हल गर्नु पर्छ भनेर लेनदेन किन गर्न नसक्ने ? दुई मित्रबीच यति प्रष्टाप्रष्टी छलफल र लेनदेन त हुन सक्नै पर्छ । त्यसै महाकाली 'कन्यादान' गर्नु उचित होइन । ❑

## खिचलो : नेपाल र भारतका बीचमा मात्र छैन, भारतका राज्यहरूबीच पनि छ

**पानीको असमान वितरण र अत्यधिक पानीको आवश्यकताले भारतका राज्य राज्य बीच नै पनि ठूलो खिचलो छ । उदाहरणको लागि, कावेरी नदीको पानीको उपभोग गर्ने सवालमा तमिलनाडु र कर्नाटक बीचको विवाद, सतलज यमुना लिंकलाई लिएर पञ्जाब र हरियाणाबीचको विवाद, यमुनाकै पानीको बाँडफाड र उपभोगलाई लिएर हरियाणा र दिल्लीबीच तथा उत्तर प्रदेश, राजस्थान र हिमाञ्चल प्रदेशबीच भइरहेको विवाद, रावी र व्यास नदीको पानीलाई लिएर पञ्जाब, हरियाणा र राजस्थानबीच रहेको त्रिपक्षीय विवाद, भाखडा बाँधको सवालमा हिमाञ्चल प्रदेशमा भइरहेको विवाद, माही नदीलाई लिएर राजस्थान गुजरातबीचको खिचलोलाई लिन सकिन्छ ।**

-रामेश्वरमान अमात्य

स्रोतः 'एकीकृत महाकाली विकास सन्धिमा नेपाल किन र कसरी ठगिएको छ ?' पुस्तिका

पाँच वटा प्रान्तमा एकै समय धेरै प्रहरी र सैनिक अखडाहरूमा आक्रमण



# मेक्सिकोमा नयाँ वामपन्थी छापामार संगठनको उदय

अमेरिकी साम्राज्यवादको सीमासंगै जोडिएको देश मेक्सिकोमा जापातिष्टाहरूको सशस्त्र विद्रोहपछि एक नयाँ वामपन्थी छापामार संगठनले एकै समयमा पांच वटा प्रान्तहरूमा छापामार आक्रमण गरेर आफ्नो नयाँ अस्तित्वको परिचय दिएको छ।

नयाँ वामपन्थी छापामार समूहको रूपमा प्रकट भएको लोकप्रिय क्रान्तिकारी सेना Popular Revolutionary Army (EPR) का छापामारहरूले मेक्सिकोका पांच वटा प्रान्तहरू मेक्सिको, गुइरेरो, ओक्साका, प्यूबेला र चियापासमा रहेका प्रहरी चौकी र सैनिक छाउनीहरूमाथि निकै संयोजित ढंगले आक्रमण गरेका छन्।

मेक्सिकोको पूँजीवादी सरकारलाई सशस्त्र संघर्षद्वारा फ्याँकेर प्रजातान्त्रिक र समाजवादी मेक्सिको निर्माण गर्ने घोषणासहित देखा परेको सो समूहको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र माओवाद रहेको कुरा प्रचारमा आएको छ। ❑

*(EPR को इतिहास र वर्तमान सम्बन्धी विस्तृत रिपोर्ट र जापातिस्टा विद्रोहीहरूसम्बन्धी ताजा रिपोर्ट अर्को अंकमा प्रकाशित गरिनेछ। -मूल्यांकन)*

# रा.ज.मो.को जनआन्दोलन

नेकपा एकता केन्द्र र नेकपा मसालद्वारा समर्थित संयुक्त जनमोर्चा नेपाल र राष्ट्रिय जनमोर्चा नेपाल मिली बनेको संयुक्त मोर्चा 'राष्ट्रिय जनतान्त्रिक मोर्चा' नेपालले महाकाली सन्धि, मेची सीमा अतिक्रमण र जनजीविकाका समसामयिक सवालहरुलाई लिएर हाल जारी राखेको जनआन्दोलनले बौद्धिक स्तर र आम जनस्तर दुबैमा उल्लेखनीय समर्थन पाइरहेको देखिएको छ।

भाद्र २८ गतेको नेपाल बन्दको सन्दर्भसम्म आइपुग्दा यो समर्थन झन् झन् विस्तृत हुँदै गएको पाइएको छ। यसले देखाएको छ- नेपाली जनताहरु मूलतः राष्ट्रियताको सन्दर्भमा निक्कै संवेदनशील रहेका छन्।

मोर्चाले आन्दोलनलाई अरु मूर्त, गहन र विस्तृत पार्नका निम्ति राष्ट्रियताको सन्दर्भमा सहमत सबै वामपन्थीहरुलाई एकै ठाउँमा ल्याउने थप पहलकदमी गर्नु जरुरी छ। ❑

# इराकमाथि अमेरिकी आक्रमण

संयुक्त राज्य अमेरिकाले फेरि इराकमाथि आक्रमण गरेको घटनालाई विश्वभरिका न्यायप्रेमी जनताहरूले अमेरिकाको निर्लज्ज हैकमवादी रबैयाको रूपमा लिएका छन्। मूलतः राष्ट्रपति बिल क्लिन्टनले आफ्नो आन्तरिक राजनीतिमा प्रभाव पार्न र चुनावको मुखैमा अमेरिकामा धुमिल भएको आफ्नो छविलाई "उजेल्याउन" यो जनघाती कदम चालेका हुन्। इराकी हैकमवादको उपचार इराकी जनताले र सद्दामपीडित जनसमूहले आफैं गर्नुपर्ने उनीहरूको आन्तरिक मामिला हो। यसमा अनाधिकार रूपले जबर्जस्ती दादागिरी गर्दै अमेरिकाले फेरि आफ्नो शक्ति प्रदर्शन गर्नु घोर निन्दनीय घटना हो।

नेपालका वामपन्थी पार्टीहरू, मानव अधिकारवादी संगठनहरू र साम्राज्यवादविरोधी राष्ट्रिय मंच, नेपालले उक्त घटनाको निन्दा र भर्त्सना गरेका छन्। ❑

# अब बेलायती जनता राजतन्त्र खत्तम पार्ने पक्षमा

बीबि.सी. टेलिभिजनले यही भाद्र १३ गते गरेको जनमत सर्वेक्षण मुताबिक बेलायतका अधिकांश जनता त्यहाँको भ्रष्ट र चरित्रहीन राजतन्त्रबाट अघाएका छन्। उनीहरू एलिजाबेथ द्वितीयाको मृत्युपछि राजतन्त्र नै खारेज हुनु पर्छ भन्ने धारणा राख्छन्।

"के महारानी एलिजाबेथ नै हाम्री अन्तिम साम्राज्ञी हुनु पर्छ?" भन्ने प्रश्न बि.बि.सी. टेलिभिजनले बेलायती जनतासमक्ष राखेकोमा ५२ प्रतिशतले त्यो प्रश्नको सकारात्मक जवाफ दिएका थिए। ४८ प्रतिशतले मात्र यसको नकारात्मक जवाफ दिएका छन्।

स्मरणीय छ, यो जनमत सर्वेक्षण युवराज चार्ल्सले युवराज्ञी डायनासित औपचारिक सम्बन्ध विच्छेद गरेको भोलिपल्टै सम्पन्न गरिएको थियो।

समसामयिक मामिला सम्बन्धी "तपाई निर्णय गर्नुहोस्' नामक कार्यक्रममा ४० हजार जनाभन्दा बढी दर्शकहरूलाई एउटै प्रश्न सोधेर यो जनमत संग्रह गरिएको थियो।

यो जनमत संग्रहले के देखाएको छ भने, बहुसंख्यक बेलायती जनताको मनमा राजतन्त्रको छवि नराम्ररी बिग्रिएको छ। अति महँगो मोलमा नैतिक चरित्रका हिसाबले सारै भ्रष्ट राजतन्त्रलाई आफूले कर तिरेर किन पालिराख्ने? यो भावना आम बेलायतीहरूमा सवार भएको छ, खास गरी युवराज चार्ल्स र राजकुमार एण्ड्र्यूका यौन उच्छृंखलताले भरिपूर्ण काम कारवाहीहरूबाट। त्यसैले बेलायतीहरू युवराज चार्ल्सलाई राजाको रूपमा देख्न चाहन्नन्।

❑

# विहारमा नृसंश हत्या काण्ड

## बथानी टोला हत्याकाण्ड

भारतको विहार राज्यको भोजपुर जिल्लाको सदरमुकाम अराहभन्दा ५५ कि.मि. टाढा रहेको एक गाउँ बकरी खारौनको बथानी टोलामा गत असार २७ गते भएको भीषण नरसंहारपछि अझैं त्यहाँ तनाव व्याप्त रहेको समाचार पाइएको छ। यस आम नरसंहारका विरुद्ध विभिन्न स्तरमा विरोध अभियान अझै जारी रहेको छ।

सो आम नरसंहार काण्डमा दश जना महिलाहरु, एक पुरुष र ९ जना बच्चाहरु घटनास्थलमै मारिएका थिए। ती सबै दलित जातिका व्यक्तिहरु र गरीब मुस्लिमहरु थिए। उनीहरु क. विनोद मिश्रको नेतृत्वमा रहेको पार्टी भा.क.पा. मा.ले. समर्थक थिए।

स्थानीय सामन्तहरुद्वारा निर्मित सशस्त्र दल "रणवीर सेना"ले सो आक्रमण गरेको थियो। यो प्रतिक्रियावादी सेना भा.ज.पा. को समर्थन र सहयोगमा अस्तित्वमा रहेको बुझिएको छ।

करीब एक हप्ताअघि भा.क.पा. (मा.ले.) का एक स्थानीय नेता सुल्तान मियाँको हत्यापछि भएको यो आम हत्याकाण्डमा सो "रणवीर सेना"का करीब १५० जना लठैतहरु सामेल थिए। उनीहरुले हातमा भाला, हसियाँ, तरवार र बन्दूक बोकेका थिए। उनीहरुले बथानी टोलालाई चौतिरबाट घेर्दै गई त्यहाँ झुपडीहरुमा रहेका भाग्न नसकेका महिला र बच्चाहरुलाई वरिपरिबाट आगो लगाइदिएका थिए। आगो सहन नसकेर बाहिर निस्केजति सबैलाई उनीरुले जंगली पाराले क्रूरतापूर्वक मारेका थिए। नौ महिनाकी वच्चीलाई समेत टाउकोमा तरबार हानी उनीहरुले मारेका थिए। सानो बच्चासहित एउटा कुनामा लुकिरहेकी एउटी महिलालाई बच्चा रोएको आवाजका कारण फेला पारेर ती प्रतिक्रियावादी "राक्षसहरु"ले तरवारले काटी मारेका थिए। यस्तो जघन्य अपराध हुँदा पनि गाउँ नजिकै रहेको प्रहरीले भने पत्तै नपाएझैं गरेको थियो।

यस हत्याकाण्डका विरुद्ध भा.क.पा. (मा.ले.) र यसका जनवर्गीय संगठनहरु लगायत अन्य न्यायप्रेमी जन-तब्काहरुले पनि व्यापक विरोध कार्यक्रम गरेका थिए। विरोधको क्रम अझै जारी रहेको छ। ❑

१ पेजको बाँकी



सीमाङ्कनको विरोध गरेको छ । र, जंगे पिलर कायम होस् र न्यायोचित ढंगले सीमा विवाद समाधान होस् भनी माग गरेको छ। यसले श्वेत पत्र जारी गरेको कुरा माथि नै उल्लेख भइसकेको छ।

साउन २० गतेपछि झापाली जनताको विरोध केन्द्रीय सरकारसंग हुन गएको छ। नगरपालिकाले साउन २१ गते परराष्ट्रमन्त्रीको नेतृत्वमा सर्वदलीय टोली अतिक्रमित क्षेत्रमा निरीक्षण गर्न जाँदा हातमा कालो पट्टि बाँधी विरोध जनाएको थियो । सरकारले नयाँ सीमाङ्कनबारे पुनर्विचार गर्ने बचन दिएकोले नगरपालिकाले आफ्नो संघर्षलाई स्थगित गरेको छ। कार्यबाहक नगरप्रमुख भारतेन्दु मल्लिकले भनेका छन्- *"सरकारले राष्ट्रको पक्षमा निर्णय नगरे हामी तुरुन्तै संघर्ष गर्न थाल्नेछौं ।"*

यही साउन ३० गते नगरपालिकाको बोर्डको बैठक बसी, कार्यबाहक नगरप्रमुखको संयोजकत्वमा ७ सदस्यीय 'सीमा सचेतन कार्यदल' बनाइएको छ। यसलाई स्थानीय जनताहरू संघर्ष समितिको रूपमा अर्थ्याउँछन्। झापामा सीमा अतिक्रमणको विरोधमा 'मेची-महाकाली बचाऊ समिति' पनि बनेको छ। विभिन्न पार्टीका युवा प्रतिनिधिहरू रहेको यो समितिले मेचीको अतिक्रमणसँग गाँस्दै महाकाली सन्धि पनि संसदबाट पास नगर्न पार्टीहरूलाई आह्वान गरेको छ र जनतालाई सचेत पारेको छ।

नेकपा (एमाले) को गढ मानिएको झापामा एमालेका कार्यकर्ताहरू सीमा अतिक्रमणको विरूद्धमा निकै क्रियाशील देखिन्छन्। तर एमालेका केही प्रमुख नेताहरूको सीमा विवादसम्बन्धी अन्तर्वार्ता पढेर एमाले बुद्धिजीवी तथा स्थानीय कार्यकर्ताहरू निकै निराश भएका देखिन्छन्। उनीहरूको आक्रोश जनताको कुरा नै नसुनी र यथार्थ नै नबुझी नेताहरूले जथाभावी प्रतिक्रिया दिएकोमा रहेको देखिन्छ। अहिले उनीहरूको आशाको केन्द्र केन्द्रीय नेताहरूभन्दा बेसी सांसद पुष्प पोखरेल भइरहेको अनुभूति झापा जाने जोसुकैले पनि गर्न सक्छ।

## अन्त्यमा,

झापामा नेपाली भूमि अतिक्रमित भएको छ। यही कारणले पूरै झापा अहिले आन्दोलित छ र आन्दोलनको ज्वारभाटा राष्ट्रभरि फिँजिदैछ। सरकारले मेचीमा हाल देखा परेको समस्या हल गर्ने हो भने, वर्तमान सीमाङ्कन गर्ने कार्यलाई सर्वप्रथम रद्द गर्नु पर्छ। जहाँ-जहाँ अहिले नै स्थिर सीमा स्तम्भहरू छन्, त्यहाँ सीमालाई व्यवस्थित र अध्यावधिक मात्र पारे पुग्छ, त्यो पनि बिग्रे-भत्केको ठाउँमा विशेष गरेर। जहाँ पुराना स्तम्भहरू भत्किएका छन्, भत्काइएका छन वा सीमाना अतिक्रमित भएको छ- ती ठाउँमा सुगौली सन्धिदेखि अहिलेसम्मका ऐतिहासिक प्रमाण र स्थानीय जनताको अनुभव र कथ्यको आधारमा भारतसित वार्ता गरी व्यवस्थित रूपमा स्थिर सीमा निर्धारित गर्नु पर्छ। यस्तो समस्या खाली झापामा मात्रै छैन, दार्चुला, बर्दिया, नवलपरासी, चितवन, पर्सा सुनसरी र सप्तरीमा पनि देखिएको छ। यी सबै ठाउँमा स्थिर सीमा निर्धारण गर्नु पर्छ।

सीमा सम्बन्धी ऐतिहासिक दस्तावेजहरू सरकारले गोप्य राख्नाले र त्यसमा सर्वसाधारण जनताको पहुँच नहुनाले नै अनेकौं किसिमको शंका-उपशंकाहरू र अन्यौलहरू पैदा भएका छन्। त्यसैले, त्यस्ता सबै प्रमाण र दस्तावेजहरू पारदर्शी पारिनु पर्छ। आम जनताको त्यस्ता दस्तावेजहरूसम्मको पहुँचलाई सरल र सम्भव पारिनु पर्छ। यस्तो भयो भने, थुप्रै भ्रमहरू बेलैमा साफ हुन सम्भव छ।

नेपालको सीमाको सुरक्षा गर्न परराष्ट्र मंत्रालयको मातहतमा विशेष सीमा सुरक्षा दल गठन गर्नु जरूरी भएको छ।

सीमा निर्धारण गर्ने कार्यलाई प्रशासनिक ढंगले हल गर्ने कार्यपद्धति गलत छ। सी.डि.ओ.लाई सीमा निर्धारण गर्ने अधिकार दिनु बिलकुलै गलत कुरा हो। सीमा सम्बन्धी समस्या समाधान र यससम्बन्धी महत्वपूर्ण नीति-निर्णय सर्वदलीय सहमति र सर्वमान्य विज्ञहरूको सहभागितामा मात्र गरिनु पर्छ। सीमा निर्धारण सम्बन्धी निर्णय-प्रक्रियामा स्थानीय जनताको सहभागितालाई अनिवार्य गराइनु पर्छ। अहिलेको सीमा विवाद हल गर्नको लागि नेपालमा क्रियाशील सबै राजनीतिक दलका प्रतिनिधिहरू भएको साथै भूगोलविद, नापीविद् र इतिहासविद्समेत समावेश भएको एउटा सर्वदलीय तथा विज्ञहरूको आयोग गठन गरिनु पर्छ।

यी सबै कुरा मेचीको अहिलेको सीमा विवाद हल गर्नमा लागू गर्न थाल्नु पर्छ।

सरकारले यस्तो प्रक्रिया नअपनाएसम्म सम्पूर्ण देशभक्त नेपालीहरूले आफ्नो संघर्षलाई तेज, सशक्त र व्यापक पार्दै लैजानु पर्छ। ❑

## पैत्रिक सम्पत्तिमा महिला हकबारेको विधेयक खै ?

**सर्वोच्च अदालतको परमादेश अनुसार, सरकारले महिलाहरुलाई पैत्रिक सम्पत्तिमा पुरुषसरह समान अधिकार दिने सम्बन्धी विधेयक तयार गर्न लगाइसकेको छ । महिला तथा समाज कल्याण मन्त्रालयले यसलाई संसदमा पेश गर्ने प्रकृया अन्तर्गत कानून मन्त्रालयमा पठाएको छ । तर कानून मन्त्रालयबाट त्यो फिर्ता भइसक्नु पर्नेमा अझै फिर्ता गरिएको छैन ।**

**यसरी चालु संसद अधिवेशनमा यो विधेयक पेश नगर्ने षड्यन्त्रमा सरकार लागेको पाइएको छ ।**

**यसैबीच, नेपाली कांग्रेस पार्टीले शैलजा आचार्य, मीना पाण्डे र मुकुन्द रेग्मी समेतलाई राखी बनाएको एक समितिले पैत्रिक सम्पत्तिमा महिला अधिकारबारे आफ्नो प्रतिवेदन पेश गरेको छ । यस प्रतिवेदनले नेपाली कांग्रेस वास्तविक अर्थमा छोरीलाई छोरासरह सम्पत्तिमा अधिकार दिने पक्षमा नरहेको देखिएको छ ।**

**छोरीको विवाह नभई अंशवण्डा भएमा छोरीले पनि अंश पाउने, तर विवाह भइसकेपछि सो अंश छोड्नु पर्ने र त्यसपछि पतिको सम्पत्तिमा मात्र नारीको हक लाग्नु पर्ने प्रावधानको सुझाव त्यस प्रतिवेदनले गरेको छ । यो प्रावधान मूलतः यथास्थितिवादी प्रावधान नै हो ।**

**यसैबीच, नेकपा एमाले र नेकपा एकता केन्द्र नजिकका महिला नेतृहरु अष्टलक्ष्मी शाक्य र शशी श्रेष्ठसंग हामीले कुराकानी गर्दा उहाँहरु यस अधिवेशनमा सरकारले यो विधेयक प्रस्तुत नै नगर्ने, गरे पनि छलफल गर्ने अवसर नदिनेगरी संसद अधिवेशनको अन्तमा पेश गर्ने सम्भावना ज्यादा भएको मान्नु हुन्छ । एक भेटमा डा. शान्ता थपलिया भन्नुहुन्छ- "पेश नै गरिए पनि नेका, राप्रपा, सद्भावना र नेमकिपाको रवैयाका कारण हामीले सोचेजस्तो विधेयक चाहिं पास होला जस्तो मलाई लाग्दैन । तर पनि हामीले हाम्रो संघर्षलाई छोड्नु हुँदैन, छोड्ने छैनौं ।" ❑**


वडा दशैं - २०५३ को शुभकामना

कृषि विकास बैंक

(किसान, व्यापारी, उद्यमीहरु र सबैको !)

हामी ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैंकिङ्ग सुविधाहरू समेत प्रदान गर्दछौं । हाम्रो मुख्य ऋण लगानी कार्यक्रमहरू निम्न अनुसार छन्:-

✪ कृषि उत्पादन ✪ कृषि सामाग्री ✪ सिंचाई
✪ फलफूल खेती ✪ चिया/कफी ✪ घरेलु तथा साना उद्योग
✪ उपयुक्त प्रविधि आदि

हाम्रा प्रमुख प्राथमिकताका क्षेत्रहरू विशेष गरी कृषि विकाससंग सम्बन्धित छन्। यसको लागि हामी सुलभ ब्याजदरमा ऋणहरू उपलब्ध गराउँछौं । सरकारका कतिपय कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ। बदलिंदो प्रतिस्पर्धात्मक बैंकिङ्ग वातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस्।

फोन नं. : २११७४४
२११८०२-८०६
टेलेक्स : २२६७
तार : कृषि बैंक,
फ्याक्स : ९७७-१-२२५३२९

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं



ग्राहक वर्गमा खुशीको खबर

एक्रेलिक ब्ल्याङ्केट ! चाइनाबाट आयात गरिएको विभिन्न मोडेलमा नेशनल टेड्डिङ्ग लिमिटेड विक्री कक्षमा धमाधम विक्री भईरहेछ ।



यसका विशेषताहरु
साइजः १८० x २३० c.m.
तौलः ४ के.जी.
मूल्यः ३३२५।- प्रति पिस

"जाडो र गर्मी दुवै सिजनकोलागि उपयुक्त"

घरायसीदेखि लिएर होटल, लज, होस्टेल र हस्पिटलका लागि बजारमा पाइनेभन्दा पूरा तौल भएको उच्चकोटी एक्रेलिक ब्ल्याङ्केट खरिद गरौं । नक्कली देखि सावधान !

नेशनल ट्रेडिङ्ग लिमिटेड
विक्री प्रवर्द्धन विभाग, टेकु

## गतांक समग्रमा

सधैं जस्तै मूल्याङ्कनको ४० औं अङ्क समयमा नै हात लाग्यो । प्रस्तुत गरिएका समसामयिक लेख/विचारका लागि 'मूल्यांकन' धन्यवादको पात्र भएको छ । त्यसमा पनि आवरण लेखकै रूपमा प्रस्तुत गरिएको 'नेपालमा साम्राज्यवाद कसरी पसेको छ ?' भन्ने लेख अति नै सान्दर्भिक र सुरुचिपूर्ण पाएँ । वास्तवमा प्रा. माणिकलाल र डा. चैतन्यज्यूहरूले भन्नु भए झैं क्रमशः सामाज्यवादी जालोले हाम्रो संस्कृति, मूल्य, मान्यता, आर्थिक पक्ष लगायतका हामी नेपालीका अन्य विविध मौलिक पक्ष समेत ढाक्न थालेको छ । यसको प्रतिकारका लागि गठन भएको साम्राज्यवाद विरोधी राष्ट्रिय मञ्च ले सबैको सहयोग लिई ठोस कार्य गर्न सकोस् ।

'क. हो चि मिन्हको बाटोमा भियनाम हिंडिरहेको छ' भन्दै त्यहाँको आर्थिक, राजनैतिक, महिलाहरूको स्थिति आदिका बारेमा प्रष्ट पार्नु हुने भियतनामी राजदूत डा. न्गुयेन चि. भुको अन्तर्वार्ता समसामयिक छ ।

क. चे ग्वेभारा, माइला बाजे र जोन रिडका जीवनीले वास्तवमा एउटा सच्चा कम्युनिष्ट कस्तो हुनु पर्दोरहेछ भन्ने कुरालाई प्रष्ट पारेको छ, जुन नेपालका कम्युनिष्टहरूले पनि सिकून् । प्रस्तुतिका लागि क्रमशः निनु चापागाई, मोहन पी. दाहाल र जगव चौहानलाई साधुवाद ! र, अन्य लेख, कथा पनि पठनीय र उत्कृष्ट छन् । यस्तै सामग्रीको अपेक्षा आगामी अंकहरूमा पनि गर्दछु ।

**-अनुभक्त जंगली**, बयरबन-७, मोरङ्ग

## शुद्धाशुद्धि

'मूल्याङ्कन' मासिक जो कोहीलाई पनि बौद्धिक एवं राजनैतिक खुराक प्रदान गर्ने बजारको सबैभन्दा उत्कृष्ट पत्रिका हो । यसको ४० औं अंकसम्मको नियमित अध्ययनबाट म यो कुरा किटान गरेर भन्न सक्छु । तर ४० औं अंकमा शुद्धाशुद्धि सम्बन्धी केही त्रुटी फेला पर्दा यसको स्तरीयतामा नै धक्का पुगेको महसुस भयो । तर यस अंकको आवरण लेख भने बहुतै महत्वपूर्ण र सान्दर्भिक लाग्यो ।

**-प्रतीक डेसुर**, बुंगमती-९, फर्सिडोल

## सम्पूर्ण अंकहरु पढ्दै आइरहेछु

विचार अन्तर्क्रियामुखी मासिक पत्रिका 'मूल्याङ्कन' का सम्पूर्ण अंकहरू क्रमशः पढ्दै आइरहेको छु । ३९ औं अंक पनि पढ्ने सुअवसर पाएँ । काली गण्डकी 'ए' को अन्तर्क्रिया रिपोर्टबाट नेपाल विद्युत प्राधिकरणको वर्तमान अवस्था हामी जस्ता टाढाका पाठकहरूले पनि थाहा पाउने मौका पायौं, यसको लागि अतिशय धन्यवाद 'मूल्याङ्कन'लाई । त्यस्तै 'के पोलपोट साँच्चै नै मरिसके ?' र माइला बाजे जस्ता लेख अनि 'विडम्बना' कथा सर्वाधिक उत्कृष्ट लागे । विज्ञान/प्रविधि अन्तर्गत अब मान्छेको आयु पनि बढाउन सकिने कुरा सुन्दा हर्षको सीमा नै रहेन ।

**-भीष्म थापा "विक्षुब्ध"**, पथरैया-९, अमरावती, कैलाली

## साउन अंकका सम्बन्धमा

'मूल्याङ्कन'ले स्तरीय लेखहरू प्रकाशित गरिरहोस् । नेपालमा पनि साम्राज्यवाद विरोधी राष्ट्रिय मंच गठन भएकोमा खुशी लाग्यो । भियतनामको वर्तमान स्थितिको जानकारी पाइयो । जोन रिड र माइला बाजे सम्बन्धी लेख संग्रहणीय छन् । विजय सुब्बाका कविता निकै राम्रा लागे ।

**-नवीन 'पाखेली'**, गोदावरी विद्या मन्दिर, बेलवारी-३, मोरङ्ग, कोशी

## ३८ अंक

पूर्णाङ्क ३८ समयमै हात पऱ्यो । नेपालका वामपन्थी पार्टीहरू कति समान् छन्, कति भिन्न छन् ? यस सन्दर्भमा नौ वटै वामपार्टीहरूको घोषित नीति तथा कार्यक्रमहरूको तुलनात्मक अध्ययनको सामग्री सान्दर्भिक लाग्यो । एकीकृत वाम आन्दोलनको दिशामा मूल्याङ्कनको यो प्रयास सार्थक छ । इटालीमा वाम सरकार र त्यसका नीति तथा कार्यक्रमबारे मूल्याङ्कनको समीक्षाले कम्युनिष्ट आन्दोलन संसदीय फाँटबाट अगाडि बढेको प्रष्ट्याउँछ । विश्व क्रान्तिका अथक योद्धा क. चेको धारावाहिक जीवन-कथा साँचो अर्थमा प्रेरणादायी छ । "We will be like che" को उद्घोष प्रत्येक मुक्तिकामी जताका लागि प्रेरणाको स्रोत साबित भएको छ । भविष्यमा यस्ता अन्य सामग्रीहरू पढ्न पाइयोस् ।

चन्द्रदेव नेपालीको नीति/संस्कृति अन्तर्गतका सदाबहार अभिव्यक्तिले मूल्याङ्कनको स्तरीयतालाई झनै बढाएको छ ।

**-टी चन्द**, प्रतापपुर-६, कैलाली

## माइला बाजे

"झुक्दै नझुक्ने पहाडका छोरो" माइला बाजेको जीवनी हामी समाजवादी चिन्तन बोकेकाहरूका लागि ठूलो प्रेरणाको स्रोत बनेको छ । आगामी अंकहरूमा पनि यस्ता प्रेरणादायी र संघर्षशील व्यक्तित्वको जीवनी दिने काम जारी राखियोस् । यसले निश्चय नै सकारात्मक परिणति दिने छ । साथै, विगत अंकहरूमा झै यस अंकमा पनि चन्द्रदेव नेपालीको 'बरू शत्रु उभो लागोस्, मित्र अगाडिन बढोस्' ज्यादै समसामयिक र सान्दर्भिक लेख छ । यसका लागि चन्द्रदेव नेपाली हार्दिक धन्यवादका पात्र हुनुहुन्छ ।

**-गोपीकृष्ण भण्डारी**, कुरूले तेनुपा-८, धनकुटा

## थप विषयहरु

प्रतिक्रियावादीहरूको नग्न चरित्रलाई दर्शाउनमा मूल्याङ्कन सफल छ । विगतमा जस्तै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबारे मूल्याङ्कनले आगामी दिनमा पनि खुराक प्रदान गरोस् ।

विशेषतः कम्बोडियाली खमेररूज कम्युनिष्ट पार्टीको इतिहास, सोभियत संघको आडमा भियतनामी क. पार्टीले कम्बोडियोमा गरेको सैनिक हस्तक्षेप तथा सोभियत ध्रुव र चिनियाँ ध्रुवबीचका विवादका प्रमुख विषयहरूका बारेमा सामग्री प्रकाशित गर्न हार्दिक अनुरोध छ । यस अतिरिक्त क्रान्तिकारी जोन रिडद्वारा लिखित 'विश्व हल्लाइएका ती दश दिन' पुस्तकका सामग्रीको बारे विस्तृत रूपमा जानकारी दिई महान अक्टोबर क्रान्तिबारे थप जानकारी मूल्याङ्कनमार्फत् पाउन सके आभारी हुने थिएँ ।

**-नवीन चन्द्र 'विप्लव'**, इन्द्रपुर-४, हरैंचामोड (मोरङ)

## सिक्ने भए कुरा थुप्रै छन्

'मूल्यांकन'को ४० अंक सधैं झैं अध्ययन गर्न पाइयो । नेपालमा साम्राज्यवाद विरोधी राष्ट्रिय मञ्च निर्माण भएकोमा साह्रै खुसी लाग्यो । यस मञ्चले साम्राज्यवाद भनेको के हो ?, यसले सारा विश्वका साना र अविकसित देश र जनतालाई कसरी सताइरहेको छ ? र यसलाई कसरी परास्त गर्न सकिन्छ ? भन्ने कुरा 'मूल्यांकन' पुग्न नसक्ने कुनाकाप्चामा पुगेर सारा जनतालाई बुझाउन अञ्चल र जिल्ला स्तरमा पनि शाखा गठन गर्न पहल गरोस् । साम्राज्यवादका सबै पक्षबारे पाठकहरूलाई गराइएको जानाकारी अति नै सामयिक छ । क. चे.बाट के सिक्ने के नसिक्ने भन्नेबारे निनु चापागाईको मूल्यांकन गहन र द्वन्द्वात्मक छ । नेपाली कम्युनिष्ट नेता तथा कार्यकर्ताहरूले यदि सिक्ने हो भने क. चेको जीवनी, चन्द्रदेव नेपालीको लेख, जोन रीडको जीवनी र माइला बाजेको जीवनीमा प्रशस्त सामग्री छन् ।

**-एन. आई. देउराली पौडेल**, पदमपुर- १, सोहपुर, चितवन, हाल मद्रास

## चेबारेको समालोचना

मूल्यांकनको ४० औं अंक पनि ज्यादै सान्दर्भिक लाग्यो । त्यसमा पनि साम्राज्यवादको विरूद्ध राष्ट्रिय मञ्च निर्माण भएको थाहा पाउँदा ज्यादै खुसी लाग्यो । माइला बाजे, जोन रडिको जीवनी अत्यन्त प्रेरणादायी छन् । चन्द्रदेव नेपालको गुट संकीर्णताको बारेमा लेखिएको लेख नेता भनाउँदाहरूको लागि बलियो झापड हो । आगामी अंकहरूमा क. होचिमिन्हको जीवनीलाई चेको झैं क्रमशः दिनु भएमा राम्रो हुनेथियो ।

अन्त्यमा, निनु चापागाईको चे सम्बन्धी समालोचना महत्वपूर्ण छ । तर हाल मुक्ति प्रयासको लागि हतियार उठाइसकेका मुक्ति योद्धाहरूको निर्णयलाई के विसर्जन गर्ने या सुधार गर्दै अगाडि बढ्ने ? यस बारेमा बामपन्थीहरूले के सोचेका छन् ? आगामी अंकहरूमा पनि विश्लेषणात्मक वैचारिक लेखहरूको अपेक्षा गर्दछु । **-रमेश गाउँले**, धरान- ८

## जीवनीहरु

गतांकहरूमा 'मूल्यांकन'मा क्रान्तिकारी योद्धा क. चेको जीवनी प्रकाशनले नेपाली क्रान्तिकारी कम्युनिष्टहरूलाई छुट्टै जोश, जागर एवं प्रेरणा दिएको छ र यो औंधी रोचक पनि छ । फेरि पनि यस पत्रिकाले विश्वका प्रसिद्ध क्रान्तिकारी योद्धाहरूको जीवनी खोजी खोजी नियमित प्रकाशन गरोस् ।

**-पद्म चौलागाई**, सिन्धुपाल्चोक

## जोन रिडको जन्म मिति

मूल्यांकनको पूर्णाङ्क ४० साउनमा जोन रिडको संघर्षमय जीवनीबारे जान्न पाउँदा खुसी लाग्यो । तर उहाँको जन्ममिति नमिलेको वा मृत्यु मिति नमिलेको हो ? अलिक अन्यौल भएकोले पत्र लेखेको छु ।

**-बालानन्द भण्डारी**, भरतपुर, चितवन

*(न्यूयोर्कबाट प्रकाशित The Education of Jhon Reed का अनुसार जोन रिडको जन्ममिति अक्टोबर २०, १८८७ हो । प्रुफ गल्ती औंल्याई सच्याउन सम्झाउनु भएकोमा धन्यवाद । -मूल्यांकन)*

## समशूल इस्लामको भनाइ

भारतका प्रसिद्ध जन-कलाकार समशूल इस्लामले 'यो समय जन-कलाकारहरूले भाग्ने हैन, डट्ने समय हो' भनी बताउनु भएको कुराकानी ४० औं अंकमा पढ्ने मौका मिलेकोमा खुसी छु । उहाँका कुराहरू एकदमै सोचनीय छन् । आगामी दिनहरूमा नेपालका जन-कलाकारहरू राजन राई, जे.बी. टुहुरेहरूका बारेमा पनि पढ्न पाइयोस् ।

**-देवेन्द्र महत 'विवश'**, मोरङ्ग, जाँते- ९

## भारतका नेपालीबारे

मूल्यांकनले भारतमा रहेर काम गरिरहेका नेपालीहरूको समस्या र स्थितिबारे पनि सामग्रीहरू प्रकाशित गरोस् ।

**-ओमकान्त शर्मा**, छिस्ती- ३, बाग्लुङ्ग, हाल: कोचिन, केरला, भारत

## ब्रसेल्समा चीन खै ?

ब्रसेल्सको सेमिनारमा त्यत्ति धेरै कम्युनिष्ट पार्टीहरूले भाग लिएकोमा चिनियाँ कम्युनिष्ट पार्टीले किन भाग नलिएको होला ? नबोलाइएको हो कि, नआएको हो ? चीनले यस्तोमा भाग लिनु पर्थ्यो, उसलाई बोलाइनु पर्थ्यो ।

**-दुर्गा खतिवडा**, छथर, फाक्चामारा-५, डोबाटे, तेह्रथुम, हाल: सुनसरी- ४, इनरूवा

**सच्याइएको: यस अंकमा नीति/संस्कृति स्तम्भको शीर्षकमा 'न्हास' शब्द 'हास' भई छापिन गएकोले सच्याई पढ्न हुन अनुरोध छ । -मूल्यांकन**

# Grindlays

ANZ Australia | ANZ Bahamas | ANZ Bahrain | ANZ Bangladesh | ANZ Brazil

ANZ Chile | ANZ China | ANZ Cook Islands | ANZ Fiji | ANZ France

ANZ Germany | ANZ Greece | ANZ Guernsey | ANZ Hong Kong | ANZ India

ANZ Indonesia | ANZ Iran | ANZ Japan | ANZ Jersey | ANZ Jordan

ANZ Korea | ANZ Malaysia | ANZ Nepal | ANZ New Zealand | ANZ Oman

ANZ Pakistan | ANZ PNG | ANZ Phillipines | ANZ Qatar | ANZ Singapore

ANZ Solomon Islands | ANZ Sri Lanka | ANZ Switzerland | ANZ Tonga | ANZ Taiwan

ANZ Thailand | ANZ UAE | ANZ UK | ANZ USA | ANZ Vanuatu

ANZ Vietnam | ANZ Western Samoa


There's a bank that stands out in Nepal.
That bank is Nepal Grindlays Bank Limited offering a complete range of financial services.
In fact, whatever your International banking requirements, talk to Nepal Grindlays Bank Limited.
We have one of the largest International banking networks.
Providing the financial opportunities to give you the leading edge.

**Nepal Grindlays Bank Limited**
नेपाल ग्रिण्डलेज बैंक लिमिटेड
MEMBER ANZ GROUP

NAYA BANESHWORE, TEL: 229-333, TLX: 2531 GRNDLY NP, FAX: 977-1-226-762; KANTIPATH, TEL: 228-474, TLX: 2736 GMNEPL, FAX: 977-1-228-692; THAMEL, EXCHANGE BUREAU, TEL: 415228/236, TLX: 2268 GRCRD; LALITPUR, GPO BOX NO. 3990, TEL: 523266, TLX: 2531 GRNDLY NP; BIRATNAGAR (MORANG), P. O. BOX NO. 201, TEL: 27982, 27983, TLX: 3037 ANZBRT; DUHABI (SUNSARI), P. O. BOX NO. 201, TEL: 40030, TLX: 40177; POKHARA, LAKESIDE, TEL: 20102, TLX: 61-20318; ARGHAUN BAZAR, POKHARA, TEL: 21676, TLX: 005 NGBPOKH NP

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२

MT. EVEREST - ONE OF THE WORLD'S MOST MAGNIFICENT PEAKS.



San Miguel




"ONE OF THE WORLD'S BEST BEERS."

UNDER LICENSE AND SUPERVISION OF SAN MIGUEL BREWING INTERNATIONAL LTD., MEMBER OF SAN MIGUEL BREWING GROUP.
Mt. EVEREST BREWERY PVT. LTD., MARKETING DIVISION TRIPURESWOR, KATHMANDU, PHONE: 240427